# अध्याय : एक

# परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

मानव समाजको उत्पत्तिसँगै समाजको विभिन्न चरणहरू मध्ये आदिम साम्यवादी अर्थात् शिकारी तथा कन्दमूल सङ्कलन गर्ने, पशुपालन गर्ने चरणसम्म अपराधसम्बन्धी कुनै गुन्जायस थिएन भन्ने पुष्टि ऐतिहासिक तथ्याङ्कहरूबाट प्राप्त गर्न सकिन्छ । जब कृषि समाजको सुरुवात भयो उत्पादित समानको रक्षाको लागि विभिन्न मूल्य मान्यताका साथै धर्ममा जोडेर अगाडि बढ्ने समयको विकास भयो । उक्त मान्यताहरूलाई उल्लङ्घन गर्नेलाई अपराध मानिन थाल्यो । अपराध सार्वभौम प्रक्रिया हो । मानवको जन्मसँगै अपराध पनि जोडिएर आउँदछ । जुन प्रकट हुने र नहुने गर्दछ । यो कुनै अत्यन्त नौलो विषय होइन तसर्थ अपराधसम्बन्धी केही विद्वानहरूको परिभाषाबाट अझ स्पष्टसँग बुझ्न सकिन्छ । जसको परिभाषा देहायअनुसार उल्लेख गर्न सकिन्छ :

**लोम्ब्रेभले,** (१८९९) "व्यक्तिको शारीरिक र मनोवैज्ञानिक विषेशताको आधारमा अपराध वर्गीकरण गरे तर उनले सामाजिक संरचनात्मक शक्तिहरूलाई मान्यता दिएनन् ।"

**इमाइल दुर्खिम,** (१९५९) "अपराध सहरीकरणको मात्र नतिजा होइन, बरु केही उद्देश्यहरू प्राप्त गर्ने सन्दर्भमा चिन्ताको कारणले हुन्छ भन्ने कुरा उल्लेख गरेका छन् ।"

**लेडिस,** (१९७१) "अपराध त्यस कार्यलाई भनिन्छ, जुन कार्यलाई राज्यले जनताको कल्याण निम्ति हानिकारक घोषित गरी त्यो कार्य गरेकोमा दण्ड दिने व्यवस्था हुन्छ ।"

**बाकस्टोन,** (१९७३) "सार्वजनिक कानूनले नगर्नु भनेको कार्य गर्नु र गर्नु भनेको कार्य नगर्नुनै अपराध हो ।"

माथिका परिभाषालाई संश्लेषण गरी निष्कर्षमा भन्न सकिन्छ कि अपराध समाजद्वारा बन्देज गरिएका एवं तिरस्कृत गरिएका यस्ता कार्य हुन् जसलाई राज्यले कानूनी माध्यमद्वारा निषेध गरिएको हुन्छ । जसको उल्लङ्घन गरेमा त्यस्ता व्यक्तिहरू सजायको भागीदार बन्नु पर्दछ । अपराधलाई नियन्त्रण गर्नु राज्यको प्रमुख काम हो । आफ्नो राज्यको चारकिल्ला सीमानाभित्र हुने अपराधलाई नियन्त्रण गर्ने र अपराधलाई दण्ड दिने काम समाज विकासकै क्रममा उदय हुन पुगेका राज्यहरूले स्थापना कालदेखि नै गर्दै आएको पाइन्छ । नेपाल पनि यसको अपवाद होइन । नेपालको प्राचीन शासनविधि धर्मद्वारा निर्देशित थियो । त्यसैले प्राचीन कालमा नेपालमा अपराधीलाई दण्ड दिनका लागि धर्मको आड लिइन्थो । समाजलाई धर्मका आधारमा विभिन्न वर्ग र जातहरूमा वर्गीकरण गरिएको थियो । पाप र धर्मका आधारमा अपराधीलाई कठोर शारीरिक दण्ड दिइन्थ्यो भने उच्च जातका मानिसले गरेका सामान्य खालका अपराधहरूमा प्रायश्चित र जरिवाना गर्ने चलन थियो । गम्भीर अपराधमा संलग्न भएका अपराधीलाई दण्ड दिँदा प्राचीन समयमा मृत्युदण्ड दिइन्थो । मृत्युदण्ड दिँदा अपराधीलाई पेटमा सुइरो रोपेर घाँटीमा धारिलो हतियारले रेटेर तथा झुण्ड्याएर मृत्युदण्ड दिइन्थ्यो । मृत्युदण्ड बाहेकको कठोर शारीरिक दण्ड दिन हातका औंला, खुट्टा तथा शरीरका अन्य संवेदनशील अङ्गहरू काट्ने जस्ता डर लाग्दा विधिहरू अपनाइन्थ्यो । ठूला-ठूला पदमा बसेका मानिसले जतिसुकै गम्भीर अपराध गरे पनि तिनीहरूलाई शारीरिक दण्ड दिनुको साटो थुन्ने चलन थियो । तर थुन्ने ठाउँहरू कहाँ र कस्ता अवस्थामा थिए भन्ने कुरा कतै स्पष्ट उल्लेख गरेको पाइँदैन । तैपनि यस्ता मानिसहरूलाई कठोर निगरानी र बन्धनमा राखिन्थ्यो भन्ने कुरा इतिहासमा पाइन्छ (गुरागाईं, वि.सं. २०५४) ।

नेपालमा कारागार कहिलेदेखि बन्न थाले ? कारागारको ऐतिहासिक स्वरूप र संरचना कस्तो थियो ? नेपालमा सबैभन्दा पहिले बनेको कारागार कुन हो ? सबैभन्दा पहिले नेपालको कुन ठाउँमा कारागार बनेको थियो ? कुन राजाको पालामा बनेको हो ? यी यस्ता अनुत्तरित प्रश्नहरू हुन् जसको जवाफ नेपालको इतिहासका पानाहरूमा भेटाउन सकिँदैन । त्यसैले नेपाल राज्यको उत्पत्तिसँगै कारागारहरू पनि बन्न थालेका हुनु पर्दछ भन्ने अनुमान भै इतिहासकारहरूले चित्त बुझाएका छन् । यी

अनुमान नै भए पनि नेपालमा कारागारको ऐतिहासिक पृष्ठभूमि हेर्दा न्याय सम्पादन हिन्दू धर्मशास्त्रमा आधारित नारदस्मृति, मनुस्मृति र कौटिल्यको अर्थशास्त्रबाट गरेको पाइन्छ । काठमाडौँको जीर्ण र भग्न अवस्थामा रहेको केन्द्रीय कारागारलाई नै नेपालको पहिलो कारागार भन्ने गरिएको छ तर यसै कारागारलाई नेपालको पहिलो कारागार भनेर मान्नका लागि प्राप्त आधारहरू छैनन् । वि.सं.१९५१ सालमा बनेको यो कारागार नै पहिलो कारागार भनिन्छ तर त्यसभन्दा अगाडि पनि मानिसलाई थुनिएको तथ्य भेटिन्छ । वि.सं. १९१० सालमा श्री ५ सुरेन्द्रका पालामा मुलुकी ऐन तर्जुमा हुँदा तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाले जेलका पनि स्थिति बाँधेका थिए । नेपालका प्रथम प्रधानमन्त्री भीमसेन थापालाई लगनटोलको एउटा पार्टीमा पाले पहरा सहित थुनिएको थियो । जङ्गबहादुर राणाले आफ्नो भाइलाई थुन्नाका लागि भारतको बेतियामा जेलमा पठाएका थिए । आदिकवि भानुभक्त आचार्यलाई वसन्तपुरको कुमारी चोकमा थुनिएको थियो ।

२००७ सालमा राणाशासनको पतनपछि कारागार निर्माण प्रक्रिया लगभग ठप्पै रोकिएको जस्तो थियो । त्यसपछि २०२१ सालदेखि फेरि कारागार बन्न थाले । २०२५/२०२६ सालतिर अर्थात् पञ्चायती शासनकालमा पुनः कारागार बन्न थालेका हुन् । पञ्यायत व्यवस्थाको अन्त्य २०४६ सालमा भइ प्रजातन्त्रको पुनर्स्थापना भएपछि सर्वप्रथम बद्रीराम भण्डारीको अध्यक्षतामा कारागार सुधार समिति (२०४७) गठन गरिएको थियो । यसले 'अनुशासन र दण्ड' नामक एक प्रतिवेदन तयार पारी २०४७ साल माघ १९ गते गृहमन्त्रालयमा बुझायो जसले कारागारलाई व्यवस्थित पार्नका लागि महत्त्वपूर्ण र खर्चालु सुझाव प्रस्तुत गरेको थियो (भण्डारी २०४७) ।

प्रजातन्त्रको पुनर्स्थापनापछि बनेको संविधान २०४७ लागु भएपछि कारागारका ढोकाहरूसम्म पुग्न मानवअधिकारवादी अभियानकर्तालाई सजिलो भयो । कारागारको वास्तविक चित्रण गरी त्यहाँ देखिएको चिन्ताजनक अवस्थाप्रति नीति-निर्माता, योजनाविद् तथा कानूनीविद्हरूको ध्यानाकर्षण गराउने उद्देश्यले थुप्रै छलफल, प्रचारप्रसार, समाचारमा लेख छाप्ने महत्त्वपूर्ण सकारात्मक प्रयास भए ।

वि.सं. २००७ सालअघि कारागार मुख्तियार मातहत हुन्थ्यो र २००७ सालपछि कारागारको प्रशासन गृहमन्त्रालय अर्न्तगत रहेको पाइन्छ । नेपालमा सबै जिल्लामा

कारागार छैनन् । नेपालका ७५ जिल्लामध्ये भक्तपुर, बारा, धनुषामा, आजसम्म कारागार बनेका छैनन् । सुनसरी जिल्लामा कारागार बनाइसकेपछि मानिस राख्न उपयुक्त देखिएन र आजसम्म प्रयोग गरिएको छैन । नेपालमा हाल ७१ जिल्लामा ७३ वटा कारागार रहेका छन् । ती ७३ कारागारमध्ये ४१ वटा कारागारहरू २०२९ साल अगाडि र विभिन्न समयमा विभिन्न प्रयोजनका लागि निर्माण भएका छन्, भने ३२ वटा जेलहरू जेलकै प्रयोजनका लागि निर्माण भएका छन (इन्सेक वर्ष पुस्तक २०११) ।

इन्सेकद्वारा २०६७ फागुन ७ गते प्रकाशित प्रतिवेदनकाअनुसार नेपाल अधिराज्यभरिका ७३ वटा कारागारहरूमा अदालत, जिल्ला प्रशासन कार्यालय तथा अन्य न्यायिक निकायबाट कारागारमा पठाएका कैदीहरू र पुर्पक्षका लागि थुनामा राख्न पठाएका थुनुवा समेत गरी २०६७ पुस १६ गतेसम्म जम्मा बन्दीहरूको सङ्ख्या १०८२२ जना रहेका छन् । कारागारले राख्न सक्ने बन्दीहरूको क्षमता भने ७२३३ जना रहेको छ । तसर्थ यो तथ्याङ्कलाई अध्ययन गर्दा क्षमता भन्दा बढी कैदी तथा थुनुवा रहेको पाइन्छ (मानवअधिकार, वर्ष पुस्तक २०११) ।

## १.२. समस्याको कथन

सामान्यतया सार्वजनिक कानूनले नगर्नु भनेको कार्य गर्नु र गर्नु भनेको कार्य नगर्नु नै अपराध हो । अपराधले व्यक्ति र समाजलाई हानी पुऱ्याउँदछ । जसलाई नियन्त्रण गर्नको निम्ति कानूनको व्यवस्था गरिएको हुन्छ । जहाँ नियम कानूनको उल्लङ्घन गर्ने व्यक्तिलाई कानूनले तोकेबमोजिम दण्ड दिने कार्य राज्यको हुन्छ ।

अपराधी प्रवृत्तिहरूलाई नियन्त्रण र निषेध गर्दै व्यक्तिको सकारात्मक रूपान्तरणका निम्ति स्थापना गरिएका कारागारहरू आजसम्म आइपुग्दा पनि वास्तविक आत्मालाई छुनसकेको देखिँदैन । गरीब अस्थिरता र अराजकता आदि विविध कारणबाट विभिन्न अपराधमा संलग्न व्यक्तिहरूको व्यवहार, प्रकृति र क्रियाकलाप बदल्नका निम्ति आवश्यक पर्ने भौतिक तथा सामाजिक, सांस्कृतिक वातावरण जुन ढङ्गले कार्य क्षेत्रमा हुनुपर्ने हो त्यो भएको देखिँदैन । त्यसकारणले गर्दा बन्दीहरूको अवस्थामा सकारात्मक सोच पलाएको देखिँदैन । बस्ने ठाउँको अभावले सुत्न नपाउँदा सम्भव भएसम्म अश्लील फिल्महरू हेरेर, अपराधी अनुभवहरू साटासाट गरेर रात

बिताउनुपर्ने अवस्थाले बन्दीहरूलाई सकारात्मक बाटोतर्फ तानेको देखिँदैन । सीपमूलक तालिमको व्यवस्था छैन । बन्दीहरू उत्पादनमूलक कामको अभावमा आउँदो दिनप्रति निरास हुँदै झन् ठूलो अपराधका निम्ति तानाबाना बुन्नमा लागेका देखिन्छन् ।

कारागारभित्रको प्रशासन सञ्चालन गर्न, शान्ति सुव्यवस्था कायम गर्न, बन्दीहरूलाई अनुशासित, मर्यादित राखी कारागारभित्रको वातावरण शान्त, स्वच्छ, सफा राखी कारागार प्रमुखले प्रत्येक कारागार राम्रो चरित्र भएका व्यक्तिहरूको नाइके, भाइनाइके, चौकीदार आदि नियुक्त गरी कार्य सम्पादन गर्ने व्यवस्था भए पनि त्यही अनुसार व्यवस्थापन गरिएको पाइँदैन ।

प्रस्तुत विषयको अध्ययन हाम्रो देशको परिस्थितिमा जटिल तथा चुनौतीपूर्ण खालको विषयवस्तु भएको छ, किनभने हाम्रो समाजमा कारागार र बन्दी भन्ने बित्तिकै नकारात्मक दृष्टिकोणले हेर्ने गरिन्छ । साथै कारागारलाई नर्कसँग तुलना गरिएको पाइन्छ । यस विषयप्रति सबै क्षेत्रबाट विशेष अभिरूचि नदेखाएको वर्तमान अवस्थामा यस अध्ययन कार्यले बन्दीहरूको अवस्थालाई बाहिर ल्याउने छ । कारागारलाई सुधारगृहको रूपमा अगाडि बढाउनका लागि सहयोग गर्ने छ । कारागारभित्र बन्दी जीवन बिताइरहेका बन्दीहरू विभिन्न अपराधमा संलग्न बन्दीहरू र तिनीहरूको धारणा, अपराध गर्नुको कारण, वर्तमान अवस्थामा तिनीहरूको रूपान्तरण हुने चाहना जस्ता सन्दर्भमा विभिन्न प्रश्न उठ्ने गर्दछन् । यस अर्थमा कारागारहरूमा रहेका बन्दीहरूका उपर्युक्त प्रश्नहरूको उत्तर प्राप्त गर्ने समस्याको मूल मर्म रहेको छ ।

यिनै प्रमुख समस्यालाई ध्यानमा राखी पर्वत जिल्ला कारागारमा रहेका बन्दीहरूको आर्थिक सामाजिक स्थिति, कारागार व्यवस्थापन र बन्दी जीवनका बारेमा अध्ययन गर्नु निकै महत्त्वपूर्ण मानिएको छ ।

## १.३. समस्याको निर्क्यौल

सामान्यतया समाजमा प्रत्येक नागरिकले शान्ति सुव्यवस्था भएको देख्न चाहन्छ । समाजमा शान्ति सुव्यवस्था कायम राख्न राज्यले नियम र कानूनको व्यवस्था निर्माण गरी दण्डको समेत व्यवस्था गरेको हुन्छ । यसरी राज्यले नियम कानून बनाइ दण्डको समेत व्यवस्था गर्दा पनि त्यही समाजका व्यक्ति वा व्यक्तिहरूको समूहले

अपराध गरिरहेका हुन्छन् । दिन प्रतिदिन अपराधको सङ्ख्या वृद्धि भइरहेको छ । त्यो हुनुमा एकातिर व्यक्तिले आफ्नो इच्छा, आकांक्षा पूर्ति गर्न नसक्ने अवस्था छ भने अर्कोतिर अपराधका लागि अशिक्षा, गरीबी, व्यक्तिगत असमानता, सामाजिक विगठन, निरास आदि कारणहरू मुख्य रहेका छन् । त्यसैले गर्दा यहाँ निम्न प्रश्न उब्जिएका छन् ।

क) बन्दीहरूको सामाजिक आर्थिक स्थिति के-कस्तो छ ?

ख) बन्दीहरूले कारागारमा रहँदा के गर्दछन् ?

ग) उनीहरूलाई त्यहाँ कस्तो व्यवहार गरिन्छ ?

घ) कारागारमा उनीहरूले मूल समस्या के भोगेका छन् ?

यी माथिका प्रश्नहरूको निदानका निम्ति यस अध्ययनले बन्दीहरूको आर्थिक सामाजिक स्थिति तथा कारागार व्यवस्थापन र बन्दी जीवनप्रति बन्दीहरूको धारणालाई मुख्य विषयवस्तुका रूपमा लिएको छ ।

## १.४. अध्ययन उद्देश्य

यस अध्ययनको मूल उद्देश्य पर्वत जिल्लाको कारागारमा रहेका बन्दीहरूको आर्थिक, सामाजिक स्थिति, कारागार व्यवस्थापनमा बन्दीहरूको जनजीवन बारेमा विश्लेषण गर्नु हो । तापनि यस अध्ययनको विशिष्ट उद्देश्य निम्न बमोजिम केन्द्रित गरिएको छ ।

क) बन्दीको सामाजिक र आर्थिक अवस्थाको विश्लेषण गर्नु ।

ख) बन्दी जीवन पद्धति र कारागार व्यवस्थापनको अवस्था विश्लेषण गर्नु ।

## १.५. अध्ययनको महत्त्व

नेपालमा कारागार र बन्दीको बारेमा समाजशास्त्रीय दृष्टिकोणबाट अध्ययन ज्यादै न्यून भएका छन् । ती भएका अध्ययनमा पनि खास गरी महिला बन्दीहरूसँग सम्बन्धित मात्र भेटिन्छन् । तर अत्याधिक सङ्ख्यामा रहेका पुरुष बन्दीहरूलाई नसमेटी गरिएको अध्ययनबाट ठोस निष्कर्ष निकाल्न सकिँदैन भन्ने मान्यताका आधारमा दुवै पुरुष र महिला वर्गलाई समेटेर अध्ययन गरी उपयुक्त तथ्याङ्कहरू प्रकाशमा ल्याउन र

पर्वत जिल्ला कारागारमा रहेका सबै बन्दीहरूलाई जनसङ्ख्याको रूपमा लिइ सूक्ष्मस्तरको अध्ययन गरिने हुनाले यस अध्ययनको छुट्टै महत्त्व रहने छ । जसलाई बुँदागत रूपमा तल उल्लेख गरिएको छ ।

क) नेपालको सन्दर्भमा कारागार र बन्दीका बारेमा सूक्ष्म स्तरीय अध्ययनको महत्त्वपूर्ण स्थान रहनेछ, किनभने यस्ता तथ्यहरूले वास्तविक कुरालाई जनसमक्ष ल्याउँदछ ।

ख) यस अध्ययनले कारागारको भौतिक अवस्थादेखि लिएर बन्दीहरूका बारेमा विवरणात्मक अध्ययन गरी सामाजिक, आर्थिक स्थिति, कारागार जीवन पद्धतिप्रति बन्दीहरूको धारणालाई विश्लेषण गरी नतिजामा पुग्ने हुनाले यस विषयप्रति चाख राख्ने हरेक व्यक्ति वा मानवअधिकारवादी संस्थाहरू र नेपाल सरकारलाई समेत सुधारात्मक कार्यहरू थालनी गर्न सहयोग पुग्ने छ ।

ग) यस कारागारको अध्ययनमा कुनै विदेशी तथा स्वदेशी अनुसन्धानकर्ता कसैले चासो नदेखाएको कारणले गर्दा यस अध्ययनको महत्त्व बढी रहेको छ ।

घ) सामान्यतया जेलजीवन, त्यहाँको वस्तु स्थिति बुझ्नु सामान्य मानिसको नजर र बुझाइभन्दा टाढाको विषय हो । त्यसैले यस अध्ययनले उक्त पक्षबारे जानकारी गराइ आम सर्वसाधारण र जेलको सम्बन्ध जोड्न मद्दत पुग्ने छ ।

## १.६. शब्दावलीको परिभाषा

यस अध्ययनको मूख्य उद्देश्य कारागार र बन्दीहरूको अवस्थाका बारेमा अध्ययन गर्नुपर्ने भएकाले अनुसन्धानको प्रयोजनार्थ केही विशिष्ट प्राविधिक कानूनी शब्दहरूको प्रयोग गर्नु पर्ने आवश्यक भएकाले निम्नानुसार व्याख्या गरिएको छ ।

**क)** "कारागार", "झ्यालखाना", "जेल" भन्नाले कैदी वा थुनुवालाई कैद गर्नको निमित्त बनेको वा तोकिएको घर वा कोठा त्यस्तै अरू कुनै ठाउँ र त्यस घर

वा ठाउँले चर्चेको जग्गा समेत, कारागारको काम लिइ राखिएको कुनै घर वा कम्पाउण्ड  वा जमिन समेत बुझाउँदछ । (कारागार ऐन २०१९)

**ख**) "बन्दी" शब्दले थुनुवा वा कैदी दुवैलाई बुझाउँदछ । यसैले कारागार ऐन, २०१९ ले छुट्टाछुट्टै रूपमा परिभाषा गरिएको छ । उक्त ऐनको दफा २ 'ख' मा कैदी भन्नाले कुनै अदालतको फैसला अर्न्तगत सजाय पाइ कारागारमा रहेको ब्यक्तिलाई जनाउँदछ भने सोही ऐनको दफा २ 'ग' मा थुनुवा भन्नाले अपराधको तहकिकात, जाँचबुझ वा पुर्पक्षको लागि अदालत, प्रहरी वा अन्य अधिकारीको हिरासतमा रहेको वा सार्वजनिक सुरक्षा ऐन, २०१८ अन्तर्गत थुनामा रहेका व्यक्तिलाई बुझाउँछ ।

**ग**) **आर्थिक कारणबाट हुने अपराधहरुः** यस अर्न्तगत आर्थिक लाभको लागि गरिने अपराध जस्तो चोरी, ठगी, डकैती, जिउ मास्ने बेच्ने, काठको र दुर्लभ वन्यजन्तुको ओसारपसार आदि अपराधको प्रकृतिलाई यस अन्तर्गत राखिएको छ ।

**घ**) **आक्रोशबाट उत्पन्न हुने अपराधहरूः** यस अर्न्तगत ज्यानसम्बन्धी, जबर्जस्ती करणी, ज्यान मार्ने उद्योग आदि अपराधको प्रकृतिलाई आक्रोशको नामकरण दिएर अपराधको प्रकृतिको वर्गीकरण गरिएको छ ।

**ङ**) **नाइकेः** बन्दीहरू मध्येबाट अगुवाको रूपमा छनौट गरिएको प्रमुख व्यक्ति जसले बन्दीहरूका नेतृत्वको समग्र काम गर्दछ ।

**च**) **जेलरः** कारागारका बन्दी र समग्र कारागारको प्रशासन लगायत सबै विषयलाई नेपाल सरकारको तर्फबाट नेतृत्व गर्नका लागि प्रमुखको रूपमा नियुक्ति लिएको निजामती कर्मचारीलाई बुझ्नु पर्दछ । जसले ऐन, कानूनअनुसार कार्य सम्पादन गर्दछ ।

**छ**) **भान्सेः** कारागारभित्र खाना पकाउनका लागि बन्दीहरूद्वारा चयन गरिएको व्यक्ति बुझ्नुपर्दछ ।

## १.७. अध्ययनको सीमा

प्रस्तुत शोधकार्य पृथ्वीनारायण क्याम्पस, पोखरा समाजशास्त्र/मानवशास्त्र बिभागको स्नातकोत्तर तहको शैक्षिक आवश्यकता पूरा गर्ने अभिप्रायले सम्पादन गरिने भएकाले प्रस्तावित अध्ययन सम्पूर्ण क्षेत्रमा औपचारिक तथा प्रभावकारी नहुन सक्छ । यो निश्चित समय, स्रोत, साधन र बजेटमा आधारित भइ गरिएको अध्ययन हो । त्यसैले कुनै पनि विषयवस्तुको अध्ययन गर्ने क्रममा सीमा निर्धारण गर्नुपर्ने अपरिहार्यता देखिन्छ । सीमा पूर्वनिर्धारण गर्नुको प्रमुख कारण सम्पूर्ण पक्षको अध्ययन गर्न नसक्नुका साथै समय र आर्थिक तत्वको खाँचो तथा निश्चित उद्देश्यमा पुग्नका लागि नै हो । यस अध्ययन क्षेत्रभित्र नेपालका सम्पूर्ण कारागारको अध्ययन गर्न नसके तापनि पर्वत जिल्लाको समग्र कारागारको अध्ययन गरी बन्दीको सामाजिक तथा आर्थिक अवस्थाको अध्ययन गर्नु, बन्दी जीवनका बारेमा विश्लेषण गर्नु, कारागार व्यवस्थापनप्रति बन्दीको धारणा प्रकाश पार्ने विषयवस्तुको मात्र अध्ययन गरिएको छ । यस अध्ययनले समग्र नेपालका कारागार र बन्दीहरूलाई सामान्यीकरण गर्नसक्छ भन्ने नै नभएता पनि केही हदसम्म सहयोगी बन्ने आशा राखिएको छ ।

# अध्याय : दुई

## सम्बन्धित पूर्व साहित्यको सिंहावलोकन

### २.१. सैद्धान्तिक पुनरावलोकन

कुनै विषयको अध्ययन अनुसन्धान गर्दा सम्बन्धित विषयका विकसित विभिन्न सिद्धान्त र त्यसलाई पुष्टि सहित परिभाषा गरिएका विद्वानहरूका भनाइलाई अनिवार्य रूपमा उल्लेख गर्नुपर्छ । त्यसैगरी समाजशास्त्र तथा मानवशास्त्रमा गरिएको अनुसन्धानमा समाजशास्त्र तथा मानवशास्त्रकै विभिन्न सिद्धान्तमध्ये सम्बन्धित सिद्धान्तको उपयोग गरिन्छ । यसरी अनुसन्धान गर्दा बढी वैज्ञानिक, सैद्धान्तिक तथा व्यवहारिक देखिन्छ । त्यसैले यहाँ प्रस्तुत विषयको अनुसन्धान अपराध, अपराधका सिद्धान्तहरू र संरचनात्मक प्रक्रियात्मक एवं घटनाशास्त्रीय सिद्धान्तको नजिक रहेर गरिएको छ ।

#### २.१.१. अपराध

अपराध भन्नाले राज्यका नियम कानूनहरूले रोक लगाएका कार्यहरू पर्दछन् । अपराध विभिन्न किसिमबाट घट्छन् । जस्तो आर्थिक, सामाजिक, मनोवैज्ञानिक, सांस्कृतिक, भौगोलिक आदि । यस अध्यायको यस खण्डमा अपराधसँग सम्बन्धित विभिन्न विदेशी विद्वान्हरूका भनाइहरू उल्लेख गरिएको छ ।

केन्यीको भनाइअनुसार अपराध यस्तो गल्ती हो जसको परिणाम दण्ड हुन्छ र कुनै व्यक्तिबाट माफी गर्न सकिँदैन र माफी गर्ने किसिमको भएमा राजाबाट मात्र माफी गर्न सक्छ (केन्यी १९६६) ।

त्यस्तै पार्सन्सले अमेरिकन एकल परिवारको संरचना र प्रक्रियाका आधारमा महिलाभन्दा पुरुष वर्गमा अपराधीको सङ्ख्या बढी हुन्छ भन्ने लेखाजोखा गरेका छन् । उनका भनाइअनुसार “पुरुषहरूले पेशागत रूपमा महिलाहरूलाई थिचोमिचो गर्छन्, जसले गर्दा उनीहरूले आफ्नो स्थिति प्राप्त गर्दछन् । महिलाहरू परिवारमा बस्दछन्

जसले गर्दा उनीहरूको स्थिति परिवार, लोग्ने र बाबुको आयमा निर्भर गर्दछ” (पार्सन्स १९५४) ।

लोम्र्बोसोले “व्यक्तिका शारीरिक र मनोवैज्ञानिक विशेषताहरूका आधारमा अपराध वर्गीकरण गरे तर उनले सामाजिक संरचनात्मक शक्तिहरूलाई मान्यता दिएनन्” (लोम्र्बोसो १८९९) ।

इमाइल दुर्खिमले “अपराध सहरीकरणको मात्र नतिजा होइन, बरु केही उद्देश्यहरू प्राप्त गर्ने सन्दर्भमा चिन्ताको कारणले हुन्छ भन्ने कुरा उल्लेख गरेका छन्” (दुर्खिम १९५९) ।

ग्रिनवर्गले “युवा अवस्थामा अपराध चरम अवस्थामा हुने गर्दछ र त्यस पछाडिको उमेरमा क्रमशः घट्दै जान्छ भनेर उमेर समूह अनुरूप अपराधको भिन्नता आउने कुराको उल्लेख गरेका छन्” (ग्रिनवार्क १९९५) ।

२.१.२. अपराधका सिद्धान्त

अपराध प्रकृति र कारणका सन्दर्भमा विभिन्न समाजशास्त्री तथा अपराधशास्त्रीले धेरै सिद्धान्तको प्रतिपादन गरेका छन् । प्रतिपादन गरिएका सिद्धान्तहरूमध्ये केही तल प्रस्तुत गरिएको छ ।

**क) इच्छाको सिद्धान्त**

डब्लु.आइ. थोमसद्वारा प्रतिपादित यस सिद्धान्तले ग्रहणशीलता, मान्यता, सुरक्षा र नयाँ अनुभव जस्ता ४ वटा इच्छाहरूको कारणले अपराध हुने गर्दछ, भनेका छन् (डब्लु.आइ. थोमस, १९६७) ।

**ख) निराश र आक्रोशको सिद्धान्त**

फाइड डोलाआर्ड निराशा र आक्रोश सिद्धान्त प्रतिपादन गरे । जस अनुसार निराशाले मान्छेलाई आक्रमक बनाउँछ भने आक्रमकताले निराशा उत्पन्न गर्दछ । निराशाको लागि तल्लो स्तरको आर्थिक-सामाजिक स्थिति नै हो (फाइड डोलाआर्ड १९३९) ।

**ग) विभेदक साहर्चयको सिद्धान्त**

सुथरल्याण्डद्वारा प्रतिपादित यस सिद्धान्तअनुसार कुनै पनि व्यक्तिले अर्को व्यक्तिसँग कस्तो अन्तरक्रिया गर्दछ । त्यस्तो प्रक्रियाको आधारमा अपराधिक व्यवहार ज्ञात गर्न सकिन्छ । प्राथमिक समूह र जोड समूह ज्ञात प्रक्रियाबाट प्रभावित हुन्छन् (सुथरल्याण्ड १९६०) ।

**घ) भूमिकाको सिद्धान्त**

हेडिन्सन, होफिम्यान, बस्टोमुन्टे र क्लेइनहरूले यस सिद्धान्तको प्रतिपादन गरी पुरुष र महिलाहरूमा आपराधिक गतिविधिको भिन्नताको दरको ब्याख्या गरेका छन् (हेडिन्सन १९६८, होफिम्यान १९७३, बस्टोमुन्टे १९७३, र क्लेइन) ।

**ङ) अभावको सिद्धान्त**

फेयरबेन्डद्वारा प्रतिपादित यस सिद्धान्तअनुसार अपराध निराशाले हुने गर्दछ । जसले व्यक्तिहरूलाई अपराध गर्न सहयोग गर्दछ (फेयरबेन्ड १९७२) ।

**च) संरचनात्मक प्रक्रियात्मक सिद्धान्त**

यसले समाजलाई एउटा प्रणाली वा व्यवस्थाको उपगमनबाट विश्लेषण गर्दछ । सिङ्गो सामाजिक व्यवस्थालाई एउटा पद्धति भानेको छ । समाज र संस्कृतिको अध्ययन गर्ने सम्बन्धमा प्रत्येक विषय वा घटनाक्रमको अध्ययनलाई पूर्ण रूपमा बुझ्नका लागि यसको कार्यकारण सम्बन्ध पहिल्याउनका लागि सामाजिक, सांस्कृतिक यर्थाथतालाई प्रष्ट पार्न सामाजिक व्यवस्थाका सबै संलग्न पक्षको एकिकृत रूप र प्रक्रियालाई अध्ययन गर्नु पर्दछ भन्ने मान्यता यसमा रहेको हुन्छ ।

**अ. प्रक्रियात्मक एकता**

यस संरचनात्मक प्रक्रियात्मक नमूनाले आधारभूत रूपमा नै समाजको प्रक्रियात्मक एकतालाई जोड दिन्छ । यसमा समाजलाई एउटा बृहत् संरचना मानिन्छ । जहाँ विभिन्न एकाइहरू तथा उपसंरचनाहरूको क्रमबद्ध गठन पाइन्छ । यिनै तत्त्वहरू तथा भागहरूको संयोजनले नै एउटा सामाजिक व्यवस्था निरन्तर अस्तित्त्वमा रहेको हुन्छ । विभिन्न एकाइहरूको प्रक्रियात्मक

सम्बन्ध, एकीकरण र एकताबाट नै समाज विकासको प्रक्रिया निरन्तर चलेको हुन्छ । यसैले यस मान्यताअनुसार समाज, समाजका विभिन्न एकाइहरू बीचको एकिकृत र संगठनात्मक स्वरूप हो । यिनै एकाइहरू बीचको प्रक्रियात्मक सम्बन्धले सामाजिक व्यवस्थालाई स्थायित्व दिएका हुन्छन् ।

### आ. विचलित व्यवहार

समाज जसरी समानता, सहयोग, सद्भाव र सो कार्यबाट सञ्चालित छ । यसै गरी समाजमा असहयोग, द्वन्द्व, प्रतिशोध तथा संघर्षको स्थिति पनि देखिन्छ । सामाजिक पृष्ठभूमिमा नै विभिन्न प्रकृतिका सामाजिक व्यवहार र क्रियाकलापहरू उत्पन्न हुन्छन् र तिनको सामाजिक व्यवस्थामा सकारात्मक तथा नकारात्मक प्रभाव पारेका हुन्छन् । यिनै व्यवहारहरूलाई स्थापित गर्ने माध्यम सामाजिकीकरण हो । सामाजिक नियन्त्रणका माध्यमबाट प्रत्येक अस्वाभाविक, असान्दर्भिक तथा विचलित व्यवहारलाई समाज सापेक्ष पार्ने कार्य गरिन्छ । समाजमा सधैं समाज अनुकूलका र समाजलाई प्रत्यक्ष सकारात्मक प्रभाव पार्ने सामाजिक कार्य हुँदैनन् । सामाजिक विचलित व्यवहार जुन सामाजिक मर्यादाबाट टाढा रहेका, सामाजिक मूल्य मान्यता तथा परम्पराको सीमालाई नाघेका, निश्चित व्यक्ति तथा समूहको हितलाई मात्र प्रश्रय दिएका व्यवहारहरू समाजमा देखिन्छन् । जसलाई समाजका विचलित व्यवहार भनिन्छ । समाजकका विचलित व्यवहारहरूमा अनैतिक कार्य, हत्या, चोरी, डकैती, भ्रष्टाचार, जुवातास, जाँडरक्सीको व्यवहार, अरूलाई गाली बेइज्जती गर्ने, धोका कपटी, धूर्तता, ठगी आदि पर्दछन् ।

सामाजिक विचलन समाजको पृथक व्यवहार हो । जसले समाजको संरचना, गठन र मान्यतालाई विगार्छ तथा विखण्डन गर्दछ । यस्ता व्यवहारमा समाजको स्वीकृति पाइँदैन । कालान्तरमा समाजमा अस्थिरता, भय, बेचैन, अनुत्तरदायिता जस्ता प्रवृत्तिको विकास हुन्छ ।

समाजशास्त्रीय दृष्टिकोणअनुसार सामाजिक विचलनलाई सकारात्मक र नकारात्मक दुवै पक्षबाट विश्लेषण गरिन्छ । अझ भन्ने हो भने सामाजिक

समूह र समाजहरूको प्रकार्यात्मक स्वरूपलाई प्रक्रियारत बनाउँदै तिनको अस्तित्त्वका लागि सामाजिक विचलनले सकारात्मक र नकारात्मक प्रभाव पार्न सक्छ । तसर्थ बुझ्नु पर्ने तथ्य के हो भने कस्ता समाजमा कुन प्रकृतिका सामाजिक विचलनहरूको अवस्था किन सुरु भएको छ ? किन भिन्न-भिन्न प्रकृतिका विचलनहरू समाजमा देखिन्छन् ? यसतर्फ नै समाजशास्त्रीय विश्लेषण बढी केन्द्रित हुने गर्दछ । प्रत्येक प्रकृतिका सामाजिक विचलनका उत्पत्तिका लागि समाजमा विभिन्न कारक तत्त्वहरू रहेका हुन्छन् । यसैले सामाजिक यथार्थताहरू नै सामाजिक विचलनका लागि जिम्मेवार छन् ।

इमाइल दुर्खिम समाजका लागि सामाजिक विचलन प्रकार्यरत हुन्छ भन्ने मान्दछन् । यसलाई समाजको प्रकृतिको रूपमा विश्लेषण गरेका छन् । उनले हत्यालाई सामाजिक जीवनको अनिवार्य र साधारण पक्ष मान्दछन् । समाजका सबै व्यक्तिहरूमा समान किसिमका सामूहिक चिन्तन तथा मूल्य मान्यता र व्यवहारहरू हुँदैनन् । विविध प्रकृतिका सामाजिक अवस्थाले नै व्यक्तिका व्यवहार निर्मित हुन्छन् । उनका अनुसार निश्चित दर भन्दामाथि भएको हत्याले मात्र समाजमा अकार्य सृजना गराउँछ । सबै सामाजिक परिवर्तनहरू सामाजिक विचलनबाटै सुरु हुन्छन् । केही हत्याहरू भविष्यको नैतिकताका लागि पूर्व धारणा बन्दछन् । समाजमा उत्पन्न विचलनबाट नै संगठित र असल समाजका निर्धारकहरू उत्पन्न हुन्छन् । उसै मर्टन समाजको संस्कृति र सामाजिक संरचनाले सामाजिक विचलनको सृजना गराउँछ भन्दछन् । उनका अनुसार व्यक्तिको प्रकृतिमा भन्दा पनि समाजको प्रकृतिमा सामाजिक विचलनका घटनाहरू निर्धारित हुन्छन् । प्रत्येक समाज निश्चित सामाजिक तथा सांस्कृतिक मान्यता युक्त उद्देश्यहरू पूरा गर्ने संस्थागत मान्यताहरू विकास भएका हुन्छन् । अर्थात् निश्चित सामाजिक दृष्टिकोण र मान्यताको विकास भएको हुन्छ । यसै अनुरूप सामाजिक कार्य हुन नसकी व्यक्तिहरूले सामाजिक मान्यता र अपेक्षा अनुरूप आफूलाई ढाल्न सकेन वा आफ्नो हैसियत र क्षमता अनुरूपको उपलब्धि प्राप्त गर्न सकेन भने सामाजिक

विचलनको जन्म गराउँछ । व्यक्तिका आकांक्षाले हैसियत वा औकात अनुरूपको अपेक्षा प्राप्त गर्न नसक्दा विभिन्न सामाजिक खराबीहरू उत्पन्न हुन्छन् ।

समाजको आर्थिक, सामाजिक, राजनैतिक तथा धार्मिक उपस्थिति र प्रभावका कारण सामाजिक व्यवहारहरूको विकास हुन्छ । यसैले सामाजिक संरचनाभित्रका एकाइहरू बीचको प्रकार्यात्मक सम्बन्धको तह सम्बन्धको आशय तथा अन्योन्याश्रित प्रकार्यको अभावमा सामाजिक विचलनको स्थिति आउँछ । प्रत्येक एकाइको भूमिका निर्वाहका सम्बन्धमा उत्पन्न बाधाहरूले पनि सामाजिक विचलनको स्थिति आउँछ ।

**छ) घटनाशास्त्र सिद्धान्त**

यो समाजको अध्ययनमा सूक्ष्म अवधारणा हो । घटनाशास्त्रीहरूले मानिसले के सोच्दछन्, के अवलोकन गर्दछन् भन्ने बारेमा जोड दिन्छन् । मानिसले कसरी आफ्ना सोचाइ र व्यवहारहरू प्रकट गर्दछन् त्यसको अर्थ कसरी लगाउँछन्, अरूको भनाइप्रतिको बुझाइको ग्रहण र प्रकटित व्यवहार के कस्तो हुन्छ भन्ने तथ्यको खोजी तिनको कार्य घटनाशास्त्रले गर्दछ । यो शास्त्र दर्शन शास्त्रमा एउटा हलचल हो जसले व्यक्तिको जागरूकताको स्थिति र सामाजिक जीवनको सम्बन्धको बुझाइलाई विकसित गरेको छ र अरू बुझाउँछ । समाजशास्त्रमा एउटा अवधारणका रूपमा घटनाशास्त्रले के कसरी सामाजिक संस्था र समाज सामाजिक जागरूकता परिणाम हुने भन्ने तथ्यलाई प्रकट गर्दछ ।

घटनाशास्त्रलाई सैद्धान्तिक अवधारणामा राखेर सामाजिक घटना विश्लेषण अलफ्रेड सुजले गरेका हुन् । उनले सामाजिक घटनाको गहन अध्ययन गर्न दैनिक जीवनको तरिकालाई बुझ्नु पर्ने तर्क राखेका छन् । कुनै पनि घटनामा व्यक्तिहरूको सोचाइ र धारणा के छ त्यसलाई बुझ्नु पर्दछ भन्ने उनको मान्यता छ । अरूले भनेका र गरेका क्रियाकलापलाई मानिसले कसरी ग्रहण गर्दछ र उनका भनाइ अर्कोले कसरी बुझ्दछ भन्ने तथ्य अवस्थामा भर पर्ने हुन्छ । सामाजिक घटनामा बहुसत्यताका बारेमा पुग्न सकिने तर्क उनको छ । यो व्यक्तिको सोचाइ, बुझाइ र अवस्थामा भर पर्दछ । उनको अर्को तर्क के छ भने मानिसले जति बढी सामाजिक सत्यतामाथि सन्देह गर्दछ त्यति नै बढी सत्यताको नजिक पुग्न सक्दछ ।

### ज) सिद्धान्तसँगको सम्बन्ध

कारागारमा रहेका १० मुद्दाका विभिन्न प्रकृति र प्रवृत्तिका कारागारको क्षमताभन्दा बढी बन्दीहरू एकै स्थानमा रही एकताबद्ध रूपमा दैनिक क्रियाकलाप, व्यवहार गर्दै बसौँ बिताउनु र कारागार प्रशासनसँग सौहार्दपूर्ण सम्बन्धले संरचनात्मक प्रकार्यात्मक सिद्धान्तको प्रकार्यात्मक एकताको मान्यतालाई जोडसँग पक्रेको देखिन्छ ।

भिन्न-भिन्न सामाजिक पृष्ठभूमिका मानिसहरू विभिन्न अपराधमा संलग्न भएर कारागारमा बन्दी जीवन बिताइरहेको अवस्थाले विचलित व्यवहारको मान्यतालाई आत्मसात गरेको देखिन्छ ।

मानिसहरूको आ-आफ्नो बुझाइ, सोचाइ, धारणा र व्यवहारका कारण भिन्न-भिन्न अपराधमा संलग्न रही कारागारमा बन्दी जीवन बिताउन पुग्नुले घटनाशास्त्रको सैद्धान्तिक मान्यतालाई आत्मसात गरेको छ भन्न सकिन्छ ।

## २.२. सम्बन्धित पूर्व साहित्यको सिंहावलोकन

मानवसभ्यताको विकाससँगै विश्व रङ्गमञ्चमा कारागारको प्रादुर्भाव भएको देखिन्छ । कारागारको प्रादुर्भावसँगै विकास भएको कारागारसम्बन्धी सरकारको दृष्टिकोण पनि समय परिवर्तनसँगै आफूलाई जीवन्त बनाउँदै अगाडि बढेको छ । अपराधलाई निरुत्साहित गर्दै लैजाने उद्देश्यका साथ कारागारलाई सुधारगृहका रूपमा विकास गरी बन्दी गृहको अपराधीरूपी जीवन पद्धतिलाई बदलेर जीवन उपयोगी कार्यमा ल्याउनका लागि सरकारी तथा गैरसरकारी संस्था मार्फत विभिन्न कार्यहरू भएका छन् ।

नेपालको सन्दर्भमा हेर्ने हो भने कारागार बन्दीको बारेमा निकै नै कम अध्ययन भएको देखिन्छ र भएका अध्ययन पनि महिला बन्दीहरूमा मात्र सीमित रहेको पाइन्छ । नेपालका कारागार र बन्दीहरूको बारेमा विभिन्न लेख, रचना प्रस्तुत प्रतिवेदनबाट प्राप्त गर्न सकिन्छ । कारागार निर्देशिका २०५३, कारागार प्रशासनबाट प्राप्त सूचना तथा पुस्तकालयमा रहेका प्रकाशित, अप्रकाशित अभिलेखहरूका माध्यमबाट प्राप्त ज्ञानको संश्लेषण गरी उल्लेख गरिएको छ ।

कारागार निर्देशिका, २०५३ अनुसार कारागार प्रशासनको कार्य पद्धतिलाई तुरुन्तै बुझ्नु पर्ने र तद् अनूकुल कार्य सम्पादन गर्नुपर्ने आवश्यकतालाई बोध गरी कारागार व्यवस्थापनले भैरहेका परम्परागत नीति, कारागार ऐन, नियम एवं हालसम्मका प्रचलनहरू सबै समेटेर कारागार र बन्दीको जीवन पद्धति बदल्ने गरी विभिन्न उपायहरूको बारे प्रष्ट पारेको छ। यसमा बन्दीहरूको अभिलेख राख्ने, भेटघाट र पत्रव्यवहार गर्ने नियम, स्वास्थ्य उपचार, स्थान्तरण, विन्तीपत्र वा दरखास्त लगायत आर्थिक पक्ष समेत उल्लेख गरिएको छ । यो कारागार निर्देशिका ठीक ढङ्गले कार्यान्वयन भएमा केही हदसम्म बन्दीहरूको अवस्थामा सकारात्मक सुधार देखिन्छ।

प्राप्त विभिन्न अभिलेखहरूको अध्ययनबाट इन्सेक, आइ.सी. आर.सी. यू.एन. महिला सशक्तीकरण अभियान आदि विभिन्न सामाजिक र मानवअधिकारवादी संघसंस्थाहरूद्वारा विशेष गरी महिलातर्फ सिलाइ-बुनाइ, उद्घोषण, शैक्षिक प्रशिक्षण लगायतका ज्ञानवर्द्धक र सीपमूलक कार्यहरू भएको पाइन्छ। आइ.सी.आर.सी. र यू. एन. मार्फत कारागारमा पिउने पानीको व्यवस्था मानवअधिकारसम्बन्धी केही प्रयासहरू भएको पाइएको छ । विभिन्न गैरसरकारी संघसंस्थाहरूले कारागारका बन्दीहरूको भौतिक, सामाजिक तथा मानवीय पक्षमा सुधार गर्ने प्रयासहरू गरेको भए तापनि योजनाबद्ध ढङ्गले कार्यान्वयन नहुँदा सोचेजस्तो परिणाम प्राप्त हुन सकेको छैन (इन्सेक सन् १९९४)।

नेपालका विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूले कारागारको अवस्था र व्यवस्थापनका साथै बन्दीहरूको आपराधिक प्रकृतिका बारेमा सामान्य जानकारी गराउने कार्य गरेका छन् । यसै सन्दर्भमा पामबुलेटिन "कैदीहरूले पाउने चौखण्डी कृपा हो कि अधिकार" लेखमा अपराधीलाई दण्ड दिने कानूनी प्रावधान रहेको तर बन्दीहरूको जीवन इतिहास केलाउने र मनोवैज्ञानिक विश्लेषण गर्ने प्रयास नभएको उल्लेख छ (माथेमा पाम वुलेटिन, वर्ष १:३)।

बन्दीहरूका सम्बन्धमा सरकार उत्तरदायी नभएको मात्र होइन धेरै कमजोरी, त्रुटि तथा लापरवाहीहरू भएको देखिए । साह्रै साना जेलहरूमा धेरै बन्दीहरू राख्ने, पागल बन्दीहरूसँगै अन्य बन्दीहरूलाई राखिने स्वास्थ्य, सञ्चार, मनोरञ्जन, शौचालय आदिको सुविधा नभएको पाइयो । साँगुरा र अँध्यारा कोठामा सीमित बन्दीगृहमा

शौचालय र भान्साहरू पनि सँगसँगै भएको देखियो । महिला बन्दीहरूसँगै नवजात शिशु नाबालिकाहरूको भविष्य पनि कुण्ठित भएको पाइयो । त्यस्तो वातावरणमा न्यून गुणस्तरको चामलले गुजारा चलाउँदा शारीरिक एवं मानसिक स्वास्थ्यमा प्रतिकूल असर परेको पाइयो । बन्दी राख्ने कोठाका लागि निर्मित कोठाहरूमा प्रहरी प्रशासन बसेर बन्दीहरूलाई जीर्ण र कहाली लाग्दो भवनभित्र सीमित गरेको पनि पाइयो (प्याकुरेल २०५४) ।

"जीर्ण अवस्थामा कारागारका बन्दीको नारकीय जीवन" शीर्षकमा कास्की कारागारमा रहेका बन्दीहरूले कानून बमोजिम सजाय भोगेर पनि नारकीय जीवन बिताउन वाध्य भएका छन् । वि.सं.२०२१ मा निर्माण भएको जेलको अवस्था अत्यन्त जीर्ण छ । टिनको छाना पूरानो भएकोले पानी परेको समयमा बन्दीहरू पाल ओडेर बस्नु पर्दछ भनी उक्त लेख प्रकाशित भएको छ (समाचार-पत्र, २० मंसिर २०६५) ।

इन्सेकद्वारा २०५४ साल चैत्र २७ गते प्रकाशित "कारागारभित्र कारागार" नेपालमा बन्दी महिलाहरूको अवस्था नामक पुस्तकमा भनिएको छ । कारागारमा हुने सुधारको प्रभाव हरेक बन्दीमा पर्ने भएकोले त्यसभित्रका महिलाहरूको स्थितिमा केही सुधारको अपेक्षा गर्न सकिन्छ तर कारागारमा रहेका महिलाहरूको स्थिति त्यतिबेलासम्म राम्रो सुध्रिँदैन जतिबेलासम्म महिलाको हैसियतमा परिवर्तन हुँदैन । त्यसैले नेपालका कारागारमा रहेका महिलाको स्थिति सुधार गर्न सम्पूर्ण नेपाली महिलाहरूको आर्थिक स्वावलम्बन र सामाजिक सुरक्षालाई बलियो पार्ने कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ (गुरागाइँ २०५४ पृ. १००) ।

त्यसैगरी २०१७ सालमा प्रजातान्त्रिक शासन प्रणाली समाप्त पारेर पञ्चायती शासन लादियो । त्यसपछि नेपालमा धमाधम कारागारहरू बन्न थाले कारागारको सङ्ख्या थपिदै गयो र कारागार सुधारका लागि माग पनि बढ्दै गयो । त्यसैले वि.सं. २०२९ सालमा रामहरि शर्माको अध्यक्षतामा एउटा उच्चस्तरीय कारागार सुधार समिति बन्यो । उच्चस्तरीय समितिले कारागारभित्र बाहिर सुधार गर्ने क्षेत्रहरू र क्षेत्रस्तरका कारागारहरू निर्माण गर्ने विषयमा पनि महत्त्वपूर्ण सुझाव दियो तर ती सुझावहरू कार्यान्वयन हुन सकेन । रामहरि शर्माको अध्यक्षतामा बनेको उच्चस्तरीय

समितिले तयार पारेको प्रतिवेदन पनि गृहमन्त्रालयमा दराजको शोभा बढाउने काममा मात्रै प्रयोग भयो (गुरागाईं, २०५४) ।

त्यस्तै, अर्को रामेछापको कारागारमा जीर्ण अवस्थामा रहेको भवन र क्षमताभन्दा बढी बन्दीहरू रहेकाले बन्दीहरूलाई बस्नका लागि असुविधा भएको छ । जेलमा सुक्खा मौसममा पानीको पनि समस्या भएको छ । पर्याप्त पत्रपत्रिका, किताब नभएको कारणले उनीहरू अध्ययनको अवसरबाट पनि वञ्चित भएका छन् । त्यस्तै कारागार शाखा रामेछापका प्रहरी जवानले २०६६ चैत्र २ गते गोली चलाइ कारागार क्षेत्र भयग्रस्त बनाए । जवानले मादक पदार्थको सेवनले मातिएर गोली चलाएका थिए (इन्सेक २०११: २८९) ।

रोल्पा कारागार जिन्दगीको पहिलो पाठशाला भन्ने शीर्षक दिएर प्रकाशित लेखमा भनिएको छ । जिन्दगीमा एक कक्षा पनि पास नगरेका १९ वर्षीया धनबहादुर पुन रोल्पा कारागारका चित्रकार बनेका छन् । उनी कारागारभित्र आफूभन्दा ठूला दाजुहरूबाट चित्रकारिताको दैनिक अभ्यास गर्दछन् । अझै प्रत्येक शनिबार रोल्पा कारागारको रौनक अर्कै हुने गर्दछ । शनिवार गीत, कविता, निबन्ध, हाजिरीजवाफ प्रतियोगिताका लागि प्रस्तुत हुन्छन् । शनिवारको रोल्पा कारागार बौद्धिक अभ्यासको थलोका रूपमा रूपान्तरित भइरहन्छ (कान्तिपुर मंसिर २९, २०५५) ।

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष २०११ पुस्तकको “जेल र बन्दी” शीर्षकमा २५ जना बन्दी राख्ने क्षमता भएको ‘घ’ श्रेणीको पर्वत कारागारमा ४४ जना बन्दी रहेको उल्लेख छ । क्षमताभन्दा बढी बन्दी रहेको कारण जाडोको समयमा पालभित्र सुत्नुपर्ने वाध्यता छ । जेलभित्र महिलातर्फ टेलिभिजन नहुँदा समस्या भएको छ । बन्दीले मुडा बनाउने र अन्य आय आर्जनको स्रोत नभएको र पुस्ताकालयको व्यवस्था नभएकोले अध्ययनमा पनि  असुविधा रहेको छ  (इन्सेक सन् २०११)

इन्सेकद्वारा २०६७ पुष १६ गते प्रकाशित भएको मानवअधिकार वर्ष २०१० पुस्तकको पेज नं. ४९६ मा सुर्खेत जिल्लामा रहेका जेल र बन्दी शीर्षक अन्तर्गत ‘घ’ श्रेणीको बन्दी क्षमता २५ रहेको कारागारमा ३ गुना बढी भइ हाल ९६ जना बन्दी हुँदा पानी, शौचालय, विद्युत्, पत्रपत्रिका, खेलकुद, रेडियो, टी.भी. उपलब्ध छन् तर क्षमताभन्दा बढी बन्दी एकै ठाउँमा राखिँदा बन्दी चिसो भुईंमा सुत्न वाध्य छन् ।

कारागारमा तीनगुणाभन्दा बढी बन्दी रहेकाले उनीहरूलाई इँट्टाको कच्ची पर्खालले घेरेर माथिबाट टिनको पाताले छोपेर बन्दीहरूलाई राख्नु परेको छ (इन्सेक २०१०) ।

मानवअधिकार वर्ष २०११ पुस्तक "जेल र बन्दीहरू शीर्षकमा उल्लेख गरिए अनुसार झापा जिल्ला 'ग' श्रेणी अन्तर्गतको २०० जना बन्दी राख्ने क्षमता भएको यो वर्षको अन्त्यसम्ममा कैदी तथा थुनुवा र आश्रित नाबालक गरी ४६६ जना बन्दीहरू कारागारमा रहेका छन् । कारागारमा ९१ जना गैरनेपाली कैदीमध्ये ३० जना भारतीय र ६१ जना भुटानी शरणार्थी रहेका छन् । कारागारको भौतिक अवस्था अत्यन्त जीर्ण रहेको छ । सशस्त्र द्वन्द्वको क्रममा इलाम कारागार ध्वस्त भएपछि इलाम जिल्लाका बन्दीलाई समेत यसै कारागारमा राखिने गरिएकाले यस कारागारमा बन्दी बढी भएका छन् । कारागारको भान्साकोठा अत्यन्त जीर्ण रहेको छ र पर्याप्त सुत्ने, बस्ने स्थानको अभावले आँगन तथा बरण्डामा समेत सुत्नु पर्ने अवस्था रहेको छ ।

यस्तै "कैदीमा नेपाली बन्दीहरू" नामक अनुसन्धान प्रतिवेदनमा उल्लेख गरिए अनुसार नेपालमा महिला बन्दीहरूको सामाजिक आर्थिक विशेषतालाई हेर्दा उनीहरू तागाधारी जातिहरू जस्तै ब्राह्मण, क्षेत्री र मतवली जातिहरूमा तामाङ्ग, मगर र अन्य जातिहरूमा मुख्य गरेर नेवार र अछुत मानिएका जातिहरू देखिन्छन् । तिनीहरूको मुख्य गरेर काठमाडौँ उपत्यका बाहिर हिमाली क्षेत्रका र उमेर समूहमा अधवैँसे छन् भने अपराध विशेष गरी जवानी अवस्थामा गरेका छन् । यस अध्ययनले धेरैजसो विवाहित, अशिक्षित परिवार, सङ्ख्या तीन बच्चाभन्दा बढी सन्तान नभएका र उनीहरूको पेशा कृषिमा आधारित भएको देखिन्छ (भट्टचन २०४१, ४१) ।

२०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना भयो । त्यसपछि कारागारहरूको सुधार हुने आशा पनि बलवान भयो । नेपालका कारागारमा लामो समयसम्म आफ्नै घर जस्तै गरी बसेका थिए र ती घरका नेता तथा कार्यकर्ताहरू राज्य सञ्चालनको केन्द्र भागमा पुगे । उनीहरूले यस्ता घररूपी कारागारको दयनीय अवस्था स्वयं भोगेका थिए । यस्तो अवस्थामा कारागारको सुधार होला भन्नु कुनै नौलो र अस्वाभाविक विषय पनि थिएन । प्रजातन्त्रको पुर्नवहाली पश्चात् पञ्चायत कालमा गरिएका अध्ययन र सुझावलाई अपर्याप्त ठानेर वि.सं. २०४७ सालमा बद्रिराम भण्डारीको अध्यक्षतामा कारागार समिति गठन भयो । अरू समितिले जस्तै यस समितिले

महत्त्वकाङ्क्षी प्रतिवेदन तयार पार्‍यो । तर त्यो प्रतिवेदन पनि कार्यान्वयनमा जुन हिसाबाट आउनु पर्दथ्यो आउन सकेन । यद्यपि २०४७ सालदेखि बन्दीहरूले पाउने सिधा रकम वृद्धि तथा प्रशासनिक संरचनामा सामान्य परिवर्तन गरेको पाइन्छ ।

विभिन्न समयमा सरकार एवं अन्य निकायहरूले गरेका सबै प्रयासहरूमा कारागारको मुख्यतया भौतिक अवस्थालाई मात्र ध्यान दिन खोजेको देखिन्छ । तर बन्दीहरूको सामाजिक, आर्थिक, सांस्कृतिक र बन्दी जीवन लगायतका पक्षमा तथा मानवअधिकारको पक्षमा गहन अध्ययन हुन सकेको छैन । कहिलेकाहीँ कार्यक्रमहरू सञ्चालन गरिएको पाइएता पनि त्यस्ता कार्यक्रम बन्दीहरूको मनोवैज्ञानिक विषयसँग सम्बन्धित भएकाले प्रभावकारी ढङ्गले सञ्चालन हुन सकेका छैनन् र बन्दी जीवन पद्धतिमा सुधार आउन सकेको छैन ।

समग्रमा हेर्ने हो भने नेपालका कारागारहरू अत्यन्त जीर्ण, फोहोर, साँधुरा र अस्वस्थकर छन् । देशमा प्रजातन्त्र आएको लामो समय भएपनि जेलभित्र वास्तविक रूपमा आउन सकेको छैन । विगतमा मात्र हैन अहिले पनि जेल भन्नासाथ सबैको मनमा चिसो पस्छ । सामाजिक अपराधलाई नियन्त्रण गर्नु राज्यको दायित्व हो । राज्य सञ्चालनका लागि देशमा शान्ति सुरक्षा कायम राख्न र अपराध नियन्त्रण गर्न जेलको आवश्यकता महसुस गरिएको हो र अहिले मात्र आएर जेललाई सुधारगृहको रूपमा परिभाषित गर्न थालेको पाइन्छ (प्याकुरेल २०५४) ।

बन्दी महिलाहरूसँग नेपालका कारागारमा दर्जनौं बालबालिका पनि थुनिएका छन् । आमासँगै कारागारमा थनिएका बेकसुर बालबालिकालाई स्वाभाविक माया, ममता, शिक्षा-दिक्षा र राम्रो लालनपालनबाट वञ्चित गरिएको छ । तिनीहरु चौबिसै घण्टा कारागारभित्र बन्दी झैं दिन बिताउन वाध्य छन् ।

यसरी नेपालका कारागारका बन्दीहरूको सन्दर्भ सम्बन्धित सामग्री ज्यादै न्यून पाइन्छ । पाइएका सामग्री पनि महिला बन्दीमा सीमित रहेको पाइन्छ । सूक्ष्म किसिमबाट पूर्वसाहित्यलाई अध्ययन गरी निष्कर्ष निकाल्दा थुनिएका बन्दीहरू गरीब पारिवारिक पृष्ठभूमिका रहेका छन् । कारागार ऐन स्वास्थ्यसम्बन्धी स्पष्ट व्यवस्था गरेको भएपनि बन्दीहरूको राम्रो स्वास्थ्य उपचार गरेको पाइँदैन । नेपालमा सबै कारागारमा बन्दीहरूलाई भेडाबाखा झैँ गरी राखेको देखिन्छ । कारागार ऐनले थुनुवा र

बन्दीहरूलाई अलग-अलग राख्न गरेको कानूनी व्यवस्थालाई कारागार प्रशासनले लागु गर्न सकेको छैन । कारागारहरू पूराना र जीर्ण मात्र होइनन् अधिकाङ्श कारागारहरू साँघुरा, चिसा र अत्यन्त्र फोहोर रहेको अध्ययनबाट पुष्टि भयो । अझ महिला राखिएका बन्दीहरूलाई प्रायः कारागारका कोठा कुनै चिसा, कुनै अँधेरा, कुनै हावा नपस्ने, कतै सुत्ने ठाउँसँग जोडिएका तथा कतै भान्सासँग जोडिएको चर्पी हुने गरेको समस्या छ ।

यसरी नेपालका कारागारलाई समाजशास्त्रीय अध्ययन पद्धति अपनाइ दुवै पुरुष र महिला वर्गका बन्दीहरूको समष्टिगत अध्ययन अनुसन्धान र प्रकाशित विभिन्न लेखहरूले कारागार र बन्दीहरूका समस्याका बारेमा सामान्य जानकारी उपलब्ध गराएका छन् । जसले गर्दा यस सम्बन्धी अध्ययन अनुसन्धान गर्न चाहने व्यक्ति, संघसंस्था, मानवअधिकारकर्मी, एन.जी.ओ. र आइ.एन.जी.ओ समेतलाई थप हौसला मिलेको छ ।

## अध्ययन : तीन

# अनुसन्धान विधि

### ३.१ अध्ययन क्षेत्र

पर्वत जिल्ला कारागार र बन्दीहरूको अध्ययन क्षेत्र पश्चिमाञ्चल विकास क्षेत्र अर्न्तगत धौलागिरी अञ्चलको मूलद्वारको रूपमा चिनिने पर्वत जिल्लाको समग्र कारागारलाई लिएको छ । कारागारमा हाल भएका ४४ जना बन्दीहरू-लाई जनसङ्ख्याको रूपमा लिएको छ । जनसङ्ख्याको आकार सानो भएकाले समग्र कारागार र बन्दीहरूलाई यस अध्ययन क्षेत्रभित्र समावेश गरी शोधको रूपमा लिइ कार्य गर्न इच्छुक भएकाले उक्त क्षेत्रलाई अध्ययन क्षेत्रको रूपमा लिइएको छ ।

### ३.२. अध्ययन क्षेत्र छनोटको औचित्य

विश्वभरका विभिन्न अध्ययन अनुसन्धान र अन्वेषणहरूले विशेष गरी विज्ञान प्रविधि र त्यसको प्रयोगले मानिसको भौतिक पक्ष र त्यसको सुधारमा खास ध्यान केन्द्रित गरेका छन् । नेपालमा पनि थुप्रै खालका नयाँ ठाउँमा अध्ययन, अनुसन्धान भएका छन् । वर्षेनी स्नातकोत्तर अध्ययन पश्चात् ठूलो सङ्ख्यामा विद्यार्थीहरूले थुप्रै विविध ठाउँमा अनुसन्धान गरेका छन् । तर मानव, मानवता, मनोवोचित व्यवहार, अधिकार तथा कर्तव्यका बारेमा गरिने अध्ययन अनुसन्धान अरू विधाको तुलनामा नितान्त भिन्न र ज्यादा महत्त्वपूर्ण हुन्छन् तर सानो सङ्ख्याले पनि यसतर्फ अनुसन्धान गर्न चासो नदेखाएकोले मेरो मुख्य छनोटमा परेको छ । कारागारभित्र जुनसुकै कारणले बस्नु परेपनि त्यो मानव हो र विकास स्रोतलाई जोडेर हेर्दा त्यो मानवीय स्रोत हो, त्यसलाई जुनसुकै हिसाबले परिचालन गर्न सकिन्छ र सकारात्मक रूपमा परिचालन गर्नका लागि के कस्ता उपायहरू हालसम्म प्रयासरत छन् ? के भविष्यमा हुन सक्लान् ? भन्ने प्रश्नको केही हदसम्म भए पनि उत्तर प्राप्त गर्न हालसम्मका अनुसन्धानमध्ये यो विषय नितान्त नवीन विषय भएको नाताले अनुसन्धान गर्ने योजना

बनाउँदा नेपालकै चौथो सानो जिल्लाको रूपमा रहेको पर्वत जिल्ला कारागार नै मेरो छनोटमा परेको छ । २०५० सालसम्म व्यक्तिकै घरको भाडामा राखिएको यो कारागार २०४३ सालमा मोदी र कालीको सङ्गम बडागाउँमा कारागारको भवन निर्माण भएको सात वर्षपछि मात्र आफ्नै भवनमा सरेको पाइन्छ । कारागारका ४ श्रेणी मध्ये 'घ' श्रेणीमा पर्ने यो कारागारमा कुल २५ जना क्षमता रहेकोमा यहाँ हाल ४४ जना बन्दी रहेका छन्, प्रायः क्षमताभन्दा बढी बन्दी बसिरहन पर्ने अवस्थामा समेत अरू जिल्ला जस्तै त्यति चर्चामा नआएकाले यस कारागारमा बन्दीले बन्दी जीवन पद्धति कसरी बिताएका छन् ? उनीहरूको सामाजिक आर्थिक अवस्था कस्तो रहेको छ ? उनीहरूको कारागार व्यवस्थापनसम्बन्धी धारणा कस्तो छ ? भन्ने प्रश्नको निक्यौंल गर्न, आफू पनि कुनै बेला कारागारमा बसेको नाताले र आफ्नो जन्म जिल्लामा अवस्थित यस कारागारमा सूक्ष्म अध्ययन गर्ने इच्छाले यो विषय चुनिएको हो ।

## ३.३. अनुसन्धानको ढाँचा

यो अनुसन्धान विवरणात्मक अनुसन्धान ढाँचामा आधारित रहेर गरिएको छ । यस अनुसन्धानमा कैदीहरूको सामाजिक आर्थिक अवस्था कैदी जीवनप्रति र कारागार व्यवस्थापनप्रति बन्दीहरूको धारणाका साथै कैदीहरूको अपराधको विवरणात्मक अध्ययन गरिएको छ ।

## ३.४. तथ्याङ्क स्रोत एवम् प्रकृति

यस अध्ययनमा प्राथमिक तथा द्वितीय दुवै किसिमका तथ्याङ्कहरू सङ्कलन गरिएको छ । प्रथामिक तथ्याङ्क अध्ययन क्षेत्रमा बन्दीहरू, कारागार प्रमुख, प्रहरी प्रमुख, अन्य कर्मचारी, मानवअधिकारवादी, सरोकारवाला लगायत अन्य सरोकारवाला आदिसँग लिइएको छ ।

द्वितीय तथ्याङ्कको हकमा भने नेपालमा कारागार र बन्दीहरुका बारेमा भएका कानूनी प्रावधान, प्रकाशित, अप्रकाशित पुस्तक, पत्रपत्रिकाबाट साथै विभिन्न समयमा भएका अध्ययन अनुसन्धानबाट लिइएको छ ।

## ३.५. नमूना छनोट

यस अध्ययन क्षेत्रमा समग्र पर्वत जिल्लाको कारगारलाई लिइएको छ । हाल कारागारमा रहेका ४४ बन्दीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ । जनसङ्ख्याको आकार सानो भएकाले यस कुल सङ्ख्याबाट नमूना छनोट गर्दा नमूना सङ्ख्या सानो हुने हुनाले सम्पूर्ण बन्दीलाई समावेश गरी अध्ययन गरिएको छ । व्यक्तिगत अध्ययन गरिने बन्दीहरूको छनोट उद्देश्य परक नमूना छनोट विधिबाट गरिएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलन विधि

यस अध्ययनमा लिइने प्राथमिक तथ्याङ्कहरू अन्तर्वार्ता, प्रश्नावली, व्यक्तिगत अध्ययन र अवलोकन मार्फत सङ्कलन गरिएको छ । सूचना सङ्कलन गर्ने क्रममा बन्दीहरूको हकमा पहिला बन्दीहरूको नामावली उतारेर नामअनुसार क्रमशः भेटघाट गरी अन्तर्वार्ता लिइएको छ भने जानकार व्यक्तिहरू, जेलर र प्रहरी प्रमुखलाई प्रश्नावली प्रदान गरेर उनीहरू स्वयम्बाट नै भर्न लगाइएको छ ।

### ३.६.१. प्रश्नावली अनुसूची

यस अन्तर्वार्ता पद्धतिअनुसार यस कारागारमा रहेका सम्पूर्ण बन्दीहरू (४४जना) बाट तथ्याङ्क सङ्कलन गरिएको छ । यसरी अन्तर्वार्ता लिने क्रममा संरचित प्रश्नावलीका आधारमा अध्ययनकर्ता आफैंले पालै-पालो सबै बन्दीबाट तथ्याङ्क सङ्कलन गरिएको छ । यस पद्धति मार्फत बन्दीहरूको उमेर, वैवाहिक स्थिति, जात/जाति, धार्मिक स्थिति, शैक्षिक स्थिति, आर्थिक स्थिति, बन्दीहरूको स्थान अनुरूप कसुरको प्रकृति, कसुर गर्नाको कारण कसुर गर्दाको उमेर, मुद्दामा वकिलको व्यवस्था, आरोपित कसुरप्रतिको उनीहरूको धारणा, अदालतको निर्णयप्रतिको धारणा, कारागारबाट प्राप्त सुविधा र सुविधा नपुग्नेले गर्ने गरेको व्यवस्था, समस्या समाधानका माध्यम, बिरामी पर्दा प्रशासनको सहयोग, भेटघाटसम्बन्धी विवरण, एक आपसको व्यवहार, कर्मचारी र बन्दीबीचको अन्तरक्रिया, जेल व्यवस्थापन र जेलका समस्या, घर परिवारमा परेको समस्या, कारागारबाट छुटेपछि गर्ने व्यवसाय र पर्ने समस्या आदि तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.६.२. अन्तर्वार्ता पद्धति

यस प्रश्नावली पद्धति मार्फत जानकार व्यक्तिहरू, जेलर र प्रहरी प्रमुखसँगबाट लिइएको सुविधाका साथै बन्दीहरूको व्यवहारका बारेमा जानकारी लिइएको छ ।

### ३.६.३. अवलोकन पद्धति

यस पद्धति मार्फत कारागारको प्रत्यक्ष रूपमा आफूले नै अवलोकन गरिएको छ । त्यहाँको वास्तविक वस्तुस्थिति, वासिन्दाहरूको रहनसहन, सरसफाइ, खाना, सुविधा, सञ्चालनसँग पहुँच आदि विषयमा अवलोकन गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.६.४. छलफल

विशेष गरी विषयविशेषज्ञ, कारागार प्रमुख, प्रहरी प्रमुख मानवअधिकारवादी कार्यकर्तासँग व्यक्तिगत तथा सामूहिक छलफल गरी विशेष सूचना र तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.६.५. तथ्याङ्क विश्लेषण एवम् प्रस्तुतीकरण

प्राथमिक र द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्कहरूलाई उपयुक्त किसिमबाट विश्लेषण गर्न तथ्याङ्कको प्रकृति हेरी सङ्ख्यात्मक र गुणात्मक तथ्यहरूलाई स्तम्भ, टेबल, तालिका, प्रतिशतद्वारा प्रस्तुत गरिएको छ ।

# अध्याय : चार

## बन्दीहरूको सामाजिक र आर्थिक अवस्था

यस अध्यायमा मुख्य गरेर पर्वत जिल्ला कारागारमा रहेका बन्दीहरूको समाजसँग भएको अन्तरसम्बन्ध र त्यसले पारेका प्रभावहरूको गहिरोसँग अध्ययन गरी निष्कर्ष निकाल्दै त्यही सामाजिक प्रभावको जगमा उसको आर्थिक हैसियत र त्यसले बन्दीहरूलाई कुन तहसम्म असर पुऱ्याउँदो रहेछ भनी विश्लेषण गरिएको छ ।

### ४.१ सामाजिक अवस्था

व्यक्तिको सामाजिक अवस्थाले समाजमा बसेर सामाजिक वातावरण बुझ्ने र समाजप्रति उसको सम्बन्ध र प्रभाव कस्तो छ सजिलै थाहा पाउन सकिन्छ । मानव उत्पत्तिसँगै समाजको आवश्यकता महशुस हुँदै आएको पाइन्छ । यसको अर्थ समाजको आवश्यकता हुँदै गर्दाको समयसँग आजको समाजलाई अध्ययन गर्दा धेरै वैज्ञानिक र विकसितका साथै गतिशील भएको आभास मिल्दछ । यो समयमा आउँदा पनि कारागारको विकास र वृद्धि सकारात्मक रूपमा भएको पाउँदछौं किनभने समाजमा विभिन्न प्रकारका कसुरहरू विद्यमान छन् । त्यसकारण यो भागमा बन्दीहरूको बन्दी हुनु पूर्व समाजमा उसको उपस्थिति र प्रभाव कस्तो थियो भन्ने विषयलाई विभिन्न उपशीर्षकहरू बनाएर विश्लेषण गरिएको छ ।

#### ४.१.१ बन्दीहरूको उमेर

मानिसको उमेरले उसको बाहिरी विश्वलाई हेर्ने र त्यसलाई अर्थ लगाउने क्षमतामा प्रभाव पार्दछ । मानिस उमेरसँगै सामाजिकीकरणको प्रक्रियामा अगाडि बढीरहेको हुन्छ र उमेरसँगै मानिसमा परिपक्वता बढ्दै जान्छ । सामाजिक अवस्थाको अध्ययन गर्ने क्रममा उमेर र लिङ्गलाई सँगै राखेर हेर्ने गरिए पनि पर्वत जिल्ला कारागारमा भएका जम्मा ४४ जना बन्दीहरूमा महिला २ र पुरुष ४२ रहेका छन् । यसर्थ महिलाहरूको न्यून सङ्ख्याको कारण उमेर समूह विश्लेषण गर्ने क्रममा दुवै लिङ्गलाई एकैठाउँमा राखी विश्लेषण गरिएको छ ।

तालिका नं. ४.१

बन्दीहरूको उमेरको विवरण

| उमेर समूह | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १५–२४ | १४ | ३१.९ |
| २५–३४ | १७ | ३८.७ |
| ३५–४४ | ६ | १३.६ |
| ४५–५४ | २ | ४.४ |
| ५५ र सोभन्दा माथि | ५ | ११.४ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत : क्षेत्रगत अध्ययन, २०६८*

माथिको तालिका नं. ४.१ मा कारागारमा रहेका बन्दीहरूको उमेरलाई १० वर्षको अन्तरालमा उमेर समूह बनाएर राखिएको छ र यसरी हेर्ने क्रममा १५ वर्षभन्दा माथि देखि ५५ वर्ष र सोभन्दा माथिसम्मका विभिन्न उमेर समूह बनाएर उल्लेख गरिएको छ । यसरी उमेर समूहलाई हेर्दा सबैभन्दा बढी ३८.६ प्रतिशत बन्दीहरू क्रमशः २५–३४ वर्ष उमेर समूहका छन् भने सबैभन्दा कम ४.४ प्रतिशत बन्दीहरू ४५–५४ उमेर समूहका छन् । त्यसै गरी १५–२४ उमेर समूहमा ३१.९ प्रतिशत बन्दीहरू ३५–४४ उमेर समूहमा १३.८ प्रतिशत बन्दीहरू रहेका छन् । यसरी हेर्दा ५५ वर्ष र सो भन्दा माथिको उमेर समूहमा ११.४ प्रतिशत रहेका छन् । मानिसको जीवनको उर्वर समय १५–४४ वर्षभित्रका बन्दीहरू ८४.३ प्रतिशत रहेका छन् । माथिको तालिका हेर्दा के देखिन्छ भने सामाजिक व्यवहारका विरुद्ध विद्रोह गर्ने साथै सामाजिक मूल्य- मान्यतालाई वेवास्ता गर्ने किशोर र युवा अवस्थामा बढी हुने गर्दछ भन्ने मान्यतालाई देखाउन खोजेको पाइन्छ । जसमा १५–२४ उमेर समूहमा ३१.९ प्रतिशत र २५–३४ वर्ष उमेर समूहमा ३८.७ प्रतिशत बन्दीहरू बन्दी अवस्थामा कारागार जीवन बिताइ रहेका छन् ।

### ४.१.२ शैक्षिक अवस्था

शिक्षालाई आधुनिकीकरणको ढोकाका रूपमा मानिन्छ । शिक्षाले मानिसलाई कुन कुरा ठीक र बेठीक छुट्याउने शक्ति प्रदान गर्दछ । साथै शिक्षाले व्यक्तिलाई नयाँ विचार र प्रविधिलाई कसरी लिने र कति लिने भन्ने कुरामा पनि सहयोग पुऱ्याउँदछ । पर्वत जिल्लामा रहेका बन्दीहरूको शैक्षिक अवस्थालाई हेर्ने क्रममा साक्षर र निरक्षर र साक्षर मध्ये के कति तह पास गरेका छन् भनी हेरिएको छ ।

#### ४.१.२.१ साक्षरता

शैक्षिक अवस्थाको अध्ययन गर्ने क्रममा पहिला व्यक्ति साक्षर वा निरक्षर के छ भनी हेर्ने गरिन्छ । यसरी हेर्ने क्रममा साक्षर र निरक्षर छुट्टयाउन उसले दैनिक जीवनमा आउने वा गर्नुपर्ने साधारण लेखपढ गर्न सक्षम छ वा छैन भन्ने आधारमा छुट्टयाउने गरिन्छ ।

तालिका नं. ४.२

बन्दीहरूको शैक्षिक स्थिति

| **शैक्षिक स्थिति** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| साक्षर | ३७ | ८४.६ |
| निरक्षर | ७ | १५.४ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत : क्षेत्रगत अध्ययन, २०६८*

कुल ४४ जना बन्दीहरूमा ८४.६ प्रतिशत बन्दीहरू साक्षर छन् (तालिका नं. ४.२) भने १५.४ प्रतिशत निरक्षर छन् । यो साक्षरताको प्रतिशत दर नेपालको कुल साक्षरता दर ६४ प्रतिशतभन्दा बढी देखिन्छ । यसरी बन्दीहरूको साक्षरता र निरक्षरताको स्थिति हेर्ने क्रममा जसले साधारणतया लेख्न र अङ्क/अक्षर पढ्न सक्दछन् तिनीहरूलाई साक्षर मानिएको छ ।

४.१.२.२ पास गरेको तह

कुनै स्थानको मानिसहरूको वा जनसङ्ख्याको शैक्षिकस्तर हेर्ने क्रममा साक्षरता निरक्षरता मात्र हेरेर यति मानिस साक्षर, यति निरक्षर भनी हेर्दा त्यसलाई पूर्ण मान्न सकिदैन किनकि साक्षरभित्र त्यस्ता मानिसहरू पर्दछन् जसमा साधारण लेखपढ मात्र गर्न जान्नेदेखि उच्च शिक्षा हासिल गरेकाहरूसम्म पनि पर्दछन् । यसर्थ बन्दीहरू मध्ये कुन तहसम्म पास गरेका छन् भनी तलको तालिकामा देखाइएको छ ।

तालिका नं. ४.३

साक्षर बन्दीहरूले पास गरेको तहको विवरण

| **पास गरेको तह** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| साधारण लेखपढ | ६ | १६.२ |
| प्रा.वि. (१–५) | २ | ५.४ |
| नि.मा.वि. (६–७) | ६ | १६.२ |
| मा.वि. (८–१०) | १८ | ४८.७ |
| एस.एल.सी. र उच्च मा.वि. | २ | ५.४ |
| उच्च तह | ३ | ८.१ |
| **जम्मा** | **३७** | **१००** |

*स्रोत : क्षेत्रगत अध्ययन, २०६८*

यो कारागारका साक्षर बन्दीहरू मध्ये ४८.७ प्रतिशत बन्दीहरू मा.वि. तहमा अध्ययन गरेका वा पास गरेका छन् । सबैभन्दा कम क्रमशः प्रा.वि. र उच्च मा.वि. ५.५ प्रतिशत बन्दीहरूले अध्ययन गरेको देखिन्छ । त्यसै गरी नि.मा.वि. र साधारण लेखपढ १६.२ प्रतिशत बन्दीहरू रहेका छन् । यसैगरी मुलुकमै न्यून सङ्ख्यामा अध्ययन गर्न पुग्ने उच्च तहमा पनि ८.१ प्रतिशत बन्दीहरूले अध्ययन गरेको पाइयो । यसरी हेर्दा माथिको तथ्याङ्कबाट हामी भन्न सक्छौं भने युवा अवस्थाका बन्दी र पछिल्लो अवस्थामा थुनुवामा परेको हुँदा सबैभन्दा बढी मा.वि. तह अर्थात् ४८.७ प्रतिशत अध्ययन गरेका बन्दीहरू हुन् भन्न सकिन्छ । अर्को महत्त्वपूर्ण कुरा उच्च तह अध्ययन

गरेका ८.१ प्रतिशत बन्दीहरूले पनि कसुरमा लागेर बन्दी जीवन बिताउनुले समग्र हाम्रो शिक्षामा सकारात्मक सोचमा लाने चेतनाको कमी छ भनेर भन्न सकिन्छ । त्यसैले वर्तमान शिक्षा नीतिमा परिवर्तन गरी जीवन उपयोगी शिक्षा बनाउनमा जोड दिनुपर्ने देखिन्छ ।

### ४.१.३ वैवाहिक स्थिति

सामाजिक स्थितिको अध्ययन गर्ने क्रममा वैवाहिक स्थितिलाई महत्त्वपूर्ण मानिन्छ । हुन त हाम्रो हिन्दू समाजमा वैवााहिक बन्धनमा नबाँधिएको पुरुष वा महिलालाई पूर्ण नमान्ने गरिन्छ भने वैवााहिक स्थितिले मानिसको मनोवृत्तिमा पनि प्रभाव पार्दछ । विवाहित र अविवाहितलाई हेर्ने क्रममा अविवाहितलाई अपरिपक्व मान्ने चलन हाम्रो समाजमा छ । यी बाहेक वैवाहिक जीवन असफल हुनाले पनि मानिसले समाजमा बसेर गर्ने व्यवहारमा फरक पर्दछ । यहाँ वैवााहिक स्थितिका आधारमा पनि अपराधको प्रकृति के कस्तो छ भनी देखाइएको छ ।

तालिका नं. ४.४

बन्दीहरूको वैवाहिक स्थिति

| **वैवाहिक स्थिति** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| अविवाहित | १६ | ३६.२ |
| विवाहित | २५ | ५६.९ |
| विधुर/विधवा | २ | ४.६ |
| सम्बन्ध विच्छेद | १ | २.३ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत : क्षेत्रगत अध्ययन, २०६८*

यस कारागारका बन्दीहरूमा ५६.९ प्रतिशत बन्दीहरू विवाहित छन् (तालिका नं. ४.४) २.३ प्रतिशत बन्दीहरू सम्बन्ध विच्छेद भएकाहरू छन् भने विधवा/विधुर ४.६ प्रतिशत छन् । यसरी हेर्दा अविवाहित बन्दीहरू ३६.२ प्रतिशत छन्

भने एकपटक विवाह भैसकेका वा श्रीमान्/श्रीमती भएका वा नभएकाहरूको कुल प्रतिशत ६३.८ रहेको छ। यसबाट अधिकाङ्श युवाहरू विवाह गरेर परिपक्व भए पनि राज्यले दिशाबोध र रोजगारीको अवस्था सिर्जना गर्न नसकेको कारण गरीबको पीडाले युवाहरू स्वयम् विद्रोही भावनालाई थाम्न नसकी गलत बाटोतर्फ लागेका हुन् भन्न सकिन्छ।

### ४.१.४ बन्दीहरूको विवाह गर्दाको उमेर

विवाह गर्दाको सरदर उमेरले कुनै पनि स्थानको समाजिक, आर्थिक साथै सांस्कृतिक अवस्थाको चित्रण गर्ने गर्दछ। समाज जति पनि विकासको पथतर्फ लम्कदै जान्छ, समाजका सदस्यहरूको विवाह गर्ने सरदर उमेरमा पनि वृद्धि हुँदै जान्छ। हाम्रो देशको विवाह गर्ने सरदर उमेर र पश्चिममा विकसित मुलुकहरूको उमेर हेर्ने हो भने यसमा धेरै फरक पाइन्छ। हाम्रो देशमा यो उमेर कम हुनमा हाम्रो यहाँको सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिकका साथै बेरोजगार स्थिति मुख्य कारकका रूपमा रहेका छन्। यस अध्ययनमा पर्वत जिल्ला कारागारमा रहेका एकपटक विवाह भैसकेका वा अविवहित बाहेक (१६ जना) सबै २८ जनालाई उनीहरूको पहिलो विवाह हुँदा उनीहरूको उमेर कति थियो भनी प्रश्न सोधिएको थियो।

तालिका नं. ४.५

**बन्दीहरूको विवाह गर्दाको उमेर**

| उमेर समूह | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १५ वर्षभन्दा कम | २ | ७.१ |
| १६-२० | १२ | ४२.८ |
| २१–२५ | १० | ३५.८ |
| २६–३० | ४ | १४.३ |
| **जम्मा** | **२८** | **१००** |

*स्रोत : क्षेत्रगत अध्ययन, २०६८*

माथिको तालिमा नं. ४.५ लाई हेर्दा यस कारागारका बन्दीहरूमा धेरैको ४२.८ प्रतिशतको १५–२० वर्षको बीचमा विवाह भएको पाइन्छ । सबैभन्दा कम ७.१ प्रतिशत बन्दीहरूको १५ वर्षभन्दा कम उमेरमा विवाह भएको छ। त्यसै गरी २१ देखि २५ वर्षको उमेरमा ३५.८ प्रतिशतले गरेको पाइयो भने २६–३० वर्षमा मात्र १४.३ प्रतिशतले विवाह गरेको देखियो। माथिको तालिका नं. ५ ले नेपालमा भइरहेको कम उमेरमा हुने विवाहलाई झल्काउँदछ । हुन त नेपालको कानूनले अभिभावकको स्वीकृतिले पुरुषको १८ वर्ष र महिलाको १६ वर्ष पुगेपछि गरिएको विवाहलाई मान्यता दिएको छ भने नेपालको सरदर विवाहको उमेर पुरुषको २१.४ र महिलाको १८.१ वर्ष रहेको छ। यहाँबाट के बुझ्न सकिन्छ भने १६ देखि २५ सम्ममा ७८.७ प्रतिशतले विवाह गरेको देखियो। यसबाट के भन्न सकिन्छ भने बन्दी स्वयम् सक्षम नभइ कम उमेरमै विवाह गरेको देखिन्छ । यसले बन्दीहरूलाई विभिन्न खालका सोचाइहरू उत्पन्न गराएको हुनसक्छ।

४.१.५ बन्दीहरूको धार्मिक स्थिति

संसारका सबै धर्मले मानिसलाई सदाचार सत्कर्मतर्फ प्रेरित गरिरहेको हुन्छ । प्रायः मानिसहरूले एउटा न एउटा धर्म अँगाल्ने गरे पनि उक्त धर्मले दिएको वा दिन खोजेका कुराहरूलाई आफ्नो व्यक्तिगत स्वार्थपूर्ति गर्ने क्रममा लत्याउने गर्दछन्। यस कारागारमा रहेका बन्दीहरूको धार्मिक स्थिति कस्तो छ भनी देखाइएको छ।

तालिका नं. ४.६

बन्दीहरूको धार्मिक स्थिति

| धर्म | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| हिन्दू | ३१ | ७०.४ |
| बौद्ध | ६ | १३.७ |
| मुस्लिम | ६ | १३.७ |
| क्रिश्चियन | १ | २.२ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत : क्षेत्रगत अध्ययन, २०६८*

पर्वत जिल्ला कारागारमा हिन्दू, बौद्ध, मुस्लिम र क्रिश्चियन धर्म मान्ने बाहेक अन्य धर्म मान्ने बन्दीहरू छैनन् । कुल बन्दीहरूमा ७०.४ प्रतिशत हिन्दू धर्म मान्ने छन् भने १३.७ प्रतिशत बौद्ध धर्म मान्नेहरू छन् । यसै गरी मुस्लिम ३.७ र क्रिश्चियन २.२ प्रतिशत देखियो । यस तथ्याङ्कबाट पर्वत जिल्ला कारागारको क्षेत्रभित्र हिन्दू धर्म मान्ने मानिसहरूको सङ्ख्या धैरै भएका कारणले सबैभन्दा बढी हिन्दू धर्म मान्ने बन्दी रहेका छन् भन्न सकिन्छ ।

### ४.१.६ बन्दीहरूको जातिगत विवरण

पर्वत जिल्ला कारागारमा रहेका बन्दीहरू कुन कुन जातिका छन् र कुन जात जातिको अनुपात बढी छ भनी जात-जातिय विवरणलाई विश्लेषण गरिएको छ ।

तालिका नं. ४.७

बन्दीहरूको जातिगत विवरण

| **जात/जातिहरू** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| ब्राह्मण | ६ | १३.७ |
| क्षेत्री | ९ | २०.४ |
| नेवार | १ | २.२ |
| गुरुङ | २ | ४.५ |
| दमाइ/कामी/सार्की (दलित) | १८ | ४१.० |
| मगर | ६ | १३.७ |
| मुस्लिम | २ | ४.५ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत : क्षेत्रगत अध्ययन, २०६८*

पर्वत जिल्ला कारागारमा रहेका कुल बन्दीहरूमा सबभन्दा बढी ४१ प्रतिशत दमाइ, कामी, सार्की (दलित) छन् भने सबैभन्दा कम २.२ प्रतिशत नेवार छन् । क्षेत्री भने २०.४ प्रतिशत रहेका छन् । त्यसै गरी गुरुङ ४.५ प्रतिशत, ब्राह्मण १३.७ प्रतिशत, मगर १३.७ प्रतिशत, मुस्लिम ४.५ प्रतिशत रहेका छन् । पर्वत कारागारका

बन्दीहरूको जातिगत विवरणलाई राष्ट्रिय तथ्याङ्कसँग तुलाना गरी हेर्दा दलितहरूमा राष्ट्रिय आँकडाभन्दा बढी सङ्ख्यामा बन्दी रहेको पाइयो । जसमा पर्वत जिल्लाको कुल जनसङ्ख्याको २०.४ प्रतिशत रहेका दलितहरू यहाँ ४१ प्रतिशत कारागारमा रहेका छन् । यस तथ्याङ्बाट के कुराको पुष्टि हुन्छ भने गरीब र चेतनाको कारणबाट दलितहरू कसुर गर्ने ठाउँमा उभिए भन्न सकिन्छ भने नेवारहरू सबैभन्दा कम बन्दीहरू भेटिनुमा व्यापार/व्यवसाय र आर्थिक क्रियाकलापका कार्यमा तल्लीन हुने हुँदा नगण्य मात्रामा रहेको हो भन्न सकिन्छ ।

### ४.१.७ लिङ्गको आधारमा बन्दीहरूको विवरण

नेपालमा पुरुषभन्दा महिला बढी जनसङ्ख्या रहेको अवस्था र समाजमा महिला र पुरुषको कसुरको अवस्थिति के छ भनी बुझ्नका लागि बन्दीहरूको लैङ्गिक अवस्था छुट्याइएको छ ।

तालिका नं. ४.८

लिङगका आधारमा बन्दीहरूको विवरण

| लिङ्ग | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | ४२ | ९५.५ |
| महिला | २ | ४.५ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोतः स्थलगत अध्ययन, २०६८*

यस तालिकाबाट पुरुषहरूको तुलनामा महिलाहरू अपराधमा संलग्न नै हुँदैनन् र इमान्दार हुन्छन् भन्ने कुरा पुष्टि भएको छ । जसअनुसार ४४ जना बन्दीमा ४२ जना अर्थात् ९५.५ प्रतिशत पुरुष र २ जना महिला अर्थात् ४.५ प्रतिशत जुन पुरुषको तुलनामा महिलाको सङ्ख्या नगन्य रहेको छ ।

### ४.१.८ स्थानगत विविधताका आधारमा बन्दीहरूको विवरण

भौगोलिक, सांस्कृतिक विविधतापूर्ण विशेषताले सजिसजाउ भएको देश नेपाल भौगोलिक रूपमा पाँच विकास क्षेत्र, चौध अञ्चल, पचहत्तर जिल्लामा विभाजित, सांस्कृतिक रूपमा बहुजातिय, बहुभाषिक, बहुधार्मिक रूपमा विभाजित समाज हो । सबैको विश्लेषण गर्न सम्भव नभए पनि समाजको एउटा पाटोको रूपमा रहेको पर्वत जिल्ला कारागार अध्ययन क्षेत्रभित्र पर्ने बन्दीहरू कुन जिल्लाबाट कति बसेका रहेछन् भन्ने कुरा बुझ्नको निमित्त ठेगाना लिइएको थियो । जसलाई तलको तालिकाबाट स्पष्ट पारिएको छ ।

तालिका नं. ४.९

स्थानगत आधारमा बन्दीहरूको विवरण

| **विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| पर्वत | २९ | ६६ |
| भारत | ३ | ६.८ |
| म्याग्दी | २ | ४.५ |
| पर्सा | २ | ४.५ |
| रौतहट | २ | ४.५ |
| तनहुँ | २ | ४.५ |
| चितवन | १ | २.३ |
| धादिङ | १ | २.३ |
| मुस्ताङ | १ | २.३ |
| बाग्लुङ | १ | २.३ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

यस तालिकालाई अध्ययन गर्दा सबैभन्दा बढी २९ जना अर्थात् ६६.० प्रतिशत बन्दीहरू गृह जिल्ला पर्वतकै देखिए । यसो हुनुको कारण जिल्लाभित्र कसुर गरेका जिल्लामै राख्ने प्रावधानले गर्दा धेरै रहेको देखिन्छ । त्यसैगरी भारतबाट पनि ६.८

प्रतिशत बन्दी देखियो यसो हुनुको कारण नेपालमा विभिन्न व्यापार/व्यवसाय गर्न भनी पसेका तर विभिन्न कसुर गर्न उद्दत रहेकाले जेल जीवन बिताउनु परेको बुझिन आयो । अन्य जिल्ला ठेगाना भै यो कारागारमा रहेका बन्दीहरू जेल सरुवा हुँदा वा केही पर्वतबाटै थुनिएको बुझिन्छ ।

### ४.१.९ पारिवारिक किसिमका आधारमा बन्दीहरूको विवरण

मानव समाजको विकास प्रक्रियामा जब कृषि समाजको सुरुवात भयो, तब परिवार, नीजी सम्पत्ति र विस्तारै राज्यको पनि सुरुवात र विकास भयो । विकास प्रक्रियाअनुसार परिवार बृहत्, संयुक्त र एकल गरी तीन किसिममा विभाजन भएको पाइन्छ । वर्तमानमा आइपुग्दा बृहत् परिवारको अवधारणा हराइसकेको छ भने संयुक्त परिवारको पनि औद्योगिक समाजको विकासको गतिसँगै नगन्य अवस्थामा रहेको छ । कृषिको प्रभाव बढी रहेको स्थानमा भने प्रभाव पूर्ण रहेको छ । परिवारको किसिमबाट पनि उनीहरूको स्थान र सामाजिक अवस्थाको विश्लेषणमा सहयोग पुग्ने हेतुले बन्दीहरूलाई प्रश्न गरिएको थियो । जसअनुसार तथ्याङ्क प्रस्तुत गरिएको छ ।

तालिका नं. ४.१०

परिवारका किसिमको आधारमा बन्दीहरूको विवरण

| **पारिवारिक किसिम** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| संयुक्त | २६ | ५९.० |
| एकल | १३ | २९.६ |
| अनुत्तरित | ५ | ११.४ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

यस तालिकालाई अध्ययन गर्दा धेरैजसो बन्दीहरू अर्थात् ५९.०० प्रतिशत संयुक्त र १३ प्रतिशत एकल, आफूको परिवार के हो समेत बताउन नसक्ने ११.४ प्रतिशत पाइयो । यसबाट के भन्न सकिन्छ भने पर्वत जिल्ला कारागारमा रहेका बन्दीहरू ग्रामीण भेगका हुन् र उनीहरू अझै पनि कृषि कार्यमा संलग्न छन् भन्ने कुरा

जानकारी हुन्छ । जसमा सबैभन्दा बढी संयुक्त परिवारका बन्दीहरू कारागारमा रहेको पाइयो ।

## ४.२ बन्दीहरूको पारिवारिक आर्थिक अवस्था

मानव समाजको उत्पत्तिदेखि वर्तमान जटिल समाजको विकासक्रमसम्म आइपुग्दाको ऐतिहासिक विकासक्रमलाई अध्ययन गर्दा परिवार र उसको आर्थिक स्थितिले समाज निर्माण प्रक्रियामा विशिष्ट र महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । सामाजिकीकरणको महत्त्वपूर्ण एकाइ परिवार र आधार संरचनाको मुख्य अङ्ग आर्थिक पक्षले सिङ्गो सामाजिक संरचनालाई प्रभाव पार्दछ । त्यसैले सामाजिक संरचनाको मुख्य आधार पारिवारिक र आर्थिक पक्ष हो भन्न सकिन्छ । कारागारमा आउने व्यक्तिहरू पनि समाजबाटै आउने हुनाले उनीहरूको पारिवारिक र आर्थिक अवस्थाको प्रभाव कारागारको समाजमा पनि पर्ने नै भयो । साथै कस्तो आर्थिक अवस्था भएका बन्दीहरू कसुर गर्दा रहेछन् भन्ने बुझ्नको निम्ति पनि यो शीर्षकलाई महत्त्वमा राखिएको हो । यिनै विषयहरूको अध्ययन गर्नका निमित्त बन्दीहरूको आर्थिक अवस्थाका विभिन्न पक्षहरू विभाजन गरी तालिका निर्माण गरी निम्नानुसार प्रस्तुति र विश्लेषण गरिएको छ ।

### ४.२.१ बन्दीहरूको पारिवारिक भू-स्वामित्व

नेपालको कुल भू-भाग १ लाख ४७ हजार १ सय ८१ वर्ग किलोमिटर भए पनि खेतीयोग्य जमिनको मात्रामा धेरै कम छ । डाँडा-काँडाले भरिएको हाम्रो देश खेतीयोग्य जमिनको वितरणमा समानता छैन । कुल खेतीयोग्य जमिन ५५.७ प्रतिशत तराई क्षेत्रमा छ भने पहाडी क्षेत्रमा ३७.४ प्रतिशत छ । पहाडी क्षेत्रको यो जमिन पनि प्राय: भिरालो साथै सिंचाइ सुविधा नपुगेको छ । यसर्थ पनि पहाडी क्षेत्रमा रहेका मानिसहरूका सरदर भू-स्वामित्व बढी भए पनि खेतीयोग्य जमिनको भू-स्वामित्व ज्यादै कम छ । यहाँ यस कारागारमा रहेका बन्दीहरूको भू-स्वामित्व अर्थात् जग्गाको विश्लेषण गरिएको छ ।

तालिका नं. ४.११

बन्दीहरूको भू-स्वामित्वको विवरण

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| भू-स्वामित्व नभएका | १० | २२.७ |
| ०.५ रोपनीसम्म भएका | २५ | ५६.८ |
| ६–१० रोपनीसम्म भएका | ३ | ६.८ |
| ११ रोपनीभन्दा माथि | ६ | १३.७ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

यस तथ्याङ्कबाट सबैभन्दा बढी ०-५ रोपनीसम्म जग्गाको स्वामित्व भएका २५ जना अर्थात् ५६.८ प्रतिशत बन्दी पाइयो । सबैभन्दा कम ६–१० रोपनी भएका ३ जना अर्थात् ६.८ प्रतिशत पाइयो । भू–स्वामित्व नभएका १० जना अर्थात् ११.७ प्रतिशत र ११ रोपनीभन्दा माथि भू-स्वामित्व भएका ६ जना अर्थात् १३.७ प्रतिशत बन्दीहरू पाइयो । यो तथ्याङ्कबाट के बुझ्न सकिन्छ भने बन्दीहरूको पारिवारिक भू-स्वामित्वको अवस्था न्यून देखियो । जसले पारिवारिक गरीबलाई संकेत गर्दछ । केही उपल्लो आर्थिक वर्गको पनि देखियो जुन १३.७ प्रतिशत छन् । यिनीहरू खास गरेर तराई र भारतका बन्दीहरू भएको पाइन्छ ।

### ४.२.२ जमिनको अवस्थाबाट बन्दीहरूको खान पुग्ने/नपुग्ने विवरण

हाम्रो देशको जनसङ्ख्याको आर्थिक अवस्थालाई हेर्ने हो भने आधाभन्दा बढी जनसङ्ख्या गरीबको रेखामुनि छन् । नेपालमा रहेको जमिन असमान वितरण साथै भएको थोरै जग्गामा पनि आधुनिक तरिकाबाट खेती गर्न नसकिएका कारण धेरै नेपालीहरूको आफ्नो जग्गा जमिनको आयस्थाबाट खान नपुग्ने अवस्था रहेको छ । यसरी गरीबले पनि मानिसको असामाजिक तथा गैर कानूनी काम गर्न प्रेरित हुन खोज्दछ भन्ने कुरा झल्केको छ ।

तालिका नं. ४.१२

बन्दीहरूको जमिनको अवस्था र वर्षभरि खान पुग्ने र नपुग्ने विवरण

| **विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| खान पुग्ने | १४ | ३१.८ |
| खान नपुग्ने | ३० | ६८.२ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोतः स्थलगत अध्ययन २०६८*

यो पर्वत जिल्ला कारागारमा रहेका बन्दीहरूमध्ये ६८.२ प्रतिशतको घरमा आफ्नो जग्गा जमिनबाट वर्षभरि खान पुगिरहेको छैन । मात्र ३१.८ प्रतिशत बन्दीहरूको घरमा भने आफ्नो जग्गा जमिनको आयस्थाबाट खान पुग्ने देखिन्छ । माथिको तालिका नं. ४.१२ ले सरदर नेपालीको आर्थिक अवस्थालाई चित्रण गरेको छ । स्मरण रहोस् भू-स्वामित्व कत्ति पनि नभएका १० जनालाई समेत यहाँ समावेश गरिएको छ किनभने तिनीहरू मध्ये केहीले अर्काको जग्गा जमिन ठेक वा अधियाँमा कमाएर वर्षभरिको गुजारासमेत चलाएको पाइयो ।

४.२.३ घरकै उत्पादनबाट जिउन सक्ने समयावधिसम्बन्धी बन्दीहरूको धारणा

प्रस्तुत शीर्षकमा मुख्य गरी कारागारमा बसिरहेका बन्दीहरूलाई आफ्नो घरको उत्पादनबाट कति समय खान पुग्दो रहेछ भनी प्रश्न गरिएको थियो । यसको मुख्य उद्देश्य कस्तो आर्थिक अवस्था भएका व्यक्तिहरूले कसुर गरी जेल पर्दा रहेछन् भनी विश्लेषण गर्नाको निमित्त अध्ययन गरिएको हो । अध्ययन पश्चात् प्राप्त तथ्याङ्क तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ४.१३

घरकै उत्पादनबाट जिउन सक्ने समयावधिसम्बन्धी बन्दीहरूको धारणा

| **विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| घरबाट खानै नपुग्ने | १० | २२.७ |
| १-४ महिनासम्म खान पुग्ने | २० | ४५.४ |
| ५–९ महिनासम्म खान पुग्ने | ७ | १५.९ |
| ९–१२ महिनासम्म खान पुग्ने | ४ | ९.१ |
| बचत हुन्छ | ३ | ६.९ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोतः स्थलगत अध्ययन, २०६८*

माथिको तालिकाबाट भन्न सकिन्छ कि १ महिनादेखि ४ महिना पुग्ने २० जना अर्थात् ४५.४ प्रतिशत सबैभन्दा बढी बन्दी देखिए भने त्यसैगरी ५–९ महिनासम्म खान पुग्ने १५.९ प्रतिशत र घरबाट उत्पादनै नहुने सर्वाहारा २२.७ प्रतिशत र ९–१२ महिनासम्म पुग्ने ९.० प्रतिशत र बचत हुने ३ जना अर्थात् ६.९ प्रतिशत देखियो । यो तथ्याङ्कलाई संश्लेषणात्मक विश्लेषण गर्दा धेरैजसो गरीबीको अवस्थाबाट पिल्सिएका बन्दीहरूले कुनै न कुनै कसुर गरी जेलमा बसेको पाइयो । जुन सम्पूर्ण बन्दीहरूमा अत्यधिक बहुमत छ । जुन माथिको तालिकाबाट प्रष्ट हुन्छ । मात्र १५.८ प्रतिशत बन्दीहरू मात्र कुलीन खानदान परिवारबाट जेलमा रहेको देखियो ।

### ४.२.४ मासिक औसत आम्दानीको आधार**मा**

पारिवारिक आर्थिक अवस्थालाई चित्रण गर्ने अर्को महत्त्वपूर्ण औजार आजको पुँजीवादी युगमा आम्दानी पनि महत्त्वपूर्ण मानिन्छ । आम्दानीले पनि मानिसलाई असल वा गलत दिशा-निर्देश गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ । त्यसैले जेल जीवन बिताइरहेका बन्दीहरूको मासिक आम्दानी कस्तो रहेछ भनी बुझ्नको लागि प्रश्न गरिएको थियो । प्रश्नबाट आएका उत्तरका आधारमा देहायका तालिकाको सहायताले विश्लेषण गरिएको छ ।

तालिका नं. ४.१४

मासिक औसत आम्दानीको आधारमा बन्दीहरूको विवरण

| **विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| ५०० भन्दा कम | १० | २२.७ |
| ५०० देखि १००० सम्म | १० | २२.७ |
| १००० देखि ५००० सम्म | ८ | १८.२ |
| ५००० देखि १०००० सम्म | ६ | १३.६ |
| १०००० देखि २०००० सम्म | ५ | ११.४ |
| २०००० भन्दा माथि | ५ | ११.४ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

यस तथ्याङ्को अध्ययन गरी विश्लेषण गर्दा अधिकाङ्श बन्दीहरूको औषत आम्दानी नेपालको प्रतिव्यक्ति आयभन्दा पनि निकै कम पाइयो । केही बन्दीहरूको मात्र आम्दानी राम्रो देखियो । जसअनुसार सबैभन्दा बढी अर्थात् २२.७ प्रतिशत बन्दीहरू सबैभन्दा कम आम्दानीको रूपमा ५०० देखि १००० सम्म मासिक आम्दानी गर्ने बन्दीहरू देखिए । त्यसैगरी क्रमशः १००० देखि ५००० सम्म १८.२, ५००० देखि १०००० सम्म १३.६, १०००० देखि २०००० सम्म ११.४ र २०००० भन्दामाथि ११.४ देखियो । यस तालिकालाई विश्लेषण गर्दा बन्दीहरूको आम्दानी सन्तोषजनक मान्न सकिएन । यसबाट पनि कारागारमा बसेका बन्दीहरूले कसुर गर्न उद्दत हुनका एउटा सहयोगी कारण आम्दानीसमेत बन्न पुगेको विश्लेषण गर्न सकिन्छ ।

### ४.२.५ सवारी साधनको स्वामित्वको आधारमा

पारिवारिक आर्थिक अवस्थालाई चित्रण गर्ने अर्को महत्त्वपूर्ण औजार आजको विज्ञान र प्रविधिको समयमा सवारीको साधनलाई पनि लिइएको छ । तलको तालिकामा आफ्नै नीजी स्वामित्व भएका सवारीसाधन र बन्दीहरूको अवस्थालाई अध्ययन गर्न प्रश्न गरिएको थियो । जसको तथ्याङ्क यस प्रकार रहेको छ ।

तालिका नं. ४.१५

सवारी साधनको स्वामित्वको आधारमा बन्दीहरूको विवरण

| **सवारी साधनको स्वामित्व** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| स्वामित्व छ | ८ | १८ |
| स्वामित्व छैन | ३६ | ८२ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

यस तथ्याङ्कको अध्ययन गरी विश्लेषण गर्दा आजको दुनियामा पहाडी भेगमा पनि गाउँगाउँमा मोटरबाटो र नीजी साधनको आवश्यकतो महसुस भइरहेको बेला पनि पर्वत जिल्ला कारागारका बन्दीहरूमा सबैभन्दा बढी ३६ जना अर्थात् ८२ प्रतिशतले सवारी साधनको स्वामित्व नभएको बताए त्यस्तै ८ जना अर्थात् १८ प्रतिशतले मात्र सवारी साधनको स्वामित्व भएको बताए । यसबाट बन्दीहरूको समयको परिवर्तित परिस्थितिलाई विश्लेषण गर्दा आर्थिक अवस्था नाजुक नै छ भनेर निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.६ पेशाको आधारमा बन्दीहरूको विवरण

वर्तमान जटिल समयको निर्माणसँगै व्यक्तिगत क्षमता, कलाअनुसारको कार्य विभाजन वा कार्यमा विशिष्टीकरण व्यापक रूपमा भएको छ । यही प्रक्रियाअनुसार मानिसहरू विभिन्न पेशा/व्यवसायमा संलग्न रहेका छन् । यसको अध्ययन गर्नका लागि पर्वत जिल्ला कारागारका बन्दीहरूको पेशा बुझ्न खोजिएको छ । उनीहरूको पेशाको अवस्था यस्तो पाइयो ।

तालिका नं. ४.१६

पेशाको आधारमा बन्दीहरूको विवरण

| पेशा | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| कृषि | १५ | ३४.० |
| विद्यार्थी | ५ | ११.३ |
| जागिर | ७ | १६.० |
| व्यापार | ७ | १६.० |
| अन्य | १० | २२.७ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

प्राप्त तथ्याङ्कअनुसार सबभन्दा बढी कृषि पेशामा संलग्न रहेको पाइयो । जसमा १५ जना अर्थात् ३४.० प्रतिशत व्यक्तिहरू संलग्न थिए । त्यसरी नै विद्यार्थी ११.३ प्रतिशत, जागिरे १६.० प्रतिशत, व्यापारी १६.० प्रतिशत र अन्य विभिन्न पेशामा संलग्न २२.७ प्रतिशत बन्दीहरू रहेको पाइयो । यसबाट के बुझ्न सकिन्छ भने राष्ट्रिय तथ्याङ्कलाई तुलना गर्दा पर्वत जिल्ला कारागारमा कृषिमा संलग्न बन्दीहरू थोरै देखिए पनि अप्रत्यक्ष अरू पेशामा लागेकाहरू पनि कृषि पेशामा लागेका छन् । जुन तथ्याङ्कमा आएको देखिदैन । कृषिबाट गुजारा गर्न नसकेर सकी नसकी अन्यत्र पेशा गर्नु परेको बुझिन्छ ।

## ४.२.७ सन्तान भएका र नभएका आधारमा बन्दीहरूको विवरण

बालबच्चा हुनु वा नहुनुले विभिन्न कार्य सम्पादन गर्न विशेष प्रभाव पारेको हुन्छ । बालबच्चाकै आधारमा समेत बन्दीको परिवारको आर्थिक अवस्थालाई अध्ययन गर्न सहयोग पुग्ने हेतुले प्रश्नावली निर्माण गरिएको थियो । जसको विवरण यस प्रकार रहेको छ ।

तालिका नं. ४.१७

सन्तान भएका र नभएका आधारमा बन्दीहरूको विवरण

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सन्तान भएका | २८ | ६३.६ |
| सन्तान नभएका | १६ | ३६.४ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

यो तथ्याङ्कबाट बढी बालबच्चा भएका बन्दीहरू २८ जना अर्थात् ६३.६ प्रतिशत नै कारागारमा भेटिए भने थोरै मात्रामा १६ जना अर्थात् ३६.३ प्रतिशत बालबच्चा नभएका बन्दीहरू भेटिए । यसबाट हामीले कि गरीबको अवस्था र बालबच्चाको कारण, चेतना, र साथीसङ्गतको असरबाट बन्दीहरू कुबाटोमा लागे भन्ने निष्कर्ष निकाल्न सकिन्छ । पर्वत जिल्ला कारागारमा रहेका १६ जना सन्तान नभएका बन्दीहरूमध्ये प्रायः सबै अविवाहित नै भएकोले यस्तो हुन गएको हो ।

### ४.२.८ पढ्ने विद्यालयको किसिमका आधारमा बन्दीहरूको विवरण

वर्तमान नेपालको सन्दर्भमा नीजी विद्यालयप्रतिको आकर्षण ह्वात्तै बढेको पाइन्छ भने सामुदायिक विद्यालयहरू सरकारी लगानी बढी भए पनि खस्कँदै गएको पाइन्छ । हुनेखाने र आफूलाई इज्जतदार सम्झनेहरूले नीजी विद्यालयहरूमा आफ्ना सन्ततिहरू पढाएको पाइन्छ । गरीब र सामान्य मानिसहरूले मात्रै सरकारी विद्यालयहरूमा विद्यार्थी पढाएका छन् । यो कारागारमा पनि यो विषयलाई अध्ययन गर्नको लागि प्रश्न सोधिएको थियो । जसको विवरण यस प्रकार रहेको छ ।

तालिका नं. ४.१८

सन्तान पढ्ने विद्यालयको किसिम

| सन्तान पढ्ने विद्यालयको किसिम | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सामुदायिक | ३४ | ७७.३ |
| नीजी | १० | २२.७ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

यो तालिकालाई अध्ययन गर्दा सामुदायिक विद्यालयमा सबैभन्दा बढी ३४ जना बन्दीका सन्तानहरू अर्थात् ७७.३ र नीजी विद्यालयमा १० जना बन्दीका सन्तानहरूमात्र अर्थात् २२.७ प्रतिशतले अध्ययन गरेको पाइयो । यो तथ्याङ्कले पनि सामुदायिक विद्यालयमा पढ्नु राम्रो भए तापनि अहिलेको परिस्थिति र नेपाल राष्ट्रको तथ्याङ्क हेर्दा हुनेखाने र पहुँचवालाले मात्रै नीजी विद्यालयहरूमा अध्ययन गर्ने परिपाटी देखिएको हुँदा यहाँ नीजी विद्यालयमा पढ्ने बन्दीहरूका सन्ततिहरूको न्यून सङ्ख्या देखिएको कारण पारिवारिक आर्थिक अवस्था कमजोरै हो कि भन्न सकिन्छ ।

# अध्याय : पा“च

## बन्दीहरूको जीवन पद्धति र कारागार व्यवस्थापन

यस अध्याय अन्तर्गत पर्वत जिल्ला कारागारमा रहेका बन्दीहरूले कारागारबाट प्राप्त गर्ने सुविधा, बन्दीको दिनचर्या, समस्या समाधान, बन्दीहरूको स्वास्थ्य र उपचारसम्बन्धी जानकारी, बन्दी र घरपरिवार/इष्टमित्रको भेटघाटसम्बन्धी विवरण, बन्दी र कारागार प्रशासनबीचको अन्तरक्रिया, कारागारको समस्या बारे बन्दीहरूको धारणा, बन्दी जीवन पश्चात् बन्दीहरूले गर्ने अनुमानित काम वा व्यवसाय, बन्दीहरूले घरमा हाल परिरहेको समस्या, बन्दी जीवन पश्चात् बन्दीहरूलाई पर्ने सम्भावित समस्या लगायतका विषयहरूको अध्ययन गरी बन्दी जीवन पद्धति र कारागार व्यवस्थापनलाई विश्लेषण गरिएको छ ।

### ५.१ बन्दीहरूको जीवन पद्धति

बन्दीहरू जेल जीवन बिताइरहेको अवस्थामा बाहिरी समाजमा जस्तै उनीहरू कारागारको बन्द समाजभित्र दैनिक दिनचर्या कसरी बिताइरहेका छन् ? सर्वसाधारण जनताको सरोकारको विषय हुने गर्दछ । उनीहरू कारागारमा कस्ता सोचाइहरू सोचिरहेका छन् ? के गरी दिनहरू बिताइरहेका छन् भनी उनीहरूको वास्तविक जीवन पद्धतिको अध्ययन गरी प्राप्त तथ्याङ्कहरूका आधारमा विश्लेषण गरिएको छ ।

#### ५.१.१ कारागारमा रहनुको कारण

पर्वत जिल्लाको कारागारमा रहेका बन्दीहरू के कति कारणबाट जेल जीवन व्यतीत गरिरहेका छन् साथै उनीहरूको मुद्दा कुन प्रक्रियाका छन् साथै बन्दीहरू के कति प्रकारका छन् भनी विश्लेषण तलको तालिकामा गरिएको छ ।

तालिका नं. ५.१

बन्दीहरूको प्रकारको विवरण

| बन्दीको प्रकार | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| अदालतको फैसला अनुसार (कैदी) | २५ | ५६.८ |
| अदालतको धरौटी बुझाउन नसकेर | ३ | ६.८ |
| मुद्दा चल्दैछ | १६ | ३६.४ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत : क्षेत्रगत अध्ययन, २०६८*

माथिको तालिकाबाट हामी बन्दीहरूलाई थुनुवा र कैदी दुई प्रकारमा विभाजित गर्न सक्छौं । थुनुवा भन्नाले मुद्दा चलिरहेका वा अदालतले दोषी हो भनी फैसला नगरेका, कैदी भन्नाले मुद्दाको फैसला भइसकेर अदालतले तोकेको सजाय पूरा गर्ने र तोकेको धरौटी दाखिला गर्न नसकेर बन्दीका रूपमा रहेका माथिको तालिका नं. ५.१ अनुसार ३६.४ प्रतिशत थुनुवा अर्थात् पुर्पक्षका लागि थुनामा रहेका छन् भने ५६.८ प्रतिशत अदालतले मुद्दा फैसला गरेर तोकेको सजाय पूरा गर्न बसेका कैदीहरू छन् । साथै ६.८ प्रतिशत बन्दीहरूको मुद्दा चलिरहेको तर पुर्पक्षका लागि थुनामा बसेको नभइ अदालतले तोकेको धरौटी दाखिला गर्न नसकेर बन्दीका रूपमा जीवन व्यतीत गरिरहेका छन् । यसरी हेर्दा ५६.८ प्रतिशत कैदी, ३६.४ प्रतिशत थुनुवा र ६.८ प्रतिशत धरौटी बुझाउन नसकी बसेका बन्दीहरू हाल यस कारागारमा बन्दी जीवन व्यतीत गरिरहेका छन् । यो तथ्याङ्कलाई संश्लेषण गरी हेर्दा पुर्पक्षमा रहेका बन्दीहरूलाई छिटो मुद्दाको तहकिकात हुनुपर्ने र धरौटी बुझाउन नसकेका सामान्य गरीब बन्दीहरूलाई विशेष व्यवस्था गर्नुपर्ने देखिन्छ ।

## ५.१.२ बन्दीहरूले कसुर गर्नाको कारण

समाजमा हुने सामाजिक र असामाजिक सबै कार्यका पछाडि समाजका मूल्य, मान्यता, आदर्श लगायतले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । समाजका मूल्य मान्यताले व्यक्तिको सामाजीकरणमा व्यक्ति–व्यक्तिबीचको सम्बन्धका साथै सहकार्यमा

प्रभाव पारेको हुन्छ । यसरी सामाजिक मूल्य मान्यताले व्यक्तिको सामान्य अन्तरक्रियादेखि लिएर समग्र समाजको सांस्कृतिक संरचनामा अहम् भूमिका खेलेको हुन्छ । समाजका सदस्यहरूले के कस्ता उद्देश्यहरू पूर्ति गर्न कस्ता उपायहरू अपनाएका रहेछन् भन्ने कुरा सामाजिक परिस्थिति र अवस्थाले फरक पार्दछ । यस कुरालाई हेर्दा कुनै मानिसले त्यही उद्देश्य पूर्ति गर्न कुनै समाजमा एउटा माध्यमबाट अगाडि बढ्छ भने अर्को समाजमा अर्को माध्यमबाट अगाडि बढेको पाइन्छ । यसरी समाजमा हुने असामाजिक र अनैतिक कार्य सामाजिक परिस्थिति र त्यस परिस्थितिलाई व्यक्तिले बुझिरहेको बुझाइ वा उसले लगाएको अर्थअनुसार गरिरहेको हुन्छ । आपराधिक कार्यहरू आज सबै समाजमा पाइए पनि अपराधको किसिम र प्रकृति भने फरक-फरक पाइन्छ । उक्त कार्य गर्नका पछाडि कारण पनि फरक-फरक हुन सक्छन् । यस अध्ययनमा बन्दीहरूले के कस्ता कारणबाट अपराध गरेका थिए भन्ने कुरा उल्लेख गर्न कसुर गर्नाको कारणबारे प्रश्न गरिएको थियो जसलाई तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ५.२

बन्दीहरूले कसुर गर्नाको कारण

| **कारणहरू** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| साथीसङ्गत | २२ | ५० |
| पारिवारिक | १० | २२.८ |
| मानसिक (आवेग) | ८ | १८.१ |
| अनुत्तरित | ४ | ९.१ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत : स्थलगत अध्यय, २०६८*

समाजमा विभिन्न परिवेश तत्त्वका कारण मानिस विभिन्न प्रकृति र विसङ्गतिमा संलग्न रहेको पाइन्छ । माथिको तालिकाबाट पनि पर्वत जिल्ला कारागारमा रहेका बन्दीहरूको अध्ययनबाट प्राप्त तथ्याङ्कको आधारमा सबैभन्दा बढी साथी सङ्गतको

कारण ५० प्रतिशत, पारिवारिक कारण २२.८ प्रतिशत, मानसिक आवेग १८.१ प्रतिशत, के कारणले हो थाहै नपाइकन उत्तर दिन नसक्ने ९.१ प्रतिशत रहेको पाइयो ।

माथिको तथ्याङ्कबाट समाजमा आफ्ना साथी-साथीको लहैलहैले नसोचिकन व्यक्तिहरू अपराध गर्न उत्प्रेरित हुँदा रहेछन् भन्न सकिन्छ । जसमा सबैभन्दा बढी साथी सङ्गतकै कारणबाट अपराधमा संलग्न रहेको देखियो । यसैले समाजको अवस्थाले अपराधलाई प्रभाव पार्दो रहेछ ।

### ५.१.३ अदालतको निर्णयप्रति बन्दीहरूको धारणा

यस कारागारमा रहेका बन्दीहरूलाई अदालतले फैसला गरिसकेको वा पुर्पक्षमा बन्दी जीवन बिताइरहेका बन्दीहरूलाई अदालतको फैसलाप्रति उनीहरूको धारणा कस्तो छ उनीहरूले आफूले गरेको कसुरअनुसार सजाय तोकिएको वा पुर्पक्षमा राखिएको हो त्यसमा बन्दीहरूका धारणा के छ भनी प्रश्न गरिएको थियो । जसलाई तलको तालिकाबाट प्रष्ट पारिन्छ ।

तालिका नं. ५.३

अदालतको निर्णयप्रति बन्दीहरूका धारणा

| **बन्दीहरूका धारणा** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| सकारात्मक | ३० | ६८.१ |
| नकारात्मक | १४ | ३१.९ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत: क्षेत्रगत अध्ययन, २०६८*

कुल ४४ जना बन्दीहरूलाई सोधिएका प्रश्नमा ६८.१ प्रतिशत बन्दीहरूले फैसलाप्रति सकारात्मक धारणा राख्दछन् । माथिको तालिका नं. ५.३ अनुसार बहुसंख्यक कैदीहरूलाई आफूले गरेको कार्यप्रति पश्चाताप भएको र आफूले गरेको कुकार्यले आफूले कैदी जीवन व्यतीत गर्नु परेको कुरालाई सकारात्मक र सहज रूपमा लिएको पाइयो भने ३१.९ प्रतिशत बन्दीहरूले आफूलाई फसाइएको र अदालतको निर्णयप्रति नकारात्मक धारणा राखेको देखियो । यसबाट के बुझ्न सकिन्छ भने

केहीलाई कैदी तोकेको र केही पुर्पक्षकै लागि थुनिएको हुँदा यसलाई पनि सकारात्मक रूपले लिनु पर्दछ ।

### ५.१.४ बन्दीहरूले जेलमा समय बिताउने माध्यम

आफ्नो गल्तीको सजाय भोग्नुका साथै गल्तीको प्रायश्चित गर्नका लागि कारागारमा रहेका बन्दीहरू आफ्नो दैनिक जीवन कसरी बिताइ रहेका छन् । कारागारभित्र मुख्य के गर्दछन् वा उनीहरूको समय बिताउने माध्यम के छ ? भनी बुझ्ने क्रममा बन्दीहरूलाई प्रश्न गरिएको थियो जसको विवरण यस प्रकार रहेको छ ।

तालिका नं. ५.४

बन्दीहरूले जेलमा समय बिताउने माध्यम

| **समय बिताउने माध्यम** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| खेलेर, सुतेर वा पढेर | १० | २२.७ |
| टेलिभिजन हेरेर | ८ | १८.१ |
| आयमूलक काम गरेर | २६ | ५९.२ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

यस कारागारका कुल बन्दीहरूको २२.७ प्रतिशत बन्दीहरूलाई प्रायः दिनभर खेलेर वा सुतेर समय बिताउनु परिरहेको छ भने ५९.१ प्रतिशत बन्दीहरू आयमूलक काम गर्दछन् । २०.४१ प्रतिशत बन्दीहरू मात्र टेलिभिजन हेरेर समय बिताउने गरेको पाइयो । यसरी हेर्दा कारागारभित्रको बहुमत सङ्ख्या अर्थात् ५९.१ प्रतिशत बन्दीहरूले आयमूलक काम गरेर समय बिताएको देखियो । यसलाई सकारात्मक रूपमा माने पनि टेलिभिजन हेरेर, खेलेर, सुतेर, पढेर समय बिताउने सङ्ख्या एकिकृत गर्दा झण्डै ४१ प्रतिशत देखियो । यसबाट जनशक्ति त्यसै खेर गएको पाइन्छ । यिनीहरूलाई पनि आयमूलक कार्यमा लगाउन सकेमा राष्ट्रिय आयमा केही हदसम्म भए पनि वृद्धि हुन पुग्दछ । यसलाई सम्बन्धित पक्षले ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

### ५.१.५ बन्दी परिवार/नातेदारबीचको अन्तरक्रिया

आफ्नो घरपरिवारभन्दा बाहिर बस्नु परेका बन्दीहरूलाई समय-समयमा परिवार र नातेदारहरू भेटघाट गर्न आउँछन् वा आउँदैनन् । घर बाहिर बस्नु परे पनि परिवार र नातेदारको परिधिभित्र रहेको महसुश गर्न पाएका छन् कि छैनन् ? परिवार र नातेदारले उसलाई कसरी हेर्दछन् साथै उसले घरपरिवार र अन्य नातेदारलाई कसरी लिएको छ भनी विश्लेषण गर्ने प्रयास गरिएको छ ।

तालिका नं. ५.५

बन्दीहरूको परिवार/नातेदारहरू बीचको धारणा

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| भेटघाट गर्न आउने | २४ | ५४.५ |
| भेटघाट गर्न नआउने | २० | ४५.५ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

यस कारागारमा ५४.५ प्रतिशत बन्दीहरूका परिवार बेलाबेलामा भेट गर्न आउँदछन् भने ४५.५ प्रतिशतलाई भेट गर्न आउँदैनन् । यसरी हेर्दा कारागारका झण्डै आधि जति बन्दीहरूलाई आफ्ना परिवार र इष्टमित्र भए पनि नभएको जस्तो अनुभव भइरहेको छ । हाम्रो जस्तो समाजमा परिवार भेट्न नआउने, कारागारमा परेकालाई तिरस्कृत गर्ने र परिवार/नातेदार भेटघाट गर्न नआउँदा बन्दीको जीवनमा नकरात्मक प्रभाव परिरहेको हुन्छ । भेट गर्न आउने र नआउनेमा पनि अपराधको प्रकृतिअनुसार सामान्य अपराध गरेका बन्दीका सचेत परिवार वा नातेदार भेट गर्न आएको पाइयो भने समाजले सुन्नै नसक्ने खालका अपराध गरेका बन्दीहरूका परिवार वा नातेदार भेट्न नआएको पाइयो ।

### ५.१.६ बन्दीको परिवार/नातेदार भेट्न आउने समयावधि

यस कारागारका बन्दीहरू जसलाई परिवारका सदस्य र नातेदारहरू कति समयावधिमा भेट गर्न आउँछन् भन्ने विवरण तलको तालिकामा विश्लेषण गरिएको छ ।

तालिका नं. ५.६

बन्दीको परिवार/नातेदार भेट्न आउने समयावधि

| भेट्न आउने समयावधि | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १ हप्ता देखि १ महिनासम्म | १० | ४१.७ |
| १ महिना देखि ३ महिनासम्म | ६ | २५.० |
| ३ महिना देखि ६ महिनासम्म | ६ | २५.० |
| बन्दी अवधिमा जम्मा १ पटक भेट्न आएका | २ | ८.३ |
| **जम्मा** | **२४** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

तालिका नं. ५.६ बाट यो स्पष्ट हुन्छ कि बन्दीहरूको नातेदार भेट्न आउने समय अन्तराल हेर्दा १ हप्तादेखि १ महिनाका बीचमा भेटघाट भइरहने बन्दीहरू ४१.७ प्रतिशत देखिन्छ भने २५ प्रतिशत क्रमशः १ महिनादेखि ३ महिनासम्म भेटघाट भइरहने र ३ महिनादेखि ६ महिनाबीचमा भेटघाट भइ रहनेहरू छन् । कुल २४ जना जसलाई भेटघाट गर्ने गरेका छन्, त्यसमा ८.३ प्रतिशत बन्दीहरूलाई उनीहरू बन्दी भएपछि एकपटक मात्र भेटघाट गर्न आएका छन् । यसरी भेटघाट गर्न बारम्बार आउनु र नआउनुमा मुद्दाको प्रकृति, प्रक्रिया, घर र नातेदारीको आर्थिक अवस्था साथै घर र कारागारबीचको दूरीले फरक पार्ने गर्दछ । त्यस्तै बन्दीहरू एक ठाउँबाट अर्को ठाउँमा स्थान परिवर्तन हुने हुँदा स्थान परिवर्तनबारे थाहा नभएर पनि भेटघाट गर्न कम आउने साथै एकपटक भेटघाट भएरपछि लामो समयसम्म भेटघाट नभएको हुन सक्दछ ।

### ५.१.७ बन्दीहरूलाई भेटघाट गर्न नआउनुका कारणहरू

यस कारागारमा रहेका ४५.५ प्रतिशत बन्दीहरूलाई उनका परिवार र नातेदारहरूले भेट गर्न आएका छैनन् । यसरी भेट गर्न नआउनुको कारणको बारेमा बन्दीहरूलाई सोधिएको थियो । जसको विवरण तल उल्लेख गरिएको छ ।

तालिका नं. ५.७

भेट गर्न नआउनुका कारण सम्बन्धी विवरण

| **विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| अनैतिक काम गरेकोले | ८ | ४०.० |
| आफन्त नभएकोले | २ | १०.० |
| खर्चको अभावले | ३ | १५.० |
| टाढा भएकोले | ४ | २०.० |
| आमाबावु बूढाबूढी भएकोले | ३ | १५.० |
| **जम्मा** | **२०** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

कुल ४४ जना बन्दीहरूमा २४ जना बन्दीहरूलाई भेटघाट गर्न आइ रहने गर्दछन् भने २० जना बन्दीहरू जसलाई परिवार र नातेदारहरू भेटघाट गर्न नआएकोमा ४० प्रतिशत बन्दीहरू आफूले अनैतिक कार्यहरू गरेकोले आफूलाई भेटघाट गर्न नआएका हुन् भन्छन् भने टाढा भएका कारण आउन नसकेको जानकारी २० प्रतिशतले दिए । १५ प्रतिशत बन्दीहरूले आमा-बावु बूढाबूढी भएको र आफन्त नभएकोले भेट्न नआएको जानकारी दिए । आफन्त नभएर भेट्न नआएका बन्दीहरू १० प्रतिशत रहेछन् । यस तथ्याङ्कलाई हेर्दा अनैतिक काम गरेका बन्दीहरूको आक्रोशले बढी सङ्ख्यामा बावु-आमा भेट्न नआएको पाइन्छ । यसबाट सकारात्मकभन्दा पनि नकारात्मक असर पर्ने भएकोले बन्दीहरूलाई नभेटी बस्नुभन्दा भेट्दै राम्रो हुने जानकारहरू बताउँछन् ।

## ५.१.८ बन्दीहरूको एकापसको व्यवहार

यस कारागारमा रहेका बन्दीहरूको सामाजिक व्यवहार कस्तो छ ? उनीहरूको एकापसको अन्तरक्रिया कस्तो छ, एकले अरू बन्दीको व्यवहारलाई कसरी लिएका छन् ? जहाँ उनीहरू एउटा समाज र परिवेशमा रहेका छन् । जसलाई बुझ्ने क्रममा

उनीहरू बीचको एकापसको सम्बन्ध कस्तो छ भनी प्रश्न गरिएको थियो । प्रश्नहरूबाट आएको उत्तरका आधारमा तथ्याङ्क तल उल्लेख गरिएअनुसार देखिन्छ ।

तालिका नं. ५.८

बन्दीहरूको एकापसको व्यवहार

| **विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| राम्रो | २५ | ५६.९ |
| सामान्य | १० | २२.७ |
| नराम्रो | ५ | ११.३ |
| अनुत्तरित | ४ | ९.१ |
| जम्मा | ४४ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

माथिको तालिका नं. ५.८ अनुसार बन्दीहरूले एकापसमा गर्ने व्यवहारलाई ५६.९ प्रतिशतले राम्रो भनेका छन् भने २२.७ प्रतिशतले उक्त व्यवहारलाई सामान्य मान्दछन् । त्यस्तै ११.३ प्रतिशत बन्दीहरू नराम्रो मान्दछन् भने उत्तर नै दिन नचाहने बन्दीहरूको सङ्ख्या ९.१ प्रतिशत रहेको पाइयो । यसरी हेर्दा एउटा समाजको रूपमा रहेको कारागारमा जहाँ प्रायः उनीहरू गल्तीको सजाय भुक्तान गर्न बसेका छन् भने केही गल्ती कार्यका कारण अनुसन्धानका लागि बसेका छन् । यसरी लगभग एउटै उद्देश्य पूर्तिका लागि रहेका भए पनि सबैको सबैप्रति समान व्यवहार भएको पाइएन । उनीहरू बीचमा समानता नपाइनुमा बन्दीहरू आ–आफ्नै वातावरणबाट आएको हुनाले साथै उनीहरूको व्यक्तिगत विचार आदि फरक पर्नाले पनि उनीहरू बीचमा सुमधुर सम्बन्ध बन्न नसकेको हुनसक्छ । त्यस्तै पहिलेदेखि जेल जीवन बिताइरहेका र हालसालै आएकामा पनि यस्तो व्यवहार हुनसक्छ, तर समग्रमा हेर्दा ५६.८ प्रतिशत अर्थात् बहुमत बन्दीहरूले व्यवहार राम्रो हुने गरेको बताएका छन् । त्यसकारण बन्दीहरू बीचको सम्बन्ध राम्रो मान्न सकिन्छ । समग्रमा नराम्रो भन्ने मात्र ११.३ प्रतिशतलाई लिँदा आफूले सोचेअनुसारको नपाएकोले नराम्रो भन्न सक्छन् ।

### ५.१.९ कर्मचारीको व्यवहारप्रति बन्दीहरूको धारणा

कारागारमा रहेका बन्दीहरूको दैनिक जीवनमा आइपर्ने समस्याका सम्बन्धमा कारागारका कर्मचारीहरू (समस्या समाधान गर्ने उत्तरदायित्व लिएर बसेका) ले समस्याप्रति कत्तिको ध्यान दिने गर्दछ भनेर बुझ्ने प्रयास यहाँ गरिएको छ । हाम्रो देशको आर्थिक वा सामाजिक स्थितिले पनि बन्दीहरूप्रति राष्ट्रको साथै कर्मचारीहरूको दृष्टिकोण फरक परेको कुरा अगाडि नै उल्लेख गरि एझैं यहाँ समस्या समाधान गर्न सम्बन्धित निकाय सक्षम वा असक्षम जे भए पनि उनीहरूले बन्दीहरूको समस्याप्रति कत्तिको ध्यान राख्दछन् भन्ने विषयमा यहाँ विश्लेषण गरिएको छ ।

तालिका नं. ५.९

कर्मचारीको व्यवहारप्रति बन्दीहरूको धारणा

| **विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| सुन्नु हुन्छ | ३० | ६८.२ |
| सुन्नु हुन्न | २ | ४.५ |
| भेट हुनै गाह्रो | १० | २२.८ |
| थाहा छैन | २ | ४.५ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

माथिको तथ्याङ्कअनुसार ६८.२ प्रतिशत झण्डै दुईतिहाइ बन्दीहरूको भनाइमा उनीहरूको समस्या कारागारका कर्मचारीहरूले चासो राख्ने वा ध्यान दिएर सुन्ने गर्दछन् भने २२.८ प्रतिशत बन्दीहरू कर्मचारी मुख्यतः कारागार प्रमुख र प्रहरी प्रमुखलाई भेट हुन गाह्रो वा सजिलै भेट्न नसकिने बताउँछन् । ४.५ प्रतिशत बन्दीहरूले समस्यालाई ध्यान दिएर सुन्दैनन् भन्ने बताउँदछन् भने त्यसै गरी ४.५ प्रतिशत बन्दीहरूले थाहै छैन भनेर भन्दछन् । यसो भन्नुमा भर्खर बन्दी जीवन बिताइरहेका बन्दीहरू हुनु पर्दछ । यसरी हेर्दा बन्दीहरूको समस्या पूर्ण रूपमा समाधान नभए पनि कर्मचारीहरूले उनीहरूको समस्याप्रति चासो राख्ने गरेको पाइन्छ । जसमा यसमा केही बन्दीहरू नकारात्मक उत्तर दिनुको पछाडि उनीहरूले

राख्ने वा भन्ने गरेका समस्याहरूको प्रकृति अनुसार उनीहरूले बढी ध्यान नदिएकोले पनि हुन सक्छ ।

### ५.१.१० बन्दीहरूको घर परिवारमा परेको समस्या

यस अध्यायमा सामान्यतयाः कसुर गरेका कारणले बन्दी जीवन बिताइ रहनु परेको अवस्थामा मुख्यतः घर परिवारमा के के समस्या परेका छन् भनेर बुझ्नको निमित्त प्रश्नावली गरेका थियौं । तिनै प्रश्नहरूको उत्तरको आधारमा सङ्कलित भएको तथ्याङ्कको विश्लेषण तल गरिएको छ ।

तालिका नं. ५.१०

बन्दीहरूको घर परिवारमा परेको समस्याको विवरण

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| आर्थिक | २५ | ५६.८ |
| सामाजिक | २ | ४.६ |
| छोराछोरीको भविष्य बिग्रिएको | १५ | ३४.० |
| थाहा नभएको | २ | ४.६ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

माथिको तालिका नं. ५.१० अनुसार बन्दीहरूको घरपरिवारमा परेको मुख्य समस्याको रूपमा आर्थिक समस्या रहेको छ । यसरी घरपरिवारमा आर्थिक समस्या परेको छ भन्ने बन्दीहरूमा ५६.८ प्रति शत रहेको छ । आफू बन्दीको रूपमा रहँदा छोराछोरीको भविष्य बिग्रिएको भन्नेमा ३४ प्रतिशत रहेका छन् । ४.६ प्रतिशत बन्दीहरू आफ्नो घरमा के कस्तो समस्या परिरहेको छ भन्ने कुरा थाहा नभएको बताउँछन् । ४.६ प्रतिशत बन्दीहरूको घरपरिवारमा सामाजिक समस्या परेको बताउँछन् । हाम्रो समाजमा कसुर गरेर थुनिएको बन्दी र बन्दीका परिवारका सदस्यलाई सकारात्मक दृष्टिकोणले हेरिदैन । कतिपय बन्दीहरूको घरमा परेको सामाजिक समस्या परिवारका सदस्यहरूलाई अपराधको प्रकृतिअनुसारको नाम जोडेर

उनीहरूलाई होच्याउँने साथै सामाजिक कार्यहरूमा भेदभावको दृष्टि राख्ने गरेको बताउँछन् भने घरमा आर्थिक उपार्जन गर्ने मानिस नभएकोले र भए पनि अरूको कमाइले मात्र घर धान्न मुस्किल परेको बताउँछन् । यस कारागारमा रहेका झण्डै आधाभन्दा बढी बन्दीहरूको घरमा आर्थिक समस्या मुख्य रूपमा रहेको छ । कतिपय बन्दीहरू घरको मूलि मानिस भएको र घरमा श्रीमतीले घर व्यवहार चलाउनु परेको कारण छोराछोरीको उचित हेरविचार हुन सकेको छैन । छोराछोरी बिग्रने डर भएको एकातिर छ भने अर्कोतर्फ आफू धेरै समय बस्नुपर्ने घरमा श्रीमती बस्ने हो वा होइन । यदि श्रीमती नबसी दिएमा बच्चाको भविष्य बिग्रने समस्या देखाउने पनि ३४ प्रतिशत बन्दी पाइयो । केही बन्दीहरू आफ्नो घरमा के कस्तो समस्या परेको छ भन्ने कुरामा अनभिज्ञ छन् । उनीहरू खास गरिकन बेठिक काम गरेकोले र परिपक्व नभएर घरको समस्या बुझ्न नसकेको हो भन्न सकिन्छ ।

### ५.१.११ अपराधी प्रवृत्ति र मानव समाजको सम्बन्ध बारेको धारणा

मानव उच्च चेतनशील प्राणी भएकोले मानव समाजको सभ्यताले नै समाजलाई सुसंस्कृत बनाउन सम्भव हुन्छ । यसै सम्भावनालाई आधार बनाएर विश्व मानव समाज सभ्य र सुसंस्कृत बनाउन विभिन्न विचार र विधिको प्रयोग गर्दै अगाडि बढेको पाइन्छ । यसै सन्दर्भमा कुनै न कुनै रूपको अपराधी प्रवृत्ति बोकेर जेलमा बसेका बन्दीहरूलाई उनीहरूको प्रवृत्तिले मानव समाजको सम्बन्धमा कस्तो असर पारेको छ भनी प्रश्न गरिएको थियो । जसको सङ्ख्या र आएको प्रतिशत उल्लेख गरिएको छ ।

तालिका नं. ५.११

अपराधी प्रवृत्ति र मानव समाजको सम्बन्धको बारेमा बन्दीहरूको धारणा

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| अस्तव्यस्त हुन्छ | ३३ | ७५.० |
| ठिकै हुन्छ | ७ | १६.० |
| अनुत्तरित | ४ | ९.० |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

बन्दीहरूको धारणाहरूबाट आएको तथ्याङ्कलाई अध्ययन गर्दा अपराधी प्रवृत्तिले अस्तव्यस्त बनाउँछ भन्नेमा सबैभन्दा बढी ७५ प्रतिशत बन्दीहरूको मत छ । न ठीक न बेठीक भनेर १६ प्रतिशत बन्दीहरूले मत दिएका छन् भने ९.० प्रतिशत बन्दीहरू भर्खरै प्रवेश गरेकोले वा प्रश्नको प्रभावलाई विश्लेषण गर्न नसकेर अनुत्तरित रहेको पाइयो । यसबाट के सहजै बुझ्न सकिन्छ भने अपराधी प्रवृत्तिले र मानव समाजलाई निकै नै अस्तव्यस्त बनाउँछ भनेर निष्कर्ष निकाल्न सकिन्छ ।

### ५.१.१२ कारागार पश्चात् बन्दीहरूको जीवन पद्धति

अपराधको प्रकृतिअनुसार सजाय धेरै वा थोरै भए पनि सामान्य जीवन बिताइरहेको मानिस आफ्नो घरपरिवार व्यवसाय छोडेर लगभग एकान्तमा बास बसेजस्तो जीवन जीउन वाध्य भएका बन्दीहरू कारागारबाट निस्केपछि के गर्नेछन् ? जहाँ एकातिर समाजले उनलाई सकारात्मक हिसाबले हेर्दैन भने अर्कोतर्फ उनीहरूको पहिलादेखि गर्दै आएको स्थापित व्यवसाय लथालिङ्ग भएको हुनसक्छ । साथै धेरैको कारागारपछिको जीवनमा यस्तै अगाडि उल्लेख गरिए जस्तो समस्या एकातिर रहने भए पनि भविष्यमा (कारागार पश्चात्) आफूले के व्यवसाय गर्ने र कसरी जिन्दगी बिताउने भन्ने सन्दर्भमा सोधिएका केही प्रश्न र त्यहाँबाट निस्किएको तथ्याङ्क प्रस्तुत गरिएको छ ।

तालिका नं. ५.१२

कारागार पश्चात् बन्दीहरूको जीवन पद्धति

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पूरानो व्यवसाय गर्ने | १० | २२.७ |
| ज्याला मजदूरी गर्ने | ११ | २५.० |
| खेतीपाती गर्ने | १५ | ३४.१ |
| सामाजिक कार्य गर्ने | ३ | ६.९ |
| यहाँ सिकेको सीप लागु गर्ने | १ | २.२ |
| हालसम्म नसोचेको | ४ | ९.१ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

बन्दीहरूको कारागार पश्चात्को सम्भावित जीवनयापन गर्ने माध्यमको सम्बन्धमा हेर्दा सबैभन्दा बढी अर्थात् ३४.१ प्रतिशत बन्दीहरूले खेतीपाती गरेर जीवनयापना गर्ने सोच बनाएका छन् भने मात्र ६.९ प्रतिशतले सामाजिक कार्यहरू गर्ने वा सामाजिक कार्यकर्ता बनेर समाजलाई आमूल परिवर्तन गर्ने लक्ष्य लिएका छन् । त्यस्तै २५ प्रतिशत ज्याला मजदूरी गर्ने सोचमा रहेका छन् । त्यसै गरी २.२ प्रतिशत बन्दीहरूले आफूले सिकेको सीपको सदुपयोग गर्ने र ९.१ प्रतिशत बन्दीहरूले हालसम्म नसोचेको बताउँदछन् । यहाँबाट छुटिसकेपछि पूरानो स्थापित पेशा र व्यवसायलाई निरन्तरता दिने मानसिकता बनाएका २२.७ प्रतिशत छन् । यस तालिकालाई हेर्दा के बुझिन्छ भने ठाउँ र बन्दीहरूको वर्गीय अवस्थाको आधारमा पेशा व्यवसाय रोजेको देखिन्छ । नेपाल कृषि प्रधान देश भएको र घरमा केही जग्गा रहेको र त्यसैमा दुखजिलो गरिकन जीवन धान्ने सबैभन्दा बढी बन्दी देखिए । यसलाई आधुनिकतातर्फ लान सकेमात्र परिवर्तन हुनसक्ने देखिन्छ । कुनै न कुनै योजना ९१.० प्रतिशतले गरेको पाइयो । तर ९.० प्रतिशतले कुनै योजना नबनाउनुमा भरखर कैद फैसला भएकोले त्यसप्रति नसोचेको हो भन्न सकिन्छ ।

### ५.१.१३. बन्दीहरूले कारागार पश्चात् भोग्नु पर्ने समस्या

समाजले अवैध ठहऱ्याएर सजाय पाएको वा यस्तो कार्यको आरोपमा अनुसन्धानमा रहेका बन्दीलाई बन्दी जीवन पश्चात् के कस्तो समस्या आइपर्ने हो वा उनीहरूलाई पछि के कस्तो समस्या आउनेछ भन्ने सोचेका छन् भनी बुझ्ने प्रयास यस शीर्षकमा गरिएको छ । हाल बन्दीहरूको घरमा परेको समस्या यो भन्दा अगाडिको तालिकामा विश्लेषण गरिएको थियो भने यस तालिकामा पछि पर्न सक्ने समस्याको विश्लेषण गरिएको छ । समय र परिस्थितिले भिन्नै प्रकृतिका समस्याहरू पनि ल्याउन सक्दछ तर भोलिको परिस्थिति के कस्तो हुन्छ भन्ने कुरालाई एकातिर राखेर अहिले देखिएको परिस्थिति र वातावरणमा बसेर हेर्दा उनीहरूले भविष्यमा कस्तो समस्या भोग्नु पर्छ भन्ने तथ्य तल विश्लेषण गरिएको छ ।

तालिका नं. ५.१३

बन्दीहरूले कारागार पश्चात् भोग्नु पर्ने समस्याहरू

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| समाजले हेला गर्ला भन्ने | २० | ४५.५ |
| पारिवारिक समस्या | १५ | ३४.१ |
| उमेरको कारण कमाउन नसकिने | ५ | ११.३ |
| थाहा छैन | ४ | ९.१ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

यस तालिकालाई अध्ययन गर्दा ४५.५ प्रतिशत बन्दीहरू भोलि समाजले आफूलाई सकारात्मक रूपमा नलिने हो कि, हेला गर्ने हो कि भन्ने आशङ्का व्यक्त गर्दछन् । यसरी भोलिको समाजमा कैदी वा बन्दी पनि असल नागरिकको रूपमा बस्न सक्छन् भन्ने मान्यताको विकास हुन सक्ला तर अहिलेको परिस्थिति र समाजले हेर्ने गरेको दृष्टिकोणका आधारमा बन्दीहरूको भविष्यमा पर्ने मुख्य समस्याको रूपमा समाजले हेला गर्ला भन्ने छ । दोस्रो समस्या पारिवारिक समस्या रहेको छ । पारिवारिक समस्या मुख्य समस्याको रूपमा आउला भन्नेहरू ३४.१ प्रतिशत छन् । यस्ता

पारिवारिक समस्याहरूमा अविवाहितलाई विवाह गर्न समस्या पर्नसक्ने साथै विवाहितको पनि श्रीमती घरमा नबसिदिएमा वा नबस्ने सम्भावना भएकाहरू भोलि आफूलाई यहाँबाट निस्केपछि पर्ने मुख्य समस्याको रूपमा देखाउँछन् । यसबाट साना–साना उमेरमा रहेका बच्चाबच्चीहरू बिचल्लीमा पर्ने चिन्ता व्यक्त गरे । यसै गरी हाल आफ्नो उमेर बढी नै भएको साथै पछि यहाँबाट निस्कँदा आफ्नो उमेरका कारण आयआर्जन गर्न नसकिने र आफूले नगरेसम्म खान नपुग्ने स्थिति भएकाहरूले कारागार पश्चात्को समस्याको रूपमा उमेरको कारण आयआर्जन गर्न नसकिने बताउँछन् । जसमा ११.३ प्रतिशत बन्दीहरू छन् । यसैगरी परिपक्व नहुँदै उन्माद र आक्रोशबाट कसुर गरी बन्दी जीवन बिताउनु परेका केही युवाहरूले भोलि समस्या के पर्ने हो थाहा नभएको बताउँछन् यस्तो सङ्ख्या ४.६ प्रतिशत देखियो । यो तथ्याङ्कलाई सारमा विश्लेषण गर्दा अधिकाङ्श बन्दीहरूमा सकारात्मक सोच र कसुर गर्दा गल्ती गरेको महसुश गरेको पाइयो । जसले गर्दा भोलि अरू व्यक्तिहरूले कसुर गर्न नसक्ने स्थिति बन्ने धारणा पाइयो ।

### ५.१.१४ आफूहरूको जीवनशैली बारे बन्दीहरूको धारणा

मानिसहरूले कसुर गरिसकेपछि कसुरको जवाफ कसुर नभइ परिवर्तित समाजको राज्यमा कसुर गर्नेलाई सुधार्नु वा कानूनी भाषामा जेलमा राख्नु भन्ने बुझिन्छ । कारागार व्यवस्थापन पक्षको निगरानी, सहयोग र सुरक्षाले उनीहरूलाई प्रभाव पारेको हुन्छ । सो अवस्थाले बन्दीहरूको दिमागमा भावी जीवनबारे उथलपुथल भइ विभिन्न विचार र भावना तरङ्गित हुन्छन् । उनीहरूको चिन्ताले जीवनशैलीलाई समेत निर्देशित गर्दछ । जसलाई बुझ्नका निम्ति बन्दीहरूसँग प्रश्न गरिएको थियो । जसको विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ५.१४

आफूहरूको जीवनशैलीको बारेमा बन्दीहरूको धारणा

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सुधार छ | २७ | ६१.४ |
| उस्तै हो | ९ | २०.४ |
| झन् खस्कदैछ | ४ | ९.१ |
| थाहा छैन | ४ | ९.१ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

माथिको तालिकालाई अध्ययन गरी विश्लेषण गर्ने क्रममा सबैभन्दा बढी अर्थात् ६१.४ प्रतिशत बन्दी जीवनशैली सुधारिएको छ भन्ने धारणा राख्दछन् । त्यसैगरी उस्तै हो भन्नेमा २०.४ प्रतिशत बन्दीहरूको धारणा पाइयो । क्रमशः झन् खस्केको र थाहा छैन भन्नेमा ९.१/९.१ प्रतिशत देखियो । यसबाट समग्रमा के बुझ्न सकिन्छ भने केही बन्दीहरूलाई विविध पक्षले प्रभाव पारे पनि जेलमा बन्दीहरूको जीवनशैली सुधारिएको छ ।

## ५.२ कारागार व्यवस्थापन

बन्दीहरू कसुर गरिसकेपछि उनीहरूलाई सजाय स्वरूप जेलमा राख्ने विश्वभरि संवैधानिक मान्यता रहिआएको छ । उनीहरूलाई त्यहाँ राख्नुको मुख्य उद्देश्य सोचाइ परिवर्तन गरी सुयोग्य नागरिक बनाउनु पनि रहेको छ । यसका लागि सम्बन्धित पक्ष अर्थात् कारागार प्रशासनको पनि महत्त्वपूर्ण भूमिका रहेको हुनु पर्दछ । यहाँ पर्वत जिल्ला कारागारमा रहेको व्यवस्थापकीय भूमिकाप्रति तलका शीर्षकहरूमा तालिका बनाइ विश्लेषण गरिएको छ ।

### ५.२.१ बन्दी र अपराधको प्रकृति

पर्वत जिल्ला कारागारमा रहेका ४४ जना बन्दीहरूमध्ये कुन-कुन अपराधमा संलग्न रहेका छन् भनी बुझ्नका लागि प्रश्न गरिएको थियो । यस शीर्षकको

अध्ययनबाट एउटा समाजको रूपमा कारागारलाई तुलना गर्दा अझै पनि कुन अपराध तर्फ बन्दीहरूको ध्यान जाँदो रहेछ भनी बुझ्नका लागि सहज वातावरण सिर्जना गर्दछ । प्राप्त तथ्याङ्कहरूलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ५.१५

बन्दी र अपराधको प्रकृति

| **विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| कर्तव्य ज्यान | २० | ४५.५ |
| जवर्जस्ती करणी | ६ | १३.६ |
| सैनिक ऐन | ५ | ११.५ |
| गो-वध | ५ | ११.५ |
| चोरी डकैती | ३ | ६.९ |
| लागु औषध | १ | २.२ |
| ज्यान उद्योग | १ | २.२ |
| बहु-विवाह | १ | २.२ |
| मानव बेचविखन | १ | २.२ |
| गर्भपतन | १ | २.२ |
| **जम्मा** | ४४ | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

यस तालिकालाई अध्ययन गर्दा १० प्रकृतिका मुद्दाहरू मध्ये सबैभन्दा बढी कसुर कर्तव्य ज्यानमा केन्द्रित भएको पाइयो, जहाँ ४७.७ प्रतिशत बन्दीहरू रहेको देखियो । यसो हुनुको प्रमुख कारण आफ्नो सोचाइलाई सन्तुलित राख्न नसक्नु, आर्थिक अवस्था र कम चेतनाको पनि प्रभाव परेको हुनसक्छ । यसै गरी जवर्जस्ती करणीमा १३.६ प्रतिशत, क्रमश सैनिक ऐन र गो-वधमा ११.५ प्रतिशत त्यस्तै चोरी डकैतीमा ६.८ प्रतिशत र क्रमशः लागु औषध, ज्यान उद्योग, बहु-विवाह, मानव बेचविखन, गर्भपतनमा २.२ प्रतिशत रहेको पाइयो । यसलाई निराकरण गर्नका लागि सरकारले

गहिरो गरी प्रगतिशील चेतनास्तरका साथै आर्थिक अवस्थालाई सुधार गरी उद्योगधन्दालाई वृद्धि गर्नुपर्ने देखिन्छ ।

### ५.२.२ बन्दीको सङ्ख्या र जेलको अवस्थासम्बन्धी धारणा

नेपालभरी विभिन्न पत्रपत्रिका र मानवअधिकारका पुस्तकहरूमा कारागारका बन्दी बस्ने कोठा र त्यहाँको भौतिक अवस्था राम्रो नभएको खबर बाहिर आएको पाइन्छ । जसलाई पर्वत जिल्ला कारागारमा पनि बन्दीहरूको क्षमताअनुसार भौतिक व्यवस्था मिलाइएको छ कि छैन भनी प्रश्न गरिएको थियो । जसलाई तलको तालिकाद्वारा प्रष्ट पारिएको छ ।

तालिका नं. ५.१६

बन्दीको सङ्ख्या र जेलको अवस्थासम्बन्धी विवरण

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| क्षमता भन्दा बढी | ४० | ९१.० |
| क्षमता अनुसार | ४ | ९.० |
| **जम्मा** | **४४** | **१००** |

*स्रोतः स्थलगत अध्ययन, २०६८*

नेपालका ७१ जिल्लामा रहेका ७३ कारागारमध्ये प्रायः जसोमा बन्दीको सङ्ख्या र कारागारको भौतिक व्यवस्थापनलाई मिलाइएको छैन । भौतिक कठिनाइलाई हटाउने भन्दा पनि बन्दीलाई भेडाबाखा झैँ गरी मिसमास, खाँदखुँद गरी राखिएको पाइन्छ । सो कुराको पुष्टि पर्वत जिल्ला कारागारमा पनि भयो । जसमा कारागारको क्षमताभन्दा बढी राखिएको छ भन्ने तथ्याङ्क ४० जना वा ९१.० प्रतिशत बन्दीहरूबाट धारणा आयो । क्षमताअनुसार भन्नेमा जम्मा ४ जना वा ९ प्रतिशत पाइयो ।

### ५.२.३ शौचालय र स्नानगृहप्रतिको धारणा

यहाँका बन्दीहरूलाई सफासुग्घर रहनका लागि अत्यन्त आवश्यक पर्ने शौचालय र स्नानगृहको अवस्था कस्तो रहेछ भनी बुझ्नका लागि बन्दीहरूसँग छलफल गरिएको थियो । जसलाई तलको तालिकाद्वारा प्रष्ट पार्ने प्रयास गरिएको छ ।

तालिका नं. ५.१७

कारागारमा शौचालय र स्नानगृहप्रति बन्दीहरूको धारणा

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| काम गरिरहेको छ | १० | २२.७ |
| राम्रो | ५ | ११.३ |
| नराम्रो | २९ | ६६.० |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०६८*

मानवसभ्यता र स्वास्थ्यको दृष्टिकोण शौचालय र स्नानगृहको सही व्यवस्थाको नितान्त जरुरी छ । यस कारागारमा रहेका बन्दीहरूको प्रत्यक्ष मत सङ्कलनमा शौचालय र स्नानगृहको व्यवस्था राम्रो भन्नेमा जम्मा ११.३ प्रतिशत, काम गरिरहेको छ वा ठीकै छ मा २२.७ प्रतिशत, नराम्रो छ भन्नेमा सबैभन्दा बढी ६६.० प्रतिशत पाइयो । उक्त तथ्याङ्कको आधारमा र प्रत्यक्ष अवलोकनबाट यस कारागारमा शौचालय र स्नानगृहको अवस्था राम्रो छैन, ४ वटा मात्र रहेका शौचालय जानको निम्ति धेरै समय पालो कुर्नु परेको र स्नानगृह खुला भएको कारण नुहाउन समस्या परेको बन्दीहरूको गुनासो आएको पनि पाइयो । यसबाट सहज भन्न सकिन्छ कि शौचालय र स्नानगृहलाई सम्बन्धित पक्षले तत्काल ध्यान दिन जरुरी देखिन्छ ।

## ५.२.४ कारागारमा पुस्तकालयको व्यवस्थाप्रति बन्दीहरूको धारणा

चेतनशील प्राणी मानिसको निरन्तर विकासको निम्ति ज्ञानको विकास र विस्तार जरुरी छ । वर्तमान समयमा ज्ञानको आधारभूत समाजको जगको रूपमा प्रयोगमा रहेको पुस्तकालयको सही व्यवस्थापनको जरुरी देखिन्छ । जसको सहायताले अपराधमा लागेकालाई आफूले पश्चात्ताप गर्न र भावी दिनमा सामाजिक परिवर्तनको लागि र आफूमा सकारात्मक सोचको विकास गर्न पुस्तकालयले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । सो कुरालाई सहयोग पुऱ्याउनका निम्ति हरेक कारागारमा

पुस्तकालयको व्यवस्था गरिएको पाइन्छ र पर्वत कारागारमा व्यवस्थापन गरिएको पुस्तकालयप्रति बन्दीहरूको धारणा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५.१८

कारागारमा पुस्तकालयको व्यवस्थाप्रति बन्दीहरूको धारणा

| **विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| काम गरिरहेको छ | २३ | ५२.३ |
| राम्रो | ८ | १८.२ |
| नराम्रो | १० | २२.७ |
| थाहा छैन | ३ | ६.८ |
| **जम्मा** | ४४ | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०६८*

यो तालिकामा सबैभन्दा बढी काम गरिरहेको छ भन्ने धारणा पाइयो जुन धारणा ५२.३ प्रतिशत देखिन्छ । सबैभन्दा कम थाहा छैन भन्ने ६.८ प्रतिशत रहेको छ । जसको अर्थ हो, पढ्न नजान्ने वा पढाइप्रति चासो नराख्नेले यसो भनिएको हुन सक्दछ । त्यसै गरी राम्रो भन्नेमा १८.२ प्रतिशत जुन निकै थोरै हो र नराम्रो भन्नेमा २२.७ प्रतिशत देखियो । यसबाट परिवर्तित सन्दर्भमा बन्दीहरूलाई अध्ययनका लागि पुस्तकालयमा पुस्तकहरू पुगेका छैनन् र व्यवस्थापन राम्रो छैन भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

### ५.२.५ कारागारबाट प्राप्त सुविधाबारे बन्दीहरूको धारणा

गल्ती गर्नेहरूलाई गल्ती गरे वापत सजायका साथै गल्तीको प्रायश्चित्त गराउनका लागि बन्ने गरेका कारागारहरू त्यसको सामाजिक, भौतिक, वातावरण वा सुविधा के कति कस्तो हुने भन्ने कुरा राष्ट्रको क्षमता साथै उनीहरूप्रतिको दृष्टिकोणले फरक पार्ने गर्दछ । यसै विषयलाई विश्लेषण गर्ने क्रममा यस पर्वत जिल्ला कारागारमा रहेका बन्दीहरूलाई दैनिक रु. ४५/- र ७०० ग्राम चामल प्रदान गरिन्छ । साथै जाडोमा एकजोर र गर्मीमा एकजोर गरी वर्षको दुईजोर लुगा पनि दिने गरिन्छ ।

यसमध्ये बन्दीहरू मध्येबाट नै चुनिएको एक जना चौकीदार वा नाइकेलाई थप सुविधा प्रदान गरिएको हुन्छ । यसरी दैनिक गुजाराका लागि दिइने सिधा, पैसा र लुगाफाटोको अवस्थासम्बन्धी बन्दीहरूको धारणा तालिकामा विश्लेषण गरिएको छ ।

तालिका नं. ५.१९

कारागारबाट प्राप्त सुविधासम्बन्धी बन्दीहरूको धारणा

| **विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| निर्वाह हुन्छ | १० | २२.७ |
| पुग्दैन | ३० | ६८.२ |
| पुग्छ | ४ | ९.१ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

यस कारागारमा रहेका बन्दीहरूमध्ये ६८.२ प्रतिशतले कारागारबाट दिइएको सिधा सुविधाले दैनिक जीवनयापन गर्न नपुग्ने बताउँदछन् (तालिका नं. ५.१९) भने ९. १ प्रतिशतले यसबाट पुग्ने बताउँदछन् । २२.७ प्रतिशत बन्दीहरूले निर्वाह गरेर पुऱ्याउनुपर्ने धारणा राखे । यसरी हेर्दा तीनचौथाइ जति बन्दीहरू कारागारबाट दिइएको सिधा पैसाले नपुगे पनि जीवनयापन गरिरहेका छन् । यसतर्फ सरकारले खासै चासो राखेको देखिँदैन । हुन त खासगरी कारागारमा अहिले पैसाका रूपमा रु. ४५/- प्रतिदिन, सिधाको रूपमा ७०० ग्राम चामल प्रतिदिन र दुईजोडा जाडो र गर्मीयाममा लुगा दिने व्यवस्था छ । यसरी हेर्दा दैनिक चामल बाहेक सबै जुटाउन वाध्य छन् । बन्दीहरू जसलाई घरबाट केही सहयोग हुने गरेको छ उनीहरूलाई खासै समस्या नपरेको भए पनि धेरै बन्दीहरू यस्ता समस्याहरूको सामना गर्दै आफ्नो जीवन धानिरहेका छन् । यसरी उनीहरूलाई पैसाको अपर्याप्तता भए पनि सरकारले विशेष व्यवस्था गर्नसकेको अवस्था छैन । साथै अन्य संघ-संस्थाले पनि यस कारागारमा सहयोग गर्ने गरेको पाइएन ।

### ५.२.६ सिधा सुविधाले नपुग्नेहरूले कसरी गुजारा चलाएका छन् भन्ने धारणा

कारागारमा रहेका कुल ४४ जना बन्दीहरूमध्ये ४० जना अर्थात् ९१ प्रतिशतले उक्त सिधा, पैसाले नपुग्ने बताएका छन् । यसरी नपुग्ने भन्नेहरूले कसरी गुजारा चलाएका छन् वा वैकल्पिक स्रोत अरू केही छन् कि भनी प्रश्न गरिएको थियो ।

तालिका नं. ५.२०

सिधा पैसासम्बन्धी बन्दीहरूको धारणा

| **विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
| --- | --- | --- |
| घरबाट ल्याएर | ४ | १०.० |
| यही आय आर्जन गरेर | २६ | ६५.० |
| नपुगे पनि निर्वाह गरेर | १० | २५.० |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत : क्षेत्रगत अध्ययन, २०६८*

माथिको तालिका नं. ५.२० अनुसार कुल सिधा पैसाले नपुग्ने भन्ने ४० जना बन्दीहरूमध्ये २५ प्रतिशत बन्दीहरू उक्त सिधा पैसाले नपुगे पनि दुःखसुख गरेर जीवन धानिरहेको बताउँछन् । ६५ प्रतिशत बन्दीहरूले कारागारभित्रै आयमूलक कार्यहरू गरेर आफूलाई आम्दानी गरेको बताए । त्यसै गरी १० प्रतिशत बन्दीहरूले घरबाट ल्याएर गुजारा चलाएको जानकारी दिए । यस कारागारमा रहेका बन्दीहरूलाई आयआर्जनमा लाग्ने सीपमूलक तालिमको व्यवस्था मोढा बन्ने बाहेक अरू केही भएको देखिदैन । कारागारमा बस्ने बन्दीहरूलाई सरकार वा अन्य गैर सरकारी संघ-संस्थाहरूले विभिन्न सीपका तालिम चलाउन सके उनीहरूलाई त्यहाँ त्यसै बसेर दिन बिताउन परिररहेको अवस्थामा केही आय/आर्जन गर्नसक्ने थिए । यसबाट उनीहरू आफ्ना अत्यावश्यक सामग्री खरिद गर्न सक्दथे । साथै बाहिरका बन्दीका परिवारलाई केही सहयोग गर्न सक्ने थिए ।

### ५.२.७ कारागारमा बन्दीलाई दिइने शारीरिक यातनासम्बन्धी धारणा

कारागार भन्ने वित्तिकै आम मानिसको बुझाइमा कष्टकर हुन्छ । त्यहाँ बस्ने बन्दीहरूले ठूलो यातना भोग्नु पर्दछ भन्ने बुझाइ छ । यस अध्ययनको क्रममा कारागारमा रहेका बन्दीहरूलाई प्रहरी प्रशासन एवं कर्मचारीहरूको तर्फबाट कुनै शारीरिक यातना दिइन्छ कि दिइँदैन भन्ने विषयलाई बुझ्नका लागि प्रश्न गरिएको थियो । जसलाई तालिकाद्वारा प्रष्ट पार्ने प्रयास गरिएको छ ।

तालिका नं. ५.२१

कारागारमा बन्दीहरूलाई दिइने शारीरिक यातनासम्बन्धी धारणा

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| दिइन्छ | २ | ४.५ |
| दिइदैन | ४२ | ९५.५ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

मानिस प्राकृतिक रूपमानै सचेत वा चेतनशील प्राणी भएकोले शारीरिक पक्षभन्दा मानसिक पक्षको भूमिका स्वभाविक रूपमा बढी हुन्छ । त्यसैले मानिसको रूपान्तरणको निम्ति मानसिक रूपान्तरण विधि र प्रविधिको प्रयोग गर्नु जरुरी मानिन्छ । यसै सन्दर्भमा बन्दीहरूलाई दिइने परम्परागत शारीरिक यातनाबारे प्रश्न सोधिएकोमा शारीरिक यातना दिइँदैनमा ९५.४ प्रतिशत र दिइन्छ ४.५ प्रतिशत बन्दीको सङ्ख्या पाइयो । समग्र अध्ययनबाट शारीरिक यातनाको अवस्था नरहेको पाइयो ।

### ५.२.८ बन्दीहरूको समस्या समाधानप्रतिको धारणा

समाजमा बस्ने सबै सदस्यहरूले समय-समयमा आउने समस्याहरूलाई समाधान गर्दै अगाडि बढ्ने गरेजस्तै पर्वत जिल्ला कारागारलाई पनि एउटा समाज मानेर त्यहाँभित्र रहेका बन्दीहरूले आफूले भोग्नु परेका समस्याहरूको समाधान कसरी गर्दछन् साथै कसरी समस्या समाधान हुने गरेको छ भन्ने विषयलाई विश्लेषण गर्न

उनीहरूलाई समस्या समाधानका उपायहरूको प्रश्न सोधिएको थियो । जसको विवरण तल उल्लेख गरिएको छ ।

तालिका नं. ५.२२

समस्या समाधान गर्ने तरिकासम्बन्धी विवरण

| **विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| प्रशासन समक्ष भनेर | ३० | ६८.१ |
| आफू-आफू मिलेर | १४ | ३१.९ |
| **जम्मा** | ४४ | **१००** |

*स्रोत : क्षेत्रगत अध्ययन, २०६८*

समस्या समाधान गर्ने क्रममा बन्दीहरू प्रशासन समक्ष भनेर र आफू-आफू मिलेर गर्ने गरेको पाइयो । यसरी हेर्दा दुई तिहाइभन्दा बढी अर्थात् ६८ प्रतिशत बन्दीहरू आफूलाई परेको समस्या प्रशासन समक्ष जाहेर गरेर समाधान गर्ने गर्दछन् भने ३१.९ प्रतिशत बन्दीहरू आफू-आफू मिलेर समाधान गर्ने गर्दछन् । यसरी हेर्दा एकै ठाउँमा दिनरात बस्ने गरे पनि सबै बन्दीहरू एकापसमा आफू-आफू मिलेर समस्या समाधान गर्ने एकदम न्यून पाइयो । कारागार भन्दा बाहिरको हाम्रो समाजका सबै सदस्यहरू एकै हुन सक्दैनन् । साथै सबैले सबैको समस्या पीरमर्का बुझ्ने गरेको पाइँदैन । समाजभित्र पनि मानिसको छुट्टै-छुट्टै समूह वा जालो हुने गरेको छ । यसरी यस कारागारमा पनि सबै बन्दीहरू एकापसमा नजिक रहेर एकअर्काको पीरमर्का बुझ्ने गरेको पाइएन । यसो हुनुको पछाडि उमेर, विचार आदिले प्रभाव पारेको हुन सक्दछ ।

## ५.२.९ बन्दीहरूको स्वास्थ्यसम्बन्धी विवरण

व्यक्तिगत स्वास्थ्य सरसफाइसम्बन्धी जानकारी भएका र नभएका साथै वरिपरिको वातावरण स्वास्थ्यको लागि प्रतिकूल भए/नभएकोले पनि स्वस्थ हुने वा अस्वस्थ हुने गर्दछ । यसरी हेर्दा यो पर्वत जिल्ला कारागार भौतिक रूपमा दयनीय अवस्थामा रहेको छ । जेलभित्र एकै ठाउँमा बन्दीहरू रहनुपर्ने अवस्था रहेको छ । यसरी बस्दा एक जनाको सरुवा रोग अन्यलाई सर्ने गरेको बन्दीहरू बताउँदछन् ।

शौचालयको अवस्था नाजुक रहेको, जेलभित्र जाडोमा कोठाहरूमा राम्रोसँग घाम नछिर्ने आदि जस्तो भौतिक वातावरण रहेकोले यहाँका बन्दीहरू पटक-पटक बिरामी हुने गरेको बन्दीहरू बताउँछन् । यसरी बिरामी पर्दा उनीहरूले प्रशासनले कस्तो दृष्टिकोणले हेरेको रहेछ भन्ने प्रश्न गरिएको थियो ।

तालिका नं. ५.२३

बन्दीहरू बिरामी पर्दा प्रशासनसम्बन्धी उनीहरूको धारणा

| **विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| प्रशासनले ध्यान दिन्छ | ३५ | ७९.५ |
| प्रशासनले ठीकै ध्यान दिन्छ | ३ | ६.८ |
| प्रशासनले हेर्दैन | ४ | ९.० |
| थाहा छैन | २ | ४.५ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

तालिका नं. ५.२३ अनुसार ७९.५ प्रतिशत बन्दीहरूको भनाइ बिरामी हुँदा प्रशासनले हेर्ने गरेको छ भने ९ प्रतिशत बन्दीहरूले बिरामी पर्दा प्रशासनले हेर्दैन भन्ने बन्दीहरूको भनाइमा कति पटक प्रशासनलाई भनियो तर यहाँ उपचार हुन नसक्ने कुरा बाहिर लान सकेको छैन भन्ने गरेका छन् । त्यसै गरी ठीकै ध्यान दिन्छ भन्नेमा ६.८ प्रतिशत छन् । थाहा छैन भन्नेमा ४.५ प्रतिशत छन् । थाहा छैन भन्नेहरू भर्खर कारागारमा आएका र बिरामी नपरेकोले पनि यस्तो तथ्याङ्क आएको छ ।

## ५.२.१० कारागारका कर्मचारी र बन्दीहरू बीचको सम्बन्धसम्बन्धी धारणा

बन्दीहरूलाई हाम्रो समाजले हेर्ने दृष्टिकोण सकारात्मक हुन नसकेको तथ्य एकातिर छँदैछ । सामान्य जनताभन्दा केही माथिका मानिसहरू, जसले गल्ती हुनु भनेको मानवीय प्रवृत्ति हो, कहिलेकाहीँ चाहेर, नचाहेर गल्ती हुने गर्दछ, सबै मानिसले सदैव गल्ती गर्दैन भन्ने बुझ्नसक्ने मानिसहरूले पनि बन्दीहरूलाई सदैव खराब मानिसको रूपमा लिने गरेको पाइन्छ । कर्मचारीले अरूप्रति गर्ने व्यवहारमा उसको

सामाजिक सांस्कृतिक इतिहासको प्रभावले फरक पार्दछ । यसरी हेर्दा के भन्न सकिन्छ भने कुनै पनि व्यक्तिको हरेक कार्य उसमा रहेको ज्ञान र चेतनाले निर्धारण गर्दछ । तर यहाँ बन्दीहरूप्रति कर्मचारीले गर्ने व्यवहार कस्तो हुने भन्ने विषयमा एक पक्षमात्र निर्धारक नभएर दुवै पक्षको भूमिका रहेको हुन्छ । कर्मचारीको व्यक्तित्व साथै कर्मचारीप्रति बन्दीहरूको धारणा दुवै कुराले उनीहरूको व्यवहार र सम्बन्धमा प्रभाव पार्दछ । यिनै तथ्यहरूलाई उल्लेख गर्ने क्रममा यस कारागारका बन्दीहरूले कर्मचारीहरूसँग भएको सम्बन्धलाई कसरी लिएका छन् भन्ने विश्लेषण तलको तालिकामा गरिएको छ ।

तालिका नं. ५.२४

कारागारका कर्मचारी र बन्दीहरू बीचको सम्बन्धसम्बन्धी धारणा

| **विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| राम्रो | २० | ४५.४ |
| ठीकै | २१ | ४७.७ |
| नराम्रो | ३ | ६.९ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

बन्दी र कर्मचारीबीचको सम्बन्ध कस्तो छ भनी हेर्दा ४७.७ प्रतिशत बन्दीहरू यसलाई सामान्य किसिमको व्यवहार भन्दछन् भने ४५.४ प्रतिशत बन्दीहरू यसलाई राम्रो सम्बन्ध रहेको मान्दछन् । ६.९ प्रतिशत बन्दीहरू यसलाई नराम्रो मान्दछन् । यस आधारलाई मानेर हेर्ने हो भने ९३.१ प्रतिशत बन्दीहरू यस व्यवहारलाई सामान्य मानेका छन् भनेमात्र ६.८ प्रतिशत बन्दीहरू नराम्रो मान्दछन् । यसो हुनुमा बन्दीहरूको कर्मचारीप्रतिको धारणा सकारात्मक नभएकोले पनि कर्मचारीहरूले उसप्रति नराम्रो व्यवहार गरेको हुन सक्दछन् ।

### ५.२.११ कारागारको व्यवस्थापन र समस्याबारेमा कारागारका बन्दीहरूको धारणा

नेपालका प्रायः कारागारहरू अर्कै प्रयोजनका लागि बनाइएका र पछि कारागारका रूपमा चलन वा प्रयोग गर्दै आएको पाइन्छ । भौतिक रूपमा कमजोर

अवस्थामा रहेका नेपालका कारागारहरूमा क्षमताभन्दा बढी बन्दीहरू पनि राख्ने गरिएको पाइएको छ । यस्तै कारागारको रूपमा रहेको पर्वत जिल्ला कारागार पनि २०४३ सालमा निर्माण गरिएको र हालसम्म पनि खासै मर्मत/सुधार नगरिएको अवस्थामा रहेको यसको भौतिक अवस्था सुधार गर्नुपर्ने देखिन्छ भने सामान्य सुविधाहरू जुन बन्दीहरूको क्षमता वृद्धि गर्ने सुविधाहरू नरहेको अवस्था छ । यिनै तथ्यहरूलाई अध्ययन गर्न बन्दीहरूलाई कारागारको व्यवस्थापन र समस्याको बारेमा प्रश्न गरिएको थियो । जसलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५.२५

कारागार व्यवस्थापन र समस्याबारेमा बन्दीहरूको धारणा

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| भौतिक सुधार गर्नुपर्ने | २५ | ५६.८ |
| सिधा पैसामा वृद्धि गर्नुपर्ने | ११ | २५.० |
| रोजगारीको व्यवस्था गर्नुपर्ने | १ | २.२ |
| पत्रपत्रिका र मनोरञ्जनका साधन बढाउनुपर्ने | ४ | ९.१ |
| कानूनी शिक्षा र आध्यात्मिक ज्ञान दिनुपर्ने | ३ | ६.९ |
| **जम्मा** | **४४** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

यस कारागारमा रहेका समस्याहरूलाई हेर्दा मुख्य समस्याको रूपमा भौतिक समस्या रहेको छ । कुल बन्दीमा ५६.८ प्रतिशत बन्दीहरू कारागारको भौतिक सुविधा वृद्धि गर्नुपर्ने बताउँछन् भने सबैभन्दा कम २.२ प्रतिशत बन्दीहरू रोजगारीको व्यवस्था गर्नुपर्नेमा जोड दिन्छन् । ९.१ प्रतिशत बन्दीहरू पत्रपत्रिका र मनोरञ्जनका साधन बढाउनुपर्ने धारणा राख्छन् । ६.९ प्रतिशत बन्दीहरू कानूनी शिक्षा र आध्यात्मिक शिक्षा दिनुपर्ने बताउँदछन्  भने ३१.८ प्रतिशत बन्दीहरू सिधा र पैसा वृद्धि गर्नुपर्नेमा दोस्रो ठूलो समस्याको रूपमा उठान गर्दछन् । भौतिक समस्या मुख्य हुनुमा यस अवलोकनबाट पनि प्रष्ट भएको छ भने यहाँ बन्दीहरू बस्ने जम्मा तीनवटा कोठाहरू

मात्र छन् । तीनवटा कोठामा ४४ जना बन्दीहरू बसेका छन् । जहाँ २ जना महिला बन्दीहरू मात्र छन् । त्यहाँ महिलाहरूलाई मात्र एउटा कोठा छुट्टाउँदा दुईवटा कोठा ४२ जना बन्दी खचाखच एकै ठाउँमा बस्नु परेको अवस्था र थपघट भैरहँदा ६० जनासम्म कोच्चिनु परेको समस्या समेत बन्दीहरूले सुनाए । २०४३ सालमा निर्माण गरिएको यो कारागारमा हालसम्म संरचनात्मक कुनै परिवर्तन गरिएको छैन । सामान्य मर्मत/संभारमात्र गरिएको पाइयो । वर्षामा ठूलो पानी आउँदा पानी चुहिने समस्या रहेको र हिउँदमा टिनको छाना भएको हुँदा शीतपर्ने समस्या देखियो । सँगै रहेको मेसमा खाना पकाउँदा धुँवा हुने समस्या पनि देखियो । सुत्नेबेलामा खुट्टाखुट्टा जोडिएर सुत्नु वा एउटा सुत्दा अर्कोको मुखमा खुट्टा पुग्ने स्थिति भएको बन्दीहरू बताउँछन् । ४ वटा मात्र शौचालयहरूले बन्दीहरूको क्षमता धान्न नसकेको र बिहान उठ्दा लामो समयसम्म पालो कुर्नु पर्दा समस्या रहेको बन्दीहरूले बताए । स्नानगृहको व्यवस्था नभएका कारणले खुला रूपमा नुहाउनु पर्दा अत्यन्त अप्ठ्यारो महसुस भएको बन्दीहरूले सुनाए । यसरी हेर्दा यो कारागारलाई बन्दीगृह नभनेर यातनागृह भने हुन्छ । अन्य बन्दीहरू यसको भौतिक सुधार गर्नु भनेको असामान्य ठानी तत्काल सुधार गर्दा सुधार हुने समस्यालाई जोड दिएको पाइयो ।

## ५.३. जानकार व्यक्तिहरूको दृष्टिमा बन्दीहरूको व्यवहार, बन्दीहरूलाई दिइने सुविधा र प्रशासनिक अवस्था

यस अध्ययनका क्रममा कारागारमा रहेका जानकार व्यक्तिहरू कार्यालय प्रमुख जेलर, प्रहरी प्रमुख, लेखापाल, मानवअधिकारवादी पत्रकारहरूसँग प्रश्नावली पद्धति मार्फत् बन्दीहरूको व्यवहार र उनीहरूलाई प्रदान गरिएको सुविधाको साथै प्रशासनिक कमी-कमजोरी र कठिनाइहरू के कस्तो छ भनी बुझिएको थियो । बन्दीको बारेमा जानकार व्यक्तिहरूको दृष्टिमा यहाँ रहेको परिस्थितिलाई छुट्टाछुट्टै हेर्दा कुन पक्षबाट यसलाई कसरी लिइएको छ भन्ने कुरा बुझ्न सकिन्छ । यसरी कारागारमा बन्दीहरूको एकापसको अन्तरक्रियाको साथै आफू र बन्दीहरूको बीचको अन्तरक्रियालाई उनीहरू सकारात्मक रूपमा लिएका छन् भने बन्दीहरूलाई दिइने सुविधाको हकमा कारागार

ऐनले व्यवस्था गरेको सुविधा प्रदान गरिएको तर बन्दीहरूमा सीपको अभावमा दिन त्यसै बिताउनु परेको साथै अन्य सिधा, पैसा मार्फत् उनीहरूले जीवन गुजार्न परेको समस्या बताउँदछन् । त्यस्तै अन्य मनोरञ्जनका साधन के कति र कस्ता उपलब्ध गराइएका छन् भन्ने सम्बन्धमा बन्दीहरू र जानकार व्यक्तिहरूमा कुनै तात्त्विक फरक पाइएको छैन । कारागारको मुख्य समस्याको रूपमा जानकार व्यक्तिहरू पनि यसको भौतिक अवस्था नै बताउँछन् । यसरी हेर्दा पर्वत जिल्ला कारागारको मुख्य समस्या भवनहरूको पुर्नव्यवस्थित गर्नु, कारागारका बन्दीहरूका लागि कोठाहरू व्यवस्थित गर्दै नयाँ थप गर्नु, स्नानगृहहरू निर्माण गर्नुपर्ने, बन्दीको अनुपातमा शौचालय थप्नुपर्ने, यस्तो भौतिक अवस्था हुँदाहुँदै पनि क्षमताभन्दा बढी बन्दी राख्नु परेको उनीहरू बताउँछन् । दरबन्दी अनुसारको कर्मचारी पनि उपलब्ध नहुने गरेको गुनासो जेलरले भने । उनीहरूको विचारमा यस कारागारलाई बन्दीगृह एउटा सुधारगृहको रूपमा विकास गर्नको लागि मुख्य रूपमा नयाँ भवन निर्माण गर्नुपर्ने जसको सम्बन्धित निकायमा माग समेत गरिसकिएको छ । सीपमूलक तालिमको व्यवस्था हुनुपर्ने, मनोरञ्जनका साधनहरू वृद्धि गरिनुपर्ने, औषधी उपचार गर्नका लागि पर्याप्त बजेट दिइनुपर्ने साथै बन्दीका बच्चाको लागि उचित शिक्षादीक्षाको व्यवस्था गर्नुपर्ने र मानसिकतामा प्रभाव नपर्ने खालको उचित स्याहार संभार गर्नुपर्ने प्रमुख रहेका छन् ।

# अध्याय : छ

# सारांश, निष्कर्ष र सुझाव

## ६.१ अध्ययनको सारांश

कारागार मानव समाजको अत्यावश्यक एकाइ भएकोले यसको सुधार बन्दीहरूको अपराध नियन्त्रण, निषेध र सकारात्मक बाटोमा पहलकदमी गराउनका लागि बन्दीहरूलाई मानवीय व्यवहार गर्नुपर्ने, कारागारमा सोही अनुसारको भौतिक, सामाजिक, सांस्कृतिक वातावरण निर्माण गर्नुपर्ने हुन्छ । यिनै मानवीय संवेदनलाई केन्द्रमा राखी "**पर्वत जिल्ला कारागार र बन्दीहरूको सामाजिक, आर्थिक अवस्थाको अध्ययन**" शीर्षक छनोट गरी अनुसन्धानको प्रक्रिया अगाडि बढाइएको यो शोधपत्रमा मुख्यतः दुईवटा उद्देश्यमा केन्द्रित गरिएको छ । कारागारमा रहेका बन्दीहरूको सामाजिक र आर्थिक पक्षको विश्लेषण गरिएको छ भने बन्दी जीवन पद्धति र कारागार व्यवस्थापनसम्बन्धी अध्ययन गरी विश्लेषण गरिएको छ ।

बन्दीहरूको अपराधप्रतिको दृष्टिकोण र समग्र कारागारको समाज बुझ्ने उद्देश्यका साथ गरिएको यो अनुसन्धान मानवीय संवेदनाको कोणबाट हेर्दा अत्यन्त आवश्यक, महत्त्व र औचित्यपूर्ण छ । अझ हालसम्म कारागारसम्बन्धी अध्ययन अनुसन्धान नभइरहेको अवस्थामा यो अध्ययनले आफैंमा ऐतिहासिक र विशिष्ट भूमिका निर्वाह गर्ने छ । स्नातकोत्तर तहको उपाधि हासिल गर्नका लागि आठौं पत्रको परिपूर्तिको सन्दर्भमा समय, जनशक्ति, र आर्थिक अभावको कारणले सीमित गरिएको यस अध्ययन पर्वत जिल्ला कारागारका ४४ बन्दीमा सीमित रहेर गरिए पनि नेपालभरिका प्रायः कारागारलाई सामान्यीकरण गर्न महत्त्वपूर्ण सहयोग गर्नेछ । अनुसन्धान प्रक्रियामा सघन विधिलाई आधार बनाइ अगाडि बढाइएको यस अध्ययन वर्णनात्मक र अन्वेषणात्मक ढाँचाको छ । तथ्याङ्कको स्रोतमध्ये प्राथमिक स्रोतलाई बढी जोड दिइएको छ जसले गर्दा अनुसन्धान बढी यथार्थपरक र वैज्ञानिक रहोस् भनी सामग्री सङ्कलनका प्राथमिक स्रोतमा प्रश्नावली, अवलोकन र छलफल विधिको उपयोग

गरिएको छ भने द्वितीय स्रोतहरूमा प्रकाशित र अप्रकाशित लेख, रचना र पुस्तकहरू समाविष्ट गरिएको छ ।

प्रस्तुत शोधपत्रमा १ परिचय, २. पूर्व साहित्यको सिंहावलोकन, ३. अनुसन्धान विधि, ४. सामाजिक र आर्थिक अवस्थाको अध्ययन, ५. बन्दीहरूको जीवन पद्धति र कारागार व्यवस्थापनसम्बन्धी विश्लेषण र ६. सारांश, निष्कर्ष र सुझाव विभाजन गरिएका छ वटा अध्यायहरूलाई सारांशमा प्रस्तुत गरिएको छ ।

अध्याय एकको परिचय अन्तर्गतको शीर्षकमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, समस्याको निक्यौंल, अध्ययनको उद्देश्य, अध्ययनको महत्त्व, शव्दावलीको परिभाषा र अध्ययनको सीमाहरू राखिएको छ । यसै गरी अध्याय दुईको सम्बन्धित पूर्व साहित्यको सिंहावलोकन अन्तर्गत सैद्धान्तिक पुनरावलोकन र सम्बन्धित पूर्व साहित्यको सिंहावलोकन दुई शीर्षकहरू समावेश गरिएको प्रस्तुत अध्यायमा दुई उपशीर्षक समेत समावेश गरिएको छ । जसमा अपराध र अपराधका सिद्धान्त रहेका छन् । अध्याय तीनको अनुसन्धान विधिमा यो शोधपत्रलाई छनौट गर्नुको औचित्य, कुन-कुन विधिद्वारा शोधपत्र तयार गरिन्छ, यसका आधारहरू के-के हुन् भनी देहायका विभिन्न शीर्षकहरू राखिएको छ । जसमा अध्ययनको क्षेत्र, अध्ययन क्षेत्रको छनोटको औचित्य, अनुसन्धानको ढाँचा, तथ्याङ्क स्रोत एवं प्रकृति, नमूना छनोट, तथ्याङ्क सङ्कलन विधिका उपशीर्षकहरूमा अन्तर्वार्ता, व्यक्तिगत अध्ययन पद्धति, प्रश्नावली पद्धति, अवलोकन पद्धति, छलफल विधिका साथै तथ्याङ्कको विश्लेषण एवं प्रस्तुतीकरण समावेश गरिएको छ ।

अध्याय चारमा बन्दीहरूको सामाजिक र आर्थिक अवस्था बारेको शीर्षक अन्तर्गत बन्दीहरूको सामाजिक अवस्था र आर्थिक अवस्थालाई अनुसन्धान गरी पुष्टि हुने खालका उपशीर्षकहरू चयन गरिएको छ । ती उपशीर्षकहरूमा सम्बन्धित स्थलगत भ्रमण गरी प्रश्नावलीका आधारमा आएका तथ्यहरूलाई समावेश गरिएको छ । जस अन्तर्गत सामाजिक अवस्थालाई पुष्टि गर्नको लागि समावेश गरिएका उपशीर्षकहरूमा बन्दीको उमेर, शैक्षिक अवस्था वैवाहिक स्थिति, बन्दीहरूको विवाह गर्दाको उमेर, बन्दीहरूको धार्मिक स्थिति, लिङ्गको आधारमा बन्दीहरूको विवरण, स्थानगत विविधताको आधारमा बन्दीहरूको विवरण, पारिवारिक किसिमको आधारमा

बन्दीहरूको विवरण, यसै गरी आर्थिक उपशीर्षक अर्न्तगत बन्दीहरूको पारिवारिक भूस्वामित्व, जमीनको अवस्थाबाट बन्दीहरूलाई खान पुग्ने/नपुग्ने, खान पुग्नेलाई कति समय पुग्ने, सवारीको स्वामित्व, पेशाको आधारमा बन्दीहरूको पहिचान, सन्तानको आधारमा बन्दीहरूको विश्लेषण, पढ्ने विद्यालयको किसिमका आधारमा बन्दीहरूको विवरण उल्लेख गरिएको छ ।

यसै गरी तथ्याङ्क प्रस्तुतीकरणको अन्तिम अध्याय अर्थात् अध्याय पाँचमा बन्दीहरूको जीवन पद्धति र कारागार व्यवस्थापनसम्बन्धी यस अध्यायमा खास गरिकन बन्दी जीवन पद्धति शीर्षक अर्न्तगतका उपशीर्षकहरुमा कारागारमा रहनुको कारण, बन्दीहरूले कसुर गर्नाको कारण, अदालतको निर्णयप्रति बन्दीहरूको धारणा, जेलमा समय बिताउने माध्यम, बन्दीहरूको अपराधको प्रकृति, परिवार/नातेदारबीचको अन्तरक्रिया, परिवार/नातेदार भेट्न आउने समयावधि, परिवार बन्दीलाई भेट्न नआउनुको कारण, एकापसको व्यवहार, बन्दीहरू कसरी दिनचर्या बिताएका छन्, आफ्नो जीवनशैलीबारे बन्दीहरूको धारणा, अपराधी प्रवृत्ति र मानव समाजको सम्बन्ध, कारागार पश्चात् बन्दीहरूको जीवन पद्धति, घरपरिवारमा परेको समस्या, कारागार पश्चात् भोग्नुपर्ने समस्याहरू रहेका छन् । यसै गरी कारागार व्यवस्थापन शीर्षक राखी प्रस्तुत शीर्षकलाई तथ्य सहित बुझ्नका लागि विभिन्न उपशीर्षकहरु समावेश गरिएको छ । यस अर्न्तगत बन्दी सङ्ख्या र जेलको अवस्था, बन्दीहरूको अपराधको प्रकृति, कारागारमा प्राप्त सुविधाबारे बन्दीहरूको धारणा, बन्दी सङ्ख्या र जेलको अवस्था, शौचालय र स्नानगृह प्रतिको धारणा, कारागारमा पुस्तकालय व्यवस्थाप्रतिको धारणा, सिधा सुविधाले नपुग्नेहरूले कसरी गुजारा चलाएका छन् भन्ने धारणा, समस्या समाधानप्रतिको धारणा, स्वास्थ्यसम्बन्धी विवरण, अपराधी प्रवृत्ति निराकरण र नियन्त्रणसम्बन्धी प्रशिक्षण, बन्दीका समस्यामा कर्मचारीप्रति उनीहरूको बुझाइ, कारागार कर्मचारी र बन्दीबीचको सम्बन्ध, कारागार व्यवस्थापन र समस्याबारे कारागारका बन्दीहरूको धारणा, कारागारमा बन्दीहरूलाई दिइने यातनासम्बन्धी धारणा, जानकार व्यक्तिहरूको दृष्टिमा बन्दीहरूको व्यवहार, बन्दीहरूलाई दिईने सुविधा र प्रशासनिक अवस्था जस्ता महत्त्वपूर्ण विषयहरू राखिएको छ ।

यसै गरी प्रस्तुत गरिएका पाँचैवटा अध्यायलाई सार संक्षेपमा उल्लेख गर्नका लागि यही अध्याय छ मा सारांश, निष्कर्ष र सुझावहरू उल्लेख गरी पहिलो सारांश भन्ने उपशीर्षकमा शोधपत्रको सार संक्षेप प्रस्तुत गरिएको छ। दोस्रो निष्कर्ष उपशीर्षक अन्तर्गत शोधपत्र तयार गर्दा देखिएको निष्कर्षलाई उल्लेख गरिएको छ भने अन्तिम सुझाव भन्ने उपशीर्षकमा यो शोधपत्र निर्माण पश्चात् कुन-कुन क्षेत्रलाई सुझाव दिनुपर्ने हो, त्यसको अध्ययन गरी सुझावहरू प्रस्तुत गरिएको छ।

## ६.२ निष्कर्ष

आजको एक्काइसौँ शताब्दीमा आइपुग्दासमेत हाम्रो देश जनताको जनजीविकाको समस्या र शान्ति सुरक्षा कायम राख्न नै तल्लीन छ। देशमा सजाय स्वरूप र आरोपित कसुरको अनुसन्धानमा कारागारमा जीवन बिताइरहेका बन्दीहरूको सामाजिक, आर्थिक स्थितिको अध्ययन र जीवन पद्धति र कारागार व्यवस्थापनलाई मुख्य उद्देश्य राखी गरिएको अध्ययनको निष्कर्ष निम्नानुसार रहेका छन्।

१. बन्दीहरू अन्य मुद्दामाभन्दा पनि ज्यानसम्बन्धी मुद्दामा परेकाहरू बढी छन् साथै कैदीको तुलनामा थुनुवाको सङ्ख्या बढी रहेको छ।

२. बन्दीहरू युवा अवस्थामा (१५–३४ वर्ष) अपराध गर्नेहरू बढी पाइएको छ। साथै वृद्ध अवस्थामा अपराध गर्ने बन्दीहरूको सङ्ख्या भने कम पाइएको छ।

३. अविवाहितको तुलनामा विवाहितको सङ्ख्या बढी रहेको छ साथै अन्य कारणभन्दा साथी संगतको कारण अपराध गर्ने बन्दीहरू बढी पाइएको छ।

४. धेरै बन्दीहरूको घरको वार्षिक आम्दानीले वर्षभरि खान नपुग्ने, केहीको जग्गा जमिन नभएको, भएको पनि ज्यादै न्यून भू-स्वामित्व भएको पाइएको छ।

५. आर्थिक अवस्था धेरै कमजोर भए पनि आर्थिक कारणबाट हुने अपराधको सङ्ख्या भने कम पाइएको छ।

६. कारागारबाट दिइने सुविधाले नपुग्नेहरू मध्ये केहीले त्यहीँ आयआर्जन गरेर र केहीले घरबाट मगाएर खर्च चलाएका छन्। आयमूलक सीप तालिमको व्यवस्था नभएकोले धेरै बन्दीहरू आफूलाई खर्च अभाव भए पनि त्यसै निर्वाह गरी दिन बिताउन वाध्य भएको पाइएको छ।

७. परिवार इष्टमित्रको नकारात्मक दृष्टिकोणका कारण केही बन्दीहरू घरपरिवारसँगको भेटमा वञ्चित छन् ।

८. बन्दीहरूको बीचको सम्बन्ध राम्रो रहेको र कारागारका कर्मचारीबीचको सम्बन्धलाई सामान्य किसिमको मान्ने बन्दीहरू बढी पाइएको छ ।

९. बन्दीहरूको मुख्य समस्याको रूपमा कारागारको भौतिक सुधार, नयाँ भवनको निर्माण, खानेपानी, शौचालय, स्नानगृह आदि रहेका छन्. ।

१०. बन्दीहरू कारागारबाट छुटेपछि बढीले कृषि कार्य नै गर्नेमा जोड दिएका छन् बाँकी केहीले नयाँ व्यवसाय अपनाएर जीवनयापन गर्ने सङ्कल्प लिइएको पाइएको छ ।

११. बन्दीहरूको आफ्नो घरमा अनुपस्थितिको कारण मुख्य रूपमा आर्थिक समस्या परेको बताउँछन् ।

१२. हाम्रो समुदायका सदस्यहरूको बन्दीहरूप्रति हेर्ने दृष्टिकोण र धारणाले गर्दा समुदायप्रति बन्दीहरू बढी मात्रामा सशंकित छन् ।

## ६.३ सुझावहरू

अध्ययनबाट प्राप्त ज्ञानका आधारमा जिम्मेवार तथा जवाफदेही पक्षसँग सम्बन्धित रहने गरी सचेतनापूर्ण बुझाइ र कार्यान्वयनको पक्षमा जोड दिनका निम्ति हार्दिक अनुरोध गर्दै निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

१. कारागारको भौतिक अवस्था दयनीय देखिन्छ । त्यसकारण नयाँ भवन निर्माण जतिसक्दो चाँडो गर्नु आवश्यक छ ।

२. बन्दीहरूलाई सिधा र पैसा समयानुसार नपुग्ने देखिन्छ । सम्बन्धित निकायले ध्यान दिइ वृद्धि गर्नतर्फ लाग्नुपर्ने देखिन्छ ।

३. मुद्दाको प्रकृति र उमेरअनुसार पनि बन्दीहरुलाई छुट्टाछुट्टै राख्नुपर्ने व्यवस्था गर्न उचित हुन्छ ।

४. देवानी र फौजदारी मुद्दाका बन्दीहरूलाई यथासम्भव छुट्टै राखिनु पर्दछ ।

५. रोगी बन्दीलाई पनि सकभर छुट्टै राख्ने व्यवस्था गर्नु पर्दछ ।

६. पुर्पक्षमा रहेका बन्दीहरूको मुद्दाको किनारा जतिसक्दो चाँडो गरिनु पर्दछ ।

७. नेपाल सरकार वा गैर सरकारी संस्थाले कारागारभित्र सीपमूलक तालिम दिइ खेर गैरहेको श्रमलाई काममा ल्याइ त्यहाँबाट उत्पादित वस्तुलाई बजारको व्यवस्था गरिनु पर्दछ ।

८. कारागारमा बन्दीहरूलाई मानसिक तथा शारीरिक सन्तुलन कायम राख्न खेलकुदका सामग्री साथै पत्रपत्रिकामा वृद्धि गरिनु पर्छ ।

९ हाम्रो समाजले बन्दीहरुलाई हेर्ने दृष्टिकोण र व्यवहारमा परिवर्तन ल्याउनु पर्दछ ।

१०. भोलि कारागारबाट निस्किएपछि ऊ पनि असल नागरिक भएर जीवन बिताउन सक्छ भन्ने धारणाको विकास गरिनु पर्दछ ।

११. मानवीय संवेदनात्मक पक्षसँग सम्बन्धित प्रशिक्षण, छलफल जस्ता विभिन्न विधि र प्रविधिको माध्यमबाट बन्दीहरूको अपराधिक मानसिकताको रूपान्तरणका निम्ति विशेष जोड दिनुपर्ने देखिन्छ ।

१२. बन्दीहरूको सङ्ख्याका आधारमा भौतिक व्यवस्थापन विशेष गरी उपयुक्त बसाइ सुताइको व्यवस्था मिलाउनु पर्दछ ।

१३. गरीब कमजोर बन्दीहरूको खाना, स्वास्थ्य उपचार सेवामा विशेष ख्याल गर्नु पर्दछ।

१४. परिवारका सदस्यहरू तथा आफन्तहरूले भेटका अवसरमा भविष्यप्रति आशावादी, उत्साहित हुने किसिमको व्यवहार गर्नु पर्दछ ।

१५. मानवअधिकारवादी सामाजिक संघ-संस्थाहरूले आफूले सञ्चालन गरेका कार्यक्रमको उपलब्धिबारे विशेष सचेत हुनु पर्दछ ।

## अनुसूची १

## पर्वत जिल्ला कारागार र बन्दीहरूको सामाजिक आर्थिक अवस्थाको अध्ययनका लागि बन्दीहरूलाई सोधिएका

## प्रश्नावलीहरू

उत्तर दाताको नाम थर ..........................................

ठेगाना .................................................................

१ लिङग......... क) पुरुष ख) महिला

२ तपाईंको उमेर कति भयो ?....................................

३ वैवाहिक स्थिति.........

क) अविवाहित ख) विवाहित

ग) विदुर घ) सम्बन्ध बिच्छछेद

४ तपाईंको शैक्षिक अवस्था के हो ?

क) साक्षर ख) निरक्षर

५ तपाईंले कुन तह सम्म पास गर्नु भयो ?

क) साधारण लेखपढ ख) प्रा. वि. ग) नि. मा. वि.

घ) मा. वि. ङ) उ.मा.वि. च) उच्च तह

६ तपाईंले कति वर्षमा विवाह गर्नु भयो?

उत्तर=

७ तपाईंले कुन धर्म मान्नुहुन्छ ?

क) हिन्दु ख) वौद्ध ग) किश्चियन

घ) इस्लामिक ङ) अन्य

८ तपाईंको जात कुन हो ?

उत्तर=

९ तपाईंको जग्गा कति छ (रोपनीमा) ?

क) खेत ............................... रोपनीमा

ख)बारी.................................. रोपनीमा

ग) अन्य ............................................

१० तपाईंको उब्जनीले कति समयसम्म खान पुग्छ ?

क) पुग्छ ख) पुग्दैन

११ तपाईं कुन अपराधमा जेल पर्नु भएको हो ?

क) ज्यान सम्वन्धी ख) जीउ मास्ने बेच्ने सम्वन्धी

ग) चोरी सम्वन्धी घ) लागु औषधि ङ)अन्य

१२ तपाईं यहाँ रहनुको कारण के हो ?

क)अदालतको फैसला अनुसार ख) अदालतको धरौटी वुझाउन नसकेर

ग) मुद्दा चल्दैछ घ) अन्य

१३ तपाईंको पेसा के थियो ?

क) जागिर ख) कृषि ग) व्यापार घ) अन्य

१४ तपाईंको औसत मासिक आम्दानी कति थियो ?

क) ५०० भन्दा कम ख) ५०० देखी १००० सम्म

ग) १००० देखि ५००० सम्म घ) ५००० देखि १०००० सम्म

ङ) १०००० देखि २०००० सम्म च) सो भन्दा माथि

१५ तपाईंको परिवार कुन किसिमको छ ?

क) एकल ख) संयुक्त घ) अन्य

१६ सवारी साधन छ कि छैन ?

क) छ ख) छैन

१७ सवारी साधन भएमा के छ ?

क)साइकल ख) मोटर साइकल

ग) कार घ) बस ङ)अन्य

१८ छोरा छोरीको अवस्था के छ ?

क) छन् ख) छैनन्

१९ तपाईंका छोराछोरी कुन किसिमको विद्यालय अध्ययन गर्दैछन् ?

क) सार्वजनिक ख) सरकारी

२० तपाई कुन मितिमा जेल पर्नु भएको हो ?

उत्तर =

२१ अदालतले तपाईँलाई गरेको निर्णय प्रति तपाईँको विचार के छ ?

उत्तर =

२२ यदि कसुर गरेको ठान्नु हुन्छ भने किन यस्तो कसुर गर्नु भयो ?

क) पैसा कमाउनका लागि ख) इज्जतको लागि

ग) सिकाएर घ) होस नभएर

ङ) रिसइवी च) अन्य

२३ तपाईंले कसुर गर्दा कति वर्षको हुनुहुन्थ्यो ?

उत्तर=

२४ तपाईंले मुद्दामा वकिल राख्नु भएको छ ?

क) छ ख) छैन

२५ तपाइलाई जेलबाट दिइने सिधा र पैसाले पुग्छ वा पुग्दैन ?

क) पुग्छ ख) पुग्दैन

२६ यदि पुग्दैन भने कसरी प्रबन्ध गर्नुहुन्छ ?

क) घरबाट ल्याएर ख) आय आर्जन गरेर

ग) निर्वाह गरेर घ) अन्य

२७ यहाँ के गरेर समय बिताऊनु हुन्छ ?

क) खेलेर ख) सुतेर ग) पढेर

घ) आयमुलक काम गरेर ङ) अन्य

२८ यहँ कुनै समस्या भए कसरी समाधान गर्नुहुन्छ ?

क) प्रशासनसंग भनेर ख) बन्दी-बन्दीबाट सल्लाह गरेर

ग) अन्य

२९ बिरामी परेको अवस्थामा उपचार हुन्छ ?

क) हुन्छ ख) हुँदैन

३० के तपाइलाई परिवार र इष्टमित्रसँग भेट हुन्छ ?

क) हुन्छ ख) हुँदैन

३१ तपाईँलाई परिवार र इष्टमित्र कति कति समयमा भेट्न आउँदछन् ?

क) ख)

३२ तपाइलाई भेट्न परिवार/इष्टमित्र नआउनुको कारण के हो ?

क) ख)

३३ अन्य बन्दीहरूको व्यवहार कस्तो छ ?

क) राम्रो ख) ठिकै ग) नराम्रो

३४ तपाइका समस्या कारागार सँग सम्वन्धीत व्याक्तिले के गर्दछन् ।

क) सुन्नु हुन्छ ख) सुन्नु हुँदैन ग) भेट्नै पाइदैन

३५ कारागारका अधिकारीसँग तपाइको व्यावहार कस्तो छ ?

क) राम्रो ख) ठिकै ग) नराम्रो

३६ तपाईं जेल पर्दा परिवारले भोग्नु परेको समस्या के होला ?

उत्तर :

३७ तपाईं कारागारबाट छुटेपछि के गर्नुहुन्छ ?

उत्तर :

३८ तपाईंले व्यवस्थापन र समस्याप्रति केही भन्नु छ कि ?

उत्तर

३९ तपाईं यो अवस्थामा किन पर्नुभयो ?

क) परिवार सदस्य ख) साथीको सङ्गतले ग) अन्य

४० सफासुग्घर खाना नुवाइ धुवाइको अवस्था के छ ?

क) राम्रो ख) नराम्रो ग) झाराटार प्रकृति

घ) अन्य

४१ लाइब्रेरीको व्यवस्था कस्तो छ ?

क) छ ख) छैन

४२ मनोरञ्जनका साधन एवं व्यवस्था कस्तो छ ?

क) राम्रो ख) मध्यम ग) नराम्रो घ) अन्य

४२ सिपमूलक तालिमको व्यवस्था कस्तो छ ?

क) नियमित छ ख) छैन ग) देखाउनको लागि मात्र

४३ उत्पादित सामानको बजारको व्यवस्था कस्तो छ ?

क) छ ख) छैन

४४ सबैभन्दा वढी समय के मा बिताउनु हुन्छ ?

उत्तर

४५ बन्दीको संख्या अनुसार जेलको अवस्था तपाईंले कस्तो मान्नु हुन्छ ?

क) क्षमता भन्दा बढी ख) क्षमता अनुसार

४६ कारागारमा शौचालय र शयनकक्षको अवस्था कस्तो छ ?

क) काम गरिरहेको छ ख) राम्रो ग) नराम्रो

४७ तपाईंहरूलाई शारीरिक यातना यहाँ दिइन्छ कि दिइदैन ?

क) दिइन्छ ख) दिइदैन

४८ तपाईंको जीवनशैली बारे केही भन्नु छ कि ?

क) सुधार भएको छ ख) उस्तै हो ग) झन खस्कदो छ

४९ तपाईंले गरेको अपराध प्रति तपाईंकलाई कुनै पश्चताप छैन ?

क) छ ख) छैन ग) अनुत्तरित

५० अपराधी प्रवृति र मानव समाज बीचको सम्बन्ध कस्तो हुन्छ ?

क) अस्तव्यस्त हुन्छ ख) ठिकै हुन्छ ग) अनुत्तरित

## अनुसूची २

## पर्वत जिल्ला कारागार र बन्दीहरूको

## सामाजिक आर्थिक अवस्थाको

## अध्ययनका लागि जानकार व्यक्तिहरूका लागि

## सोधिएका प्रश्नावलीहरू :

नाम थर..........................................................................................

पद..................................................................................................

ठेगाना............................................................................................

१ तँपाइको विचारमा बन्दीहरूको व्यवहारमा मित्रतापन भेटिन्छ ?

क) भेटिन्छ ख) भेटिदैंन

२ के नयाँ र पुराना बन्दीहरूको सम्बन्ध कस्तो छ ?

क) राम्रो छ ख) राम्रो छैन

३ बन्दीहरूले पालना गर्नु पर्ने निर्देशनमा कसो गर्छन ?

क) पालना गर्छन ख) पालना गर्दैनन्

४ उनीहरूलाई मासिक कति रासन तथा पैसा दिइन्छ ?

उत्तर :

५ बन्दीहरूलाई दिएको रासन र पैसाले निर्वाह हुन्छ ?

क) हुन्छ ख) हुँदैन

६ जेलमा बन्दीहरूलाई सुविधाको सामान हुन्छ कि हुँदैन ?

क) हुन्छ ख) हुँदैन

७ बन्दीहरू एउटा कोठामा कति जना वस्छन् ?

उत्तर :

८) बन्दीका बच्चाहरूको निम्ति यहा कस्तो व्यवस्था छ ?

उत्तर :

९ बन्दीहरू वस्दा समाचारमूलक एवं मनोरन्जनमूलक कार्यकम गर्न पाउंछन् कि पाउदैनन् ?

क) पाउँछन् ख) पाउँदैनन्

१०	बन्दीहरू यहा के गरेर समय विताउछन ?

११	बन्दीहरूसंग समय समयमा भेटघाट वा कुराकानी हुन्छ ?

क) हुन्छ	ख) हुँदैन

१२	औषधि एवं चिकित्सकको निःशुल्क उपलब्ध हुन्छ ?

क) हुन्छ	ख) हुँदैन

१३	तपाईंले बन्दीहरूका मुख्य समस्या के देख्नु हुन्छ ?

उत्तर :

१४	यहाँ काम गर्दा तपाईंलाई परेको मुख्य समस्या के हो ?

उत्तर :

१५	परिवार र इस्टमित्रले वन्दीलाई भेट्न पाउछन् ?

क) पाउछन्	ख) पाउदैनन्

१६	भेट्न आउँदा ल्याएको चिज दिन पाउँछन ?

क) पाउँछन्	ख) पाउँदैनन्

१७	बन्दीहरूको सम्बन्धमा र जेलको वातावरण र व्यवहारवारे तपाइँको कस्तो विचार छ ?

क) राम्रो	ख)नराम्रो	ग) ठिकै

१८	अन्त्यमा तपाईंका अरु केही भन्नु छ कि ?

उत्तर :

## अनुसूची – ३

### पर्वत कारागारमा रहेका बन्दीहरू संलग्न मुद्दाका प्रकारहरू (२०६८ चैत्र ११)

| क्र.स. | विवरण |
|---|---|
| १ | कर्तव्य ज्यान |
| २ | जबर्जस्ती करणी |
| ३ | सैनिक ऐन |
| ४ | गो-बध |
| ५ | चोरी डकैती |
| ६ | लागु औषधि |
| ७ | ज्यान उद्योग |
| ८ | बहु विवाह |
| ९ | मानव बेचबिखन |
| १० | गर्भपतन |

***

## **Bibliography** (सन्दर्भग्रन्थ सूची)


Adwani, N. H. (1978). *Prespective on Adult Crime & Cocrection*. New Delhi, Abhinav Published.

Bhattachan, K. B. (2041). *Nepali Women in Prison,* Kirtipur: CNAS.

Durkheim, E. (1959). *The rules of the Sociological Mathod.* Illinois: Glencoe.

Eysenck H. J.(1970). *Crime & Personality*, Londan: Granda Press.

Feierabend (1972). *Anger Voilence and Polities*. New Jersey: Prentice- Hall, Inc. Englewood Cliff.

Goddard H. H (1914). *Feeble Mindedness & the Casuses of Crime*, the Macmillan Co.

Greenberg, D. F. (1995). *Age Crime and Social Explandation*. American Journal of Sciology Vol. 91 No.1, New York University.

Hoffeman, Bustomonte (1973). *The nature of Female Criminality*. Issues in Criminilogy. Vol. 8 Fall.

Kenny C. S. (1966). *Outlines of Criminal Law.* Tripathi, Bombay.

Klein, D. (1973). *The Etiology of Female Crime a Review of Literature*, Issues in Criminology.

Lombroso, C. & Ferrero, W. (1899). *The Female Offender*. 288, 85 New York; D. Appleton.

Parsons, T. (1954). *Family Structure & the Socialization of thec Child* . The Free process of Glencoe.

Sutherland E. H. & C.D. (1960). *Principale of Criminology* . 7 th J.P. Lipincott: Philadelphia.

Thomas, W. I. (1967). *The Unad Justed Girl.* New York : Harper and Row.

Wolfgang, M. E & J. N. (1970). *The Sociology of Crime & Delinquency*. New York.

अनौपचारिक क्षेत्र सेवा केन्द्र *"जेल र बन्दीहरू"* मानवअधिकार वर्ष पुस्तक (१९९५) काठमाडौँ इन्सेक ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र *"जेल र बन्दीहरू"* मानवअधिकार वर्ष पुस्तक (१९९७) काठमाडौँ इन्सेक ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र *"जेल र बन्दीहरू"* मानवअधिकार वर्ष पुस्तक (२०१०) काठमाडौँ : इन्सेक ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र *"जेल र बन्दीहरू"* मानवअधिकार वर्ष पुस्तक २०११ काठमाडौँः इन्सेक ।

आचार्य, माधवप्रसाद, अपराधशास्त्र (२०५१), काठमाडौँ; रत्न पुस्तक भण्डार ।

कान्तिपुर दैनिक, (२९ मंसिर २०५५)

कारागार व्यवस्थापन विभाग (२०५३), *कारागार व्यवस्थापन कार्यविधि निर्देशिका,* काठमाडौँः गृह मन्त्रालय ।

कारागार व्यवस्थापन विभाग (२०६१), *कारागार व्यवस्थापन कार्यविधि निर्देशिका,* काठमाडौँः गृह मन्त्रालय ।

गुरागाईं, गोपाल, कारागारभित्र कारागार (२०५४), *अनौपचारिक क्षेत्र सेवा केन्द्र,* काठमाडैँः इन्सेक ।

नेपाल महिला संगठन, *महिला न्यायीक सेवा परियोजना* (२०४६), कारागारमा जवान कैदीहरूः काठमाडैँ नेपाल ।

नौलो घुम्ती, नेपाल शिक्षामूलक *'सन्देश पुस्तिका'* (वि.सं. २०६६) ।

प्याकुरेल, सुशील, (२०५४), *कारागार भित्रको कारागार,* काठमाडौँः इन्सेक ।

प्रधानाङ्ग, रन्जित भक्त (२०५०), *नेपाली फौजदारी कानूनको सामान्य परिचय* ।

बघेल डा. डी.एस., अपराध शास्त्र (सन् १९८६) ।

भण्डारी, डिल्लीराम (२०४७), *कारागार सुधार समिति, २०४७ को अन्तिम प्रतिवेदन*।

माथेमा, सत्यभामा, कैदीहरूले पाउने चौखण्डी कृपा हो कि अधिकार ? पाम बुलेटिन (२०५०) । बन्दी सहायता नियोग, काठमाडौं; वर्ष ९ अंक १–२ पाम ।

श्रेष्ठ, अनिल कुमार दोलखा जिल्ला कारागारको समाजशान्त्रीय अध्ययन । *समाजशास्त्र, मानवशास्त्र विभाग त्रि.वि.वि. २०५६ ।*

**संविधान, ऐन र नियमहरू**

- *कारागार ऐन, २०१९*
- *नेपाल अधिराज्यको संविधान, २०४७*
- *मुलुकी ऐन, २०२०*
- *मुलुकी ऐन, १९१०*
- *सार्वजनिक सुरक्षा ऐन, २०१८*
- *सैनिक ऐन, २०१६*

**पत्रपत्रिकाहरू**

- *कान्तिपुर दैनिक, मंसिर २९, २०५५*
- *हिमालय टाइम्स दैनिक, वैशाख २३, २०५४*
- *आजको समाचारपत्र दैनिक, माघ ९, २०५५*
- *आजको समाचारपत्र दैनिक, मंसिर २०, २०५५*
- *देशान्तर साप्ताहिक, पौष ९, २०५५*
- *सगरमाथा दैनिक, भाद्र २१, २०५३*